# स्थानीय तहको शिक्षा क्षेत्र योजना

आर्थिक वर्ष २०८३।२०८४ देखि २०८७।२०८८

**(पाँच वर्षे शिक्षा योजना )**


लेकवेशी नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

## शिक्षा, युवा तथा खेलकुद शाखा

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

**स्वीकृत मितिः**
**प्रकाशन मिति** : २०८३

**संरक्षक तथा सल्लाहकार**

उमेश कुमार पौडेल, नगर प्रमुख
विमला खड्लुक, नगर उप-प्रमुख
महेन्द्र कुमार शर्मा, प्रमुख प्रशासकीय अधिकृत

**शिक्षा योजना निर्माण समिति (नगर शिक्षा समिति)**

श्री उमेश कुमार पौडेल - नगर प्रमुख- लेकवेशी नगरपालिका सुर्खेत -अध्यक्ष
श्री विमला खड्लुक - नगर उप प्रमुख- लेकवेशी नगरपालिका सुर्खेत -सदस्य
श्री बखत वहादुर खड्का - प्रमुख प्रशासकीय अधिकृत- लेकवेशी नगरपालिका सुर्खेत- सदस्य
श्री प्रतिमान वाकावल - सामाजिक विकास समिति संयोजक - सदस्य
श्री लिलाराम अधिकारी - कार्यपालिका सदस्य - सदस्य
श्री लिलमति विक - कार्यपालिका सदस्य - सदस्य
श्री बल बहादुर खड्का - समाजसेवी - सदस्य
श्री तिर्थ प्रसाद पौडेल – प्रध्यानाध्यापक, माध्यमिक विद्यालय - सदस्य
श्री ललिता कुमारी दर्लामि- प्रध्यानाध्यापक, आधारभुत विद्यालय - सदस्य
श्री चन्द्र बहादुर राना - सामुदायिक विद्यालय विव्यस अध्यक्ष - सदस्य
श्री लोक वहादुर नेपाली - शिक्षक महासंघ अध्यक्ष - सदस्य
श्री भुवन सिं गेलाङ्ग - संस्थागत विद्यालय - सदस्य
श्री पहलमान अधिकारी - शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

**योजना निर्माण कार्यदल**

श्री पहलमान अधिकारी - शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - संयोजक
श्री चन्द्र बहादुर राना - विद्यालय व्यावस्थापन समिति,महासंघ अध्यक्ष - सदस्य
श्री राम बहादुर शाही - विद्यालय व्यावस्थापन समिति, अध्यक्ष, मावि नेटा - सदस्य
श्री लोक बहादुर नेपाली - अध्यक्ष, महासंघ अध्यक्ष - सदस्य
श्री हरि प्रसाद सापकोटा - सचिव,शिक्षक महासंघ लेकवेशी नगरपालिका - सदस्य
श्री तीर्थ प्रसाद पौडेल - प्रध्यानाध्यापक,जीवनज्योती मावि दशरथपुर - सदस्य
श्री दुर्गा प्रसाद गौतम - प्रध्यानाध्यापक मावि लेखफर्शा - सदस्य
श्री नारायणदत्त तिवारी - प्रध्यानाध्यापक, सरस्वती मावि कल्याण- सदस्य
श्री जंग बहादुर दर्लामी - प्रध्यानाध्यापक मावि चौरासे- सदस्य
श्री राम बहादुर खत्री - शिक्षक,जीवनज्योती मावि दशरथपुर- सदस्य
श्री भानुभक्त पौडेल - शिक्षक,जीवनज्योती मावि दशरथपुर- सदस्य
श्री दिपक घिमिरे- शिक्षक , मावि चौरासे - सदस्य
श्री रामलाल आचार्य - प्रध्यानाध्यापक, मावि पुलटार- सदस्य
श्री भानुदत्त पौडेल -निवृत्त शिक्षक- सदस्य
श्री धनबहादुर आचार्य- विद्यालय कर्मचारी, जीवनज्योती मावि दशरथपुर - सदस्य
श्री निरत बहादुर टंलामी - शिक्षक, मावि कुइनेपानी- सदस्य
श्री प्रेम प्रकाश हुञ्चिङ्ग - शिक्षक, सरस्वती मावि कल्याण- सदस्य

श्री रीता पौडेल -शिक्षक, नेरा मावि चुनियापानी- सदस्य
श्री ललित जंग शाही, कारखाना समूह, कर्णाली प्रदेश प्रतिनिधि - सदस्य
सदस्य सचिव : गोविन्द गौतम , प्राविधिक सहायक, शिक्षा, युवा तथा खेलकुद शाखा

**प्राविधिक सहयोग**
कर्णाली सिकाई समूह
जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण (CSE), कारखाना समूह

**प्रकाशकः** लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**ईमेलः** ito.lekbeshimun@gmail.com
**Website**: www.lekbeshimun.gov.np
**प्रकाशन वर्षः** २०८३
**सर्वाधिकारः** लेकवेशी नगरपालिकामा सुरक्षित

लेकवेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

## नगर प्रमुखको भनाइ

लेकवेशी नगरपालिकाको समग्र शैक्षिक विकास, गुणस्तरीय सिकाइ तथा सबै बालबालिकाको शिक्षामा समान पहुँच सुनिश्चित गर्ने उद्देश्यका साथ "लेकवेशी नगरपालिकाको नगर शिक्षा योजना (२०८३/०८४ देखि २०८७/०८८)" तर्जुमा गरिएकोमा हामी अत्यन्त हर्षित छौं । नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरद्वारा प्रकाशित "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)" लाई आधार मानी यो पाँच वर्षे शिक्षा योजना निर्माण गरिएको हो ।

शिक्षा क्षेत्रको दिगो सुधार, समावेशी तथा गुणस्तरीय शिक्षाको प्रवर्द्धन, प्रविधिमैत्री सिकाइ वातावरण निर्माण, शिक्षक क्षमता विकास, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा बालमैत्री शैक्षिक वातावरण निर्माणमा यस योजनाले महत्वपूर्ण मार्गनिर्देशन गर्ने विश्वास लिएका छौं। साथै, नगरपालिकाभित्र रहेका सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्राप्त गर्ने अवसर सुनिश्चित गर्दै दक्ष, सक्षम, सिर्जनशील तथा जिम्मेवार नागरिक उत्पादन गर्नु यस योजनाको प्रमुख लक्ष्य रहेको छ ।

यस योजना निर्माण प्रक्रियामा कर्णाली सिकाई समूह सदस्य संस्था किडार्क नेपाल, जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण परियोजनाका प्रतिनिधिहरू, नगर शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अभिभावक तथा सम्पूर्ण सरोकारवालाहरूको महत्वपूर्ण सहयोग र सहभागिता रहेको छ । यसका लागि सम्पूर्ण सहयोगी निकाय तथा व्यक्तित्वहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

अन्त्यमा, यस शिक्षा योजनाको प्रभावकारी कार्यान्वयन मार्फत लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रलाई थप व्यवस्थित, गुणस्तरीय, समावेशी तथा उपलब्धिमूलक बनाउन सबै पक्षबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्दछौं ।

.................................

**उमेश कुमार पौडेल**
**नगर प्रमुख**
लेकवेशी नगरपालिका, सुर्खेत

लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## नगर उप-प्रमुखको भनाइ

गुणस्तरीय, समावेशी तथा जीवनोपयोगी शिक्षाको विकासमार्फत समृद्ध समाज निर्माण गर्ने उद्देश्यले लेकवेशी नगरपालिकाले "नगर शिक्षा योजना (आर्थिक वर्ष २०८३/०८४ देखि २०८७/०८८)" तयार गरेकोमा खुसी व्यक्त गर्दछु । शिक्षा क्षेत्रको वर्तमान अवस्था, चुनौती, आवश्यकता तथा सम्भावनाको विश्लेषण गर्दै तयार गरिएको यस योजनाले नगर भित्रको समग्र शिक्षा प्रणालीलाई व्यवस्थित र प्रभावकारी बनाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ ।

नेपाल सरकारद्वारा जारी "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)" लाई आधार बनाई तयार गरिएको यस योजनाले बालबालिकाको सिकाइ उपलब्धि अभिवृद्धि, विद्यालय पहुँच विस्तार, लैङ्गिक तथा सामाजिक समावेशिता, शिक्षक क्षमता विकास, प्रविधिको प्रयोग तथा विद्यालय व्यवस्थापन सुधारमा विशेष जोड दिएको छ ।

यस योजना निर्माण प्रक्रियामा प्राविधिक सहयोग प्रदान गर्नुहुने कर्णाली सिकाई समूह सदस्य संस्था तथा जवाफदेही शिक्षाका लागि नागरिक समाज सशक्तीकरण परियोजनाका प्रतिनिधिहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु । साथै, योजना निर्माणमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा योगदान गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूलाई हार्दिक आभार व्यक्त गर्दछु ।

यस योजनाको सफल कार्यान्वयनबाट लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्र थप सुदृढ, प्रभावकारी र परिणाममुखी बन्ने विश्वास लिएको छु ।

..................................

**विमला खड्लुक**

**नगर उप-प्रमुख**

लेकवेशी नगरपालिका, सुर्खेत

लेकवेशी नगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
कल्याण, सुर्खेत
कर्णाली प्रदेश, नेपाल

# प्रमुख प्रशासकीय अधिकृतको भनाइ

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रलाई योजनाबद्ध, उत्तरदायी तथा परिणाममुखी बनाउने उद्देश्यले "नगर शिक्षा योजना (आर्थिक वर्ष २०८३/०८४ देखि २०८७/०८८)" निर्माण गरिएकोमा खुसी व्यक्त गर्दछु । शिक्षा क्षेत्रको समग्र सुधार तथा गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि दीर्घकालीन सोचका साथ तयार गरिएको यस योजनाले नगरपालिकाको शैक्षिक विकासलाई स्पष्ट दिशा प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु ।

नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा प्रकाशित "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)" को आधारमा तयार गरिएको यस योजनामा विद्यालय शिक्षाको पहुँच, गुणस्तर, समावेशिता, प्रविधिमैत्री सिकाइ, शिक्षक व्यवस्थापन तथा संस्थागत सुदृढीकरण लगायतका विषयलाई प्राथमिकताका साथ समेटिएको छ ।

यस योजना निर्माण कार्यमा प्राविधिक सहजीकरण तथा सहयोग गर्नुहुने सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक धन्यवाद व्यक्त गर्नुका साथै यस योजनाको प्रभावकारी कार्यान्वयनमार्फत नगरपालिकाको शिक्षा क्षेत्र थप व्यवस्थित, गुणस्तरीय तथा उपलब्धिमूलक बन्ने विश्वासका साथ सम्पूर्ण पक्षबाट आवश्यक सहयोग र सहकार्यको अपेक्षा गर्दछु ।

..................................
**महेन्द्र कुमार शर्मा**
**प्रमुख प्रशासकीय अधिकृत**
लेकवेशी नगरपालिका, सुर्खेत

लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

## नगर शिक्षा प्रमुखको भनाइ

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रको समग्र विकास, गुणस्तरीय सिकाइ सुनिश्चितता तथा समावेशी शिक्षा प्रवर्द्धन गर्ने उद्देश्यका साथ "नगर शिक्षा योजना (आर्थिक वर्ष २०८३/०८४ देखि २०८७/०८८)" निर्माण गरिएकोमा अत्यन्त खुसी लागेको छ। स्थानीय आवश्यकता, शैक्षिक अवस्था, चुनौती तथा सम्भावनाको विश्लेषणका आधारमा तयार गरिएको यस योजनाले आगामी पाँच वर्षका लागि शिक्षा क्षेत्रको मार्गदर्शन गर्नेछ ।

नेपाल सरकार, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरबाट प्रकाशित "स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण २०८१)" र "स्थानीय तहको शिक्षा योजना विश्लेषण फ्रेमवर्क" लाई आधार मानी तयार गरिएको यस योजनामा विद्यालय पहुँच, सिकाइ उपलब्धि, शिक्षक क्षमता विकास, प्रविधिमैत्री शिक्षण, विद्यालय व्यवस्थापन सुदृढीकरण तथा बालमैत्री वातावरण निर्माणलाई विशेष प्राथमिकता दिइएको छ ।

यस योजना निर्माणमा प्राविधिक सहयोग प्रदान गर्नुहुने कर्णाली सिकाई समूह, कारखाना समूहका प्रतिनिधिहरूप्रति विशेष धन्यवाद व्यक्त गर्दछु। साथै, योजना निर्माण प्रक्रियामा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शिक्षक, प्रधानाध्यापक, अभिभावक, जनप्रतिनिधि तथा सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

यस योजनाको सफल कार्यान्वयनमार्फत लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रलाई थप गुणस्तरीय, समावेशी, प्रविधिमैत्री तथा उपलब्धिमूलक बनाउन महत्वपूर्ण योगदान पुग्ने विश्वास व्यक्त गर्दछु ।

..................................

**पहलमान अधिकारी**

**प्रमुख शिक्षा अधिकृत**

लेकवेशी नगरपालिका, सुर्खेत

# विषयसूची


नगर प्रमुखको भनाइ ........ ३
नगर उप-प्रमुखको भनाइ ........ ४
प्रमुख प्रशासकीय अधिकृतको भनाइ ........ ५
नगर शिक्षा प्रमुखको भनाइ ........ ६
परिच्छेद : १ ........ १
परिचय ........ १
१.१ पृष्ठभूमि ........ १
१.२ शिक्षा योजना निर्माणको आवश्यकता........ १
१.३ शिक्षा योजना निर्माणको औचित्य........ २
१.४ शिक्षा योजना निर्माणका आधार ........ ३
१.५ शिक्षा योजना निर्माण प्रक्रिया ........ ३
१.६ नगरपालिकाको संक्षित परिचय ........ ४
१.७ शैक्षिक क्षेत्रको अवसरको विश्लेषण ........ ९
क) मुख्य समस्या........9
ख) मुख्य चुनौती ........9
ग) मुख्य अवसर........10
परिच्छेदः २ ........ ११
दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण........ ११
२.१ शिक्षा योजना निर्माण गर्दा अबलम्बन गरिएका आधारहरू........ ११
२.२ दूरदृष्टि ........ १२
२.३ लक्ष्यः ........ १२
२.४ उदेश्यः........ १३
२.५ रणनीति, कार्यनीति, र अपेक्षित उपलब्धिहरु........ १३
२.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः........ १६
परिच्छेदः ३........ १८
शिक्षाका मुख्य उपक्षेत्रहरू ........ १८
३.१ प्रारम्भिक बालविकास र शिक्षाः ........ १८
३.१.१ वर्तमान अवस्था ........ १८
३.१.२ उद्देश्य........ १८
३.१.३ रणनीति ........ १८
३.१.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ १९
३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ २०
३.२ आधारभूत शिक्षाः........ २२
३.२.१ वर्तमान अवस्था ........ २२
३.२.२ उद्देश्य........ २४
३.२.३ रणनीति ........ २४
३.२.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ २५

३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ २५
३.३ माध्यमिक शिक्षा........ २७
३.३.१ वर्तमान अवस्था ........ २७
३.३.२ उद्देश्यहरू........ २८
३.३.३ रणनीति ........ २८
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ २९
मुख्य उपलब्धिः ........ 29
मुख्य नतिजा........ 29
३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........ २९
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम........ ३१
३.४.१ वर्तमान अवस्था ........ ३१
३.४.२ उद्देश्य........ ३१
३.४.३ रणनीति ........ ३२
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ ३२
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३३
३.५ अनौपचारिक शिक्षार आजीवन सिकाइ ........ ३३
३.१.१ वर्तमान अवस्था ........ ३३
३.५.२ उद्देश्य........ ३४
३.५.३ रणनीति ........ ३४
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ ३४
परिच्छेदः ४........ ३६
अन्तरसम्बन्धित विषय तथा क्षेत्रह ........ ३६
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्रीतथा मूल्याङ्कन........ ३६
४.१.१ वर्तमान अवस्था ........ ३६
४.१.२ उद्देश्य........ ३७
४.१.३ रणनीति ........ ३७
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ ३७
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ३८
४.२ शिक्षक व्यवस्थापन र विकास ........ ३९
४.२.१ वर्तमान अवस्था ........ ३९
४.२.२ उदेश्य........ ४०
४.२.३ रणनीति ........ ४०
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........ ४१
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ४१
४.३ शैक्षिक समता र समावेशीकरण........ ४३
४.३.१ वर्तमान अवस्था ........ ४३
४.३.२ उद्देश्य........ ४४

४.३.३ रणनीतिहरूः ........................................................................................................................ ४४
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........................................................................................................ ४५
मुख्य उपलब्धिः ..........................................................................................................................45
मुख्य नतिजाः..............................................................................................................................45
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................................................... ४५
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम ......................................................................................... ४६
४.४.१ वर्तमान अवस्था ........................................................................................................................ ४६
४.४.२ उद्देश्य : ..................................................................................................................................... ४८
४.४.३ रणनिति ...................................................................................................................................... ४८
४.४.४ उपलब्धि तथा नतिजा : ................................................................................................................. ४९
मुख्य उपलब्धिः ..........................................................................................................................49
मुख्य नतिजा...............................................................................................................................49
४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य....................................................................................... ४९
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता...................................................................... ५०
४.५.१ वर्तमान अवस्था ........................................................................................................................ ५०
४.५.२ उदेश्य........................................................................................................................................ ५१
४.५.३ रणनिती ...................................................................................................................................... ५१
४.५.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि ........................................................................................... ५२
मुख्य उपलब्धिः ..........................................................................................................................52
मुख्य नतिजा...............................................................................................................................52
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ................................................................................................... ५४
४.६.१ वर्तमान अवस्था ........................................................................................................................ ५४
४.६.२ उद्देश्य ...................................................................................................................................... ५४
५.६.३ रणनिती ..................................................................................................................................... ५४
४.६.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि............................................................................................ ५५
४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................................................... ५५
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ........................................................................................... ५६
४.७.१ वर्तमान अवस्था ........................................................................................................................ ५६
४.७.२ उद्देश्यः ..................................................................................................................................... ५७
४.७.३ रणनीतिहरू................................................................................................................................. ५७
५.७.४ उपलब्धी र नतिजा ....................................................................................................................... ५७
*मुख्य नतिजा*...............................................................................................................................58
४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ...................................................................................... ५८
परिच्छेदः ५.................................................................................................................................... ६०
सुशासन तथा व्यवस्थापन ................................................................................................................. ६०
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ........................................................................... ६०
५.१.१ वर्तमान अवस्था ........................................................................................................................ ६०
५.१.२ उद्देश्य ...................................................................................................................................... ६१
५.१..३ रणनीतिहर................................................................................................................................. ६१

५.१.४ उपलब्धिर नतिजा ................................................................................................ ६१
मुख्य नतिजा.....................................................................................................................61
५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........................................................................ ६२
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध......................................................................... ६३
५.२.१ वर्तमान अवस्था .................................................................................................... ६३
५.२.२ उद्देश्य ................................................................................................................ ६३
५.२.३ रणनीतिहरू .......................................................................................................... ६३
५.२.४. प्रमुख उपलब्धि तथा नतिजा ..................................................................................... ६३
मुख्य नतिजा.....................................................................................................................63
५.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य........................................................................ ६४
परिच्छेद: ६ ..................................................................................................................... ६६
लगानी र स्रोत व्यवस्थापन................................................................................................... ६६
६.१ वर्तमान अवस्था ...................................................................................................... ६६
६.२ उद्देश्य .................................................................................................................. ६६
६.३ रणनीतिहरू............................................................................................................. ६६
६.४. प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................... ६६
६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ......................................................................... ६७
६.७ योजनाकोवर्षिक बजेट तर्जुमा प्रक्रिया ............................................................................... ६८
उपक्षेत्रगत बजेट अनुमान तालिका ........................................................................................ ६९
परिच्छेद: ७..................................................................................................................... ७०
अनुगमन तथा मूल्यांकन ..................................................................................................... ७०
७.१ वर्तमान अवस्था ...................................................................................................... ७०
७.२ उद्देश्य .................................................................................................................. ७१
७.३ रणनीतिहरू............................................................................................................. ७१
७.४. प्रमुख उपलब्धि तथा नतिजा ....................................................................................... ७१
७.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ......................................................................... ७१

# परिच्छेद : १
# परिचय

## १.१. पृष्ठभूमि

नेपालको संघीय शासन प्रणाली कार्यान्वयनसँगै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम आधारभूत तथा माध्यमिक तहको शिक्षा सम्बन्धी अधिकार स्थानीय तहमा हस्तान्तरण भएको छ । यस व्यवस्थाले शिक्षा क्षेत्रका नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने प्रमुख जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । यस सन्दर्भमा लेकवेशी नगरपालिकाले आफ्नो भौगोलिक अवस्था, सामाजिक संरचना, आर्थिक अवस्था तथा स्थानीय सांस्कृतिक विविधतालाई समेट्दै शिक्षा क्षेत्रको समग्र विकासका लागि समय सापेक्ष र आवश्यकता-आधारित शिक्षा योजना तयार गर्नु अपरिहार्य भएको छ ।

नेपालको संविधानको धारा ३१ ले प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने मौलिक हक सुनिश्चित गरेको छ । साथै प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत र माध्यमिक शिक्षा, अनौपचारिक, खुला तथा वैकल्पिक शिक्षा, निरन्तर सिकाइ, सामुदायिक तथा विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना निर्माण, कार्यान्वयन, नियमन तथा मूल्याङ्कन गर्ने दायित्व स्थानीय तहमा निहित रहेको छ । यसैगरी अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत समुदायका नागरिकलाई कानुन बमोजिम निःशुल्क शिक्षा तथा मातृभाषामा शिक्षा प्राप्त गर्ने अधिकार पनि संविधानले सुनिश्चित गरेको छ ।

संविधानको अनुसूची – ८ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद–३, दफा ११ (२) 'ज' मा व्यवस्था भए अनुसार स्थानीय तहलाई शिक्षा क्षेत्र सम्बन्धी कार्य, कर्तव्य र अधिकार प्रभावकारी रूपमा कार्यान्वयन गर्ने जिम्मेवारी प्रदान गरिएको छ । सोही संवैधानिक तथा कानुनी व्यवस्थाको परिप्रेक्ष्यमा लेकवेशी नगरपालिकाले नगर क्षेत्र भित्रको समग्र शिक्षा क्षेत्रको विकास, व्यवस्थापन र सुधारका लागि यो शिक्षा क्षेत्र योजना तर्जुमा गरेको हो । यस योजना मार्फत नगरपालिकाको शिक्षा क्षेत्रका दीर्घकालीन लक्ष्य, उद्देश्य, प्राथमिकता, रणनीति तथा कार्यदिशा स्पष्ट गरिएको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले परिकल्पना गरेको समतामूलक, समावेशी, गुणस्तरीय तथा जीवनोपयोगी शिक्षाको लक्ष्यलाई यस योजनाले आत्मसात गरेको छ । शिक्षामा सबै नागरिकको सहज पहुँच, गुणस्तर सुधार, सिकाइ उपलब्धि अभिवृद्धि, प्रविधिमैत्री शिक्षण सिकाइ, प्रतिस्पर्धी जनशक्ति उत्पादन तथा स्थानीय आवश्यकता अनुरूपको शैक्षिक व्यवस्थापनलाई सुदृढ बनाउने उद्देश्यले यो योजना तयार गरिएको हो । संघीय संरचना अनुसार स्थानीय तहमा शिक्षा प्रशासनलाई थप प्रभावकारी, उत्तरदायी र नतिजामुखी बनाउँदै नागरिकको शिक्षा प्राप्तिको मौलिक हक सुनिश्चित गर्नु यस योजनाको मूल आधार हो ।

शिक्षामा पहुँच, सहभागिता, समता, गुणस्तर तथा सुशासन सुनिश्चित गरी अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न शिक्षा क्षेत्र योजना अत्यन्त महत्वपूर्ण साधनको रूपमा रहेको छ । यसै सन्दर्भमा विद्यालय शिक्षा क्षेत्र योजना २०८०–२०८४, स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन, २०७९ (परिमार्जित संस्करण, २०८१) तथा स्थानीय आवश्यकता, समस्या र सम्भावनालाई आधार मानी लेकवेशी नगरपालिकाको स्थानीय तह शिक्षा क्षेत्र योजना (२०८३–२०८७) तर्जुमा गरिएको हो ।

## १.२. शिक्षा योजना निर्माणको आवश्यकता

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य (SDGs), विद्यालय शिक्षा सम्बन्धी विद्यमान ऐन, कानुन तथा राष्ट्रिय आवधिक योजनाहरूले विद्यालय शिक्षालाई राष्ट्रिय प्राथमिकताको विषयका रूपमा स्थापित गरेका छन् । यी नीतिगत तथा कानुनी व्यवस्थाहरूलाई

संघीय शासन प्रणाली अनुसार प्रभावकारी रूपमा कार्यान्वयन गर्दै स्थानीय आवश्यकता र सन्दर्भ अनुकूल शिक्षा क्षेत्रको समग्र विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा शिक्षा योजना निर्माण अपरिहार्य भएको छ।

नेपालको संविधानको अनुसूची - ८ अनुसार आधारभूत तथा माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार क्षेत्र भित्र पर्दछ। साथै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले शिक्षा सम्बन्धी विभिन्न अधिकार र जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ भने दफा २४(१) ले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने कानुनी दायित्व स्पष्ट गरेको छ। यस परिप्रेक्ष्यमा लेकवेशी नगरपालिकाले आफ्नो स्थानीय शैक्षिक अवस्था, आवश्यकता, चुनौती, सम्भावना र प्राथमिकतालाई आधार बनाएर शिक्षा योजना तर्जुमा गर्नु अत्यावश्यक भएको छ।

वर्तमान समयमा विज्ञान, प्रविधि, सूचना तथा सञ्चार क्षेत्रमा भइरहेको तीव्र विकास तथा सामाजिक, आर्थिक परिवर्तनलाई आत्मसात् गर्दै सृजनशील, सक्षम, उत्तरदायी र समाज रूपान्तरणमा योगदान गर्न सक्ने नागरिक उत्पादन गर्नु विद्यालय शिक्षाको मूल उद्देश्य हो। यस उद्देश्यको प्राप्तिका लागि शिक्षाको पहुँच, गुणस्तर, समता, समावेशिता, सान्दर्भिकता तथा प्रभावकारितामा समयानुकूल सुधार आवश्यक देखिन्छ। त्यसैले योजनाबद्ध, परिणाममुखी र दीर्घकालीन दृष्टिकोण सहित स्थानीय शिक्षा योजना निर्माण गर्नु आवश्यक भएको हो।

विद्यालय शिक्षामा विद्यमान आर्थिक, सामाजिक तथा भौगोलिक असमानताका कारण विपन्न, सीमान्तकृत, अपाङ्गता भएका, जोखिममा रहेका तथा सुविधाविहीन बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न अझै चुनौती रहेको छ। प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै गुणस्तरीय, सुरक्षित र समावेशी शिक्षाको वातावरण निर्माण गर्न स्थानीय तहको सक्रिय भूमिका आवश्यक हुन्छ। यसका लागि विद्यालय पूर्वाधार सुदृढीकरण, शिक्षक पेशागत विकास, प्रविधिमैत्री शिक्षण–सिकाइ, शैक्षिक सुशासन तथा सिकाइ उपलब्धि सुधारमा केन्द्रित एकीकृत शिक्षा योजना आवश्यक देखिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा तर्जुमा गरिएको विद्यालय शिक्षा क्षेत्र योजना (SESP) तथा प्रदेशस्तरीय शिक्षा योजनासँग सामञ्जस्य कायम गर्दै लेकवेशी नगरपालिकाको यथार्थ शैक्षिक अवस्था, स्थानीय आवश्यकता र विकास प्राथमिकतालाई समेटेर शिक्षा क्षेत्रको समग्र सुधारका लागि यो शिक्षा योजना निर्माण गरिएको हो।

## १.३. शिक्षा योजना निर्माणको औचित्य

संघीय शासन प्रणाली अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा निर्माण हुने शिक्षा योजनाहरूबीच नीतिगत सामञ्जस्य, लम्बीय (Vertical) तथा क्षितिजीय (Horizontal) समन्वय सुनिश्चित गर्नु शिक्षा योजना निर्माणको प्रमुख औचित्य हो। शिक्षा क्षेत्रका साझा लक्ष्य, नीति तथा कार्यक्रमहरूलाई तीनै तह बीच समन्वित ढङ्गले कार्यान्वयन गर्न स्थानीय तहको शिक्षा योजना महत्वपूर्ण माध्यमका रूपमा रहेको छ।

यस योजना मार्फत संघ र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय, प्राविधिक तथा संस्थागत स्रोत–साधनलाई योजनामा आधारित, पारदर्शी, उत्तरदायी र प्रभावकारी ढङ्गले व्यवस्थापन, परिचालन तथा उपयोग गर्न सकिनेछ। यसले स्रोत साधनको दोहोरोपन, कार्यक्रमगत अभाव, प्राथमिकताविहीन लगानी तथा परिचालनमा देखिने असक्षमता जस्ता समस्याहरूलाई न्यूनीकरण गर्न मद्दत पुऱ्याउनेछ।

साथै, विद्यालय शिक्षा क्षेत्रमा साझा विषयहरूमा लागत साझेदारी, अन्तर–सरकारी समन्वय, सहकार्य र साझेदारीलाई प्रभावकारी बनाउँदै शैक्षिक सुशासनलाई संस्थागत गर्न यस योजनाको विशेष औचित्य रहेको छ। यसले नगरपालिका भित्रका विद्यालयहरूमा स्रोत वितरणको समानता, सेवा प्रवाहको प्रभावकारिता तथा गुणस्तरीय शिक्षाको पहुँच विस्तारमा सहयोग पुऱ्याउने अपेक्षा गरिएको छ।

लेकवेशी नगरपालिकाको स्थानीय सन्दर्भ, भौगोलिक विविधता, सामाजिक संरचना तथा शैक्षिक चुनौतीहरूलाई सम्बोधन गर्दै समावेशी, गुणस्तरीय, उत्तरदायी र दिगो शिक्षा प्रणाली विकास गर्नु यस योजनाको मूल औचित्य हो। यस योजनाले नगरपालिकाको समग्र मानव विकास, सामाजिक रूपान्तरण र स्थानीय समृद्धिमा दीर्घकालीन योगदान पुऱ्याउने विश्वास लिइएको छ।

## १.४. शिक्षा योजना निर्माणका आधार

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्र योजना तर्जुमा गर्दा नेपालको विद्यमान संवैधानिक, कानुनी, नीतिगत तथा योजनागत प्रावधानहरूलाई मूल आधारका रूपमा ग्रहण गरिएको छ । यस योजना निर्माणको प्रमुख उद्देश्य स्थानीय तहको शिक्षा प्रणालीलाई समावेशी, गुणस्तरीय, उत्तरदायी तथा दिगो बनाउँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धतासँग समन्वय गर्नु रहेको छ ।

यस योजनाको तर्जुमा प्रक्रियामा निम्न आधारभूत दस्तावेज, नीति तथा मार्गनिर्देशनहरूलाई मुख्य सन्दर्भ सामग्रीका रूपमा उपयोग गरिएको छः

१. नेपालको संविधान
२. सोह्रौँ आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७६/२०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ तथा प्रचलित विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली र निर्देशिकाहरू
६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) तथा सिकाइ आपूरण र द्रुत सिकाइ योजना
७. राष्ट्रिय शिक्षा नीति, २०७६ तथा शिक्षाको सोचपत्र, २०७९
८. विद्यालय शिक्षामा समता रणनीति
९. दिगो विकास लक्ष्य (SDGs) राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा निर्देशिका, २०७८
११. स्थानीय तहको विकास योजना तथा मध्यमकालीन खर्च संरचना
१२. राष्ट्रिय जनगणना, २०७८ को प्रतिवेदन
१३. विद्यालय सुधार योजना (SIP) तथा नमूना विद्यालय विकास योजना
१४. स्थानीय तहको शिक्षा योजना विश्लेषण रूपरेखा (CSE द्वारा विकसित)
१५. सरकारी तथा गैरसरकारी संघसंस्थाद्वारा सञ्चालित शिक्षासम्बन्धी कार्यक्रम, प्रतिवेदन तथा सिकाइ दस्तावेजहरू

यसका अतिरिक्त, शिक्षा क्षेत्रलाई अन्य विकास क्षेत्रहरूसँग अन्तरसम्बन्धित रूपमा हेर्दै कृषि, स्वास्थ्य, पूर्वाधार विकास, सामाजिक सुरक्षा तथा बाल संरक्षणसँग सम्बन्धित स्थानीय योजनाहरूलाई समेत सन्दर्भ सामग्रीका रूपमा लिइएको छ । योजना निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक समानतामूलक, समावेशी तथा विपद् एवं जलवायु परिवर्तनप्रति उत्थानशील शिक्षा प्रणाली निर्माण गर्ने पक्षलाई विशेष प्राथमिकता दिइएको छ। यसरी, स्थानीय आवश्यकता, तथ्यमा आधारित विश्लेषण तथा नीति–कानुनी प्रावधानहरूको समुचित समायोजन मार्फत यो शिक्षा योजना तयार गरिएको हो ।

## १.५. शिक्षा योजना निर्माण प्रक्रिया

लेकवेशी नगरपालिकाले शिक्षा क्षेत्रको समग्र सुधार, पहुँच विस्तार तथा गुणस्तर अभिवृद्धिका लागि दीर्घकालीन शिक्षा योजना आवश्यक ठानी योजनाबद्ध प्रक्रिया अवलम्बन गरी यो शिक्षा क्षेत्र योजना तर्जुमा गरेको हो ।

यस योजना निर्माणका लागि नगर प्रमुखको अध्यक्षतामा बसेको शिक्षा समितिको बैठकले प्रारम्भिक रूपमा शिक्षा योजना निर्माण गर्ने निर्णय गरेको थियो । सोही निर्णयअनुसार शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजकत्वमा १७ सदस्यीय शिक्षा योजना निर्माण कार्यदल गठन गरिएको थियो । कार्यदलमा शिक्षा क्षेत्रसँग सम्बन्धित जनप्रतिनिधि, विषय विज्ञ, शाखा प्रतिनिधि तथा सरोकारवाला निकायका प्रतिनिधिहरूलाई समावेश गरिएको थियो ।

योजना निर्माणको क्रममा अवलम्बन गरिएको प्रक्रिया निम्नानुसार रहेको छः

१. नगर कार्यपालिका तथा शिक्षा समिति स्तरीय प्रारम्भिक बैठक मार्फत योजना निर्माणको आवश्यकता पहिचान र निर्णय
२. शिक्षा योजना निर्माण कार्यदल तथा उपसमितिहरूको गठन
३. प्रारम्भिक अभिमुखीकरण तथा कार्ययोजना तयारी
४. नगरपालिकाको शिक्षा क्षेत्रको विद्यमान अवस्था विश्लेषण तथा पूर्व योजनाहरूको पुनरावलोकन
५. वडा अध्यक्ष, विद्यालयका प्रधानाध्यापक, शिक्षक, विद्यालय व्यवस्थापन समिति, शिक्षक–अभिभावक संघ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संघसंस्था तथा अन्य सरकारी/गैरसरकारी निकायहरूसँग परामर्श र अन्तरक्रिया
६. आवश्यक तथ्याङ्क, सूचनाहरू, सुझाव तथा क्षेत्रगत जानकारी सङ्कलन
७. लेखन उपसमितिहरूद्वारा विषयगत प्रारम्भिक मस्यौदा तयारी
८. कार्यदलद्वारा समग्र योजना मस्यौदाको एकीकृत लेखन
९. मस्यौदामाथि सरोकारवालाबाट सुझाव सङ्कलन तथा परिमार्जन
१०. बाह्य विज्ञमार्फत योजनाको लेखाजोखा, समीक्षा तथा प्राविधिक सुझाव समायोजन
११. शिक्षा समितिबाट अन्तिम पुनरावलोकन र स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश
१२. नगर कार्यपालिकाबाट दफावार छलफल पश्चात स्वीकृति तथा कार्यान्वयनका लागि अनुमोदन

यस प्रक्रियाले योजना निर्माणलाई सहभागितामूलक, प्रमाणमा आधारित, स्थानीय आवश्यकता अनुकूल तथा कार्यान्वयन योग्य बनाएको छ। विभिन्न तहका सरोकारवालाको सक्रिय सहभागिताले योजनाको स्वामित्व अभिवृद्धि हुनुका साथै कार्यान्वयनको प्रभावकारिता सुनिश्चित गर्ने आधार तयार भएको छ।

## १.६. नगरपालिकाको संक्षिप्त परिचय

**क. भौगोलिक अवस्थितिः**

सुर्खेतका ९ वटा स्थानीय तहहरु मध्य क्षेत्रफलका आधारमा दोस्रो सानो नगरपालीका एंवम् तेस्रो सानो स्थानीय तह अन्तरगत लेकवेशी नगरपालिका पर्दछ। विश्व मानचित्रमा यसको फैलावट २८ डिग्री २८ मिनेट उत्तर देखि २८ डिग्री ३३ मिनेट उत्तरी अक्षांश सम्म र ८१ डिग्री ४६ मिनेट पुर्व देखि देखि ८१ डिग्री ५० मिनेट पूर्वी देशान्तरसम्म रहेको छ। समुद्री सतहबाट ४६८ मिटर देखि १७०० मिटर सम्मको उचाइमा रहेको यस नगरपालिकाको क्षेत्रफल १८०.९२ वर्ग किलोमिटर रहेको छ। जिल्ला सदमुकाम वीरेन्द्रनगर नगरपालिका बाट १ देखि १० कोषको दुरी सम्ममा यो नगरपालिकाका वडाहरु फैलिएका छन्। यो नगरपालिका जिल्लाको निर्वाचन क्षेत्र नं १ मा पर्दछ। यस नगरपालिकाको पूर्वमा गुर्भाकोट नगरपालिका, दक्षिणमा भेरी नदी तथा भेरीगंगा नगरपालिका, उत्तरतर्फ चिङ्गाड गाउँपालिका र पश्चिममा वीरेन्द्रनगर नगरपालिका रहेको छ। सुर्खेत जिल्लाको सदरमुकाम वीरेन्द्रनगर देखि पुर्वी क्षेत्रमा सँगै सिमाना जोडिएको लेकवेशी नगरपालिका साविकका ५ वटा गा.वि.स. हरु लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानी एकआपसमा गाभिएर मिति २०७३ फाल्गुण २७ गते देखि लेकवेशी नगरपालिका बनेको हो।

यस पालिकामा पर्यटन, कृषि पशुपालनको उच्च सम्भावना रहेको छ। यस क्षेत्रमा खेतीयोग्य जमिनका अतिरिक्त केहि भु-भाग भिरालो जमिनले बनेको हुदाँ यस क्षेत्रका मानिसहरु जिविकोपार्जनका लागि कृषिका अतिरिक्त ज्याला मजदुरी काम गर्नका लागि भारत लगायत अन्य देशहरुमा जाने गरेको देखिन्छ।

साविकका ५ वटा गा.वि.स. हरूका ४५ वटा वडाहरुलाई पुर्नसंरचना गरी यस नगरपालिकामा १० वटा वडाहरु बनेका छन्। साविकको कल्याण गा.वि.स. तथा हालको वडा नं. ६ सबै वडाहरुको लागि भौगोलिक रुपमा बीच केन्द्र पर्ने भएकोले नगरपालिकाको मुख्य केन्द्रका रूपमा स्थापना गरीएको छ। राज्यको सङ्घीय संरचना र सोही अनुसारको शासनप्रणाली तथा स्थानीय जनचाहना र आवश्यकताको सम्बोधन गर्ने हेतुले यस

नगरपालिकाले सरकारी तहका विभिन्न विषयगत शाखाहरु र गैरसरकारी संघ/संस्थाहरूसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ। लेकवेशी नगरपालिकाको भौगालिक रुपमा सबैभन्दा ठूलो वडाको रूपमा वडा नं. ५ र सबैभन्दा सानो वडाको रूपमा वडा नं. ४ रहेको छ।

## ख. जनसाङ्ख्यिक संरचनाः

यो पालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र विविधता बोकेको पालिका हो। जातिय रुपमा मगर, गुरूङ, दलित, क्षेत्री, ब्राह्मण र अन्य जातिको मिश्रित बसोबास रहेको यस नगरपालिकामा जनजातीहरुको बाहुल्यता रहेको छ। यस क्षेत्रका समुदायले नेपाली भाषालाई मातृभाषाको रुपमा प्रयोग गरेता पनि यहाँ मगर भाषा पनि बोल्ने गरेको पाईन्छ। यस नगरपालिकको २०७८ सालको राष्ट्रिय जनगणना अनुसार कुल जनसङ्ख्या ३१ हजार ७ सय १० रहेको छ, जसमा १४ हजार ८ सय ७७ जना पुरुष र १६ हजार ८ सय ३३ जना महिला रहेका छन्। वि स २०७८ को जनगणना अनुसार यस नगरपालिकामा ७४४१ घरधुरी रहेका छन्। जनगणना अनुसार यस नगरपलिकाको औषत परिवारको आकार ४.२ रहेको छ। ३१,७१० जनसङ्ख्या रहेको यस नगरपालिकामा ४ वर्ष भन्दा मुनिका बालबालिकाको संख्या २७१७ जना, ५ बर्ष देखि ९ वर्ष मुनि उमेर समूहमा २९८१ जना, १० देखि १४ वर्ष उमेर समूहमा ३५०६ जना, १५ देखि १९ वर्ष उमेर समुहमा ३५३१ जना, ६० देखि ६४ वर्ष उमेर समूहमा ९७६ जना रहेको साथै ७० देखि माथिको जनसङ्ख्या १२४५ जना रहेका छन्।

**वडागत रुपमा जनसङ्ख्या**

| वडाहरू | घरसंख्या | जनसंख्या | | | औषत | लैङ्गीक |
|---|---|---|---|---|---|---|
| | २०७९ | जम्मा | पुरुष | महिला | परिवार | अनुपात |
| नगरपालिका | ७४४१ | ३१७१० | १४८७७ | १६८३३ | ४.२६ | ८८.३८ |
| १ | १०४१ | ४३८३ | १९९२ | २३९१ | ४.२१ | ८३.३१ |
| २ | ४६९ | २०३७ | ९९३ | १०४४ | ४.३४ | ९५.११ |
| ३ | ५८८ | २३५६ | १०३५ | १३२१ | ४.०१ | ७८.३५ |
| ४ | ७५८ | ३२६६ | १५६५ | १७०१ | ४.३१ | ९२.०० |
| ५ | ७२२ | ३३८४ | १७४१ | १६४३ | ४.६९ | १०५.९६ |
| ६ | ९०१ | ३५३१ | १५८९ | १९४२ | ३.९२ | ८१.८२ |
| ६ | ६४२ | २८१५ | १२९५ | १५२० | ४.३८ | ८५.२० |
| ८ | ५४९ | २२१४ | ९९० | १२२४ | ४.०३ | ८०.८८ |
| ९ | ९२५ | ३९७४ | १८६७ | २१०७ | ४.४ | ८८.६१ |
| १० | ८४६ | ३७५० | १८१० | १९४० | ४.४३ | ९३.३० |

**स्रोतः राष्ट्रिय जनगणना, २०७८**

## ग. सामाजिक तथा साँस्कृतिक अवस्थाः

धार्मिक सहिष्णुता तथा सांस्कृतिक विविधताको विशिष्ट पहिचान बोकेको यस लेकवेशी नगरपालिकामा जातजाति अनुसार चार्डपर्व तथा मेलाहरुमा समेत अनेकतामा एकता देख्न सकिन्छ। विशेषगरी जनजाति, दलित, क्षेत्री, ब्राम्हण तथा अल्पसंख्यक समुदायहरुले सबै चाडपर्वहरु मिलेर मनाउने वा सहयोग गर्ने गरेको अवस्था छ। उल्लेखित जातिहरु मध्ये यो पालिकामा जनजातीको बाहुल्यता रहेको छ। कुल जनसंख्याको ७४४१ जनसंख्या जनजातीको रहेको छ भने अन्य जातीहरुमा दलित, ठकुरी, ब्राम्हणहरु रहेका छन। यहाँ विभिन्न जातीका विशेष चाडहरु, हिन्दु सनातन संस्कृतिका पर्वहरु साथै केहिले क्रिसमस समेत धुमधामसँग मनाउने गरेको पाइन्छ। विशेषगरी दशै, तिहार, तीज, रामनवमी, शिवरात्री, माघे संक्रान्ति, कुशेऔशी, बुद्ध

पुर्णिमा आदि मनाउने गरिन्छ भने परम्परागत संस्कृतिमा मगर जातीका विशेष नाचहरु जस्तैः कौडा, घाटु, सोरठी, झ्याउरे र रोदी हुर्रा नाच्ने गरिन्छ ।

**घ. आर्थिक अवस्थाः**

यस नगरपालिकाको आर्थिकको प्रमुख स्रोत कृषि र पशुपालन र वैदेशिक रोजगार रहेको छ । यहाँका ८० प्रतिशत स्थानीयबासी कृषि पेशामा आवद्ध रहेका छन् भने बेरोजगार संख्या रोजगार भन्दा बढी रहेको छ । नगरपालिकाको आर्थिक विकासमा उद्योग तथा बैंक र वित्तिय संस्था तथा पर्यटनको भुमिका न्यून रहेको छ । यसका साथै यस पालिकाको स्रोतका रुपमा स्थानीय खोलाहरुबाट हुने आम्दानी हो । घरबहाल कर, सम्पत्ति कर तथा अन्य विभिन्न करका स्रोतहरू नै यस पालिकाको आर्थिक स्रोत हुन् । सधै संघ तथा प्रदेश सरकारको अनुदान, सहयोगको भरमा रहेको लेकवेशी पालिकाको आन्तरिक स्रोत न्यून छ । यस नगरपालिकाको १८०९२ हेक्टर जमिनमा ४५४९ हेक्टर कृषि योग्य जमिन रहेको छ भने ९९२१.१६ हेक्टर वन क्षेत्र र अन्य भुभाग नदीनाला, खोला, सडक तथा आवास क्षेत्रले ओगटेको छ । लेकवेशी नगरपालिकामा केन्द्र सरकारको पहलमा कुनै पनि राष्ट्रिय गौरवका बहुबर्षिय ठुला विकासका आयोजना बन्न सकेका छैनन् । कृषि उत्पादका रूपमा यहाँ धान, गहुँ, मकै, कोदो, तोरी, तरकारी र विभिन्न फलफुल उत्पादन हुने गर्दछ । पशुपालनमा गाई, भैसी, बाख्रा, भेडा पालन गर्ने गरेका छन् ।

**ङ. शैक्षिक अवस्थाको विश्लेषण**

यस नगरपालिकामा शैक्षिक सुधारका लागि बालबालिकाहरुको सिकाई सुधार ल्याउन तथा सानै उमेर देखि विद्यालय जाने बानीको विकास गराउनका लागि प्रारम्भिक बालविकास आधारभूत विद्यालय, माध्यमिक विद्यालयहरु र सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेका छन् । संस्थागत, तथा सामुदायिक गरेर यस नगरपालिकामा जम्मा ५५ वटा विद्यालयहरु रहेका छन् ।

**यस पालिका भित्रका विद्यालय संख्या**

| क्र.सं. | विवरण | संख्या | सामुदायिक | संस्थागत |
|---|---|---|---|---|
| १ | विद्यालय | ५५ | ४७ | ८ |
| २ | प्रारम्भिक बालबिकास र शिक्षा केन्द्र (संघ ) | ५३ | ५३ | ० |
| ३ | प्रारम्भिक बालबिकास र शिक्षा केन्द्र(पालिका ) | २ | २ | ० |
| ४ | कक्षा १- ३ सम्मका बिद्यालय | १० | ८ | २ |
| ५ | कक्षा १- ५ सम्मा मात्रका बिद्यालय | २३ | २० | ३ |
| ६ | कक्षा१- ८ सम्मका मात्र बिद्यालय | ९ | ६ | ३ |
| ७ | कक्षा १- १० सम्मका मात्र बिद्यालय | ९ | ९ | ० |
| ८ | कक्षा १- १२ सम्मका बिद्यालय | ४ | ४ | ० |
| ९ | कक्षा ६- १२ सम्मका बिद्यालय | ० | ० | ० |
| १० | प्राविधिक धारका बिद्यालय सिटिइभिटी तहको प्रि डिप्लोमा | ० | ० | ० |
| ११ | सामुदायीक सिकाइ केन्द्र | १ | १ | ० |
| १२ | क्याम्पस | ० | ० | ० |

श्रोतः EMIS २०८१

४७ वटा सामुदायीक विद्यालयहरु मध्ये ३ वटा सामुदायिक विद्यालयमा अझैपनि बालविकास केन्द्र छैन । हाल संघीय अनुदानबाट ५३ र नगरपालिकाको श्रोत बाट २ गरी जम्मा ५५ बटा बालबिकास केन्द्रहरू सञ्चालनमा रहेका छन् ।

**सामुदायिक विद्यालयहरूमा शिक्षक संख्या:**

यस नगरपालिकामा बालबिकास केन्द्रमा ५५ (५३ संघिय अनुदान र २ नगरपालिका अनुदान) जना , आधारभूत तह १-५ मा १६४ ( १३१ स्थायी र ३३ राहत), आधारभूत ६ देखि ८ तहमा ३३ (२४ स्थायी र ९ राहत) आधारभूत तह कक्षा १-८ मा १९७ (१५५ स्थायी र ४२ राहत) शिक्षक रहेका छन्। त्यस्तै गरि मा.वि. तह ९ -१० मा जम्मा २३ (१८ स्थायी र ५ राहत) शिक्षक रहेका छन्। मा.वि. तह ११ र १२ मा जम्मा ८ जना राहत शिक्षक रहेका छन्। नगरपालिका भरी कुल शिक्षक संख्या २२८ शिक्षक रहेको छ।

| क्र. सं. | विवरण | स्थायी | | | रहत | | | संघिय अनुदान | पालिका अनुदान | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | | | |
| १ | बालबिकास | ० | ० | ० | ० | ० | ० | ५३ | २ | ५५ | १६.७ |
| २ | आधारभूत तह कक्षा १ — ५ | ३४ | ९७ | १३१ | २३ | १० | ३३ | ० | ३ | १६७ | ५०.८ |
| ३ | आधारभूत तह कक्षा ६ — ८ | ३ | २१ | २४ | ४ | ५ | ९ | ७ | ८ | ४८ | १४.६ |
| ४ | माध्यामिक तह ९ — १० | ४ | १४ | १८ | १ | ४ | ५ | २३ | ५ | ५१ | १५.५ |
| ५ | माध्यामिक तह ११ — १२ | ० | ० | ० | ० | ८ | ८ | ० | ० | ८ | २.४ |
| ६ | प्राविधिक धार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० |
| | जम्मा | ४१ | १३२ | १७३ | २८ | २७ | ५५ | ८३ | १८ | ३२९ | |
| प्रतिशत | | २३.७ | ७६.३ | ५२.६ | ५०.९ | ४९.१ | १६.७ | २५.२ | ५.५ | | |

स्रोतः शिक्षा, युवा खेलकुद तथा सामाजिक विकास शाखा

तहगत रुपमा विद्यार्थी संख्या

| क्र.सं. | तह | शैक्षिक सत्र २०८१ | | | सामुदायिक विद्यालयमा मात्र | | | निजी विद्यालयमा मात्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बालबिकास तह | ४७१ | ५१६ | ९८७ | ३२० | ३४४ | ६६४ | १५१ | १७२ | ३२३ |
| २ | आधारभूत तह कक्षा (१ -५) | १६५१ | १७५४ | ३४०५ | १४१४ | १४४७ | २८६१ | २३७ | ३०७ | ५४४ |
| ३ | आधारभूत तह कक्षा (६ - ८) | ११७८ | ११४० | २३१८ | ११६५ | १११५ | २२८० | १३ | २५ | ३८ |
| ४ | माध्यामिक तह (९ - १०) | ४५३ | ४७० | ९२३ | ४५३ | ४७० | ९२३ | ० | ० | ० |
| ५ | माध्यामिक तह (११ - १२) | ४८४ | ३९८ | ८८२ | ४८४ | ३९८ | ८८२ | ० | ० | ० |
| ६ | प्राविधिक धार (संख्या माथि जोडिएको) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४२३७ | ४२७८ | ८५१५ | ३८३६ | ३७७४ | ७६१० | ४०१ | ५०४ | ९०५ |

श्रोतः EMIS २०८१

### जाति र अपाङ्गता भएका विद्यार्थी संख्या

| तह | दलित | | | जनजाती | | | अपांगता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालबिकास तह | १०७ | १२८ | २३५ | २०३ | २०६ | ४०९ | ४ | ० | ४ |
| आधारभूत तह कक्षा (१- ५) | ४४० | ४७३ | ९१३ | ७३४ | ७५० | १४८४ | ४ | ९ | १३ |
| आधारभूत तह कक्षा (६ - ८) | २९१ | २६० | ५५१ | ५७५ | ५३२ | ११०७ | २ | २ | ४ |
| माध्यामिक तह (९ - १०) | ९० | १२१ | २११ | १९२ | १७८ | ३७० | ० | ० | ० |
| जम्मा | ९२८ | ९८२ | १९१० | १७०४ | १६६६ | ३३७० | १० | ११ | २१ |

श्रोतः EMIS २०८१

तहगत शिक्षक विद्यार्थी अनुपात

| क्र.सं. | तह | शिक्षक बिधार्थि अनुपात |
|---|---|---|
| १ | प्रारम्भिक बालबिकास तह | १२.५ |
| २ | आधारभूत तह कक्षा (१- ५) | १७.० |
| ३ | आधारभूत तह कक्षा (६ - ८) | ६९.० |
| ४ | माध्यामिक तह (९ - १०) | ४०.० |
| ५ | माध्यामिक तह (११ - १२) | ११०.० |

## १.७ शैक्षिक क्षेत्रको अवसरको विश्लेषण

शिक्षा विकासको प्रमुख आधार हो भन्ने सर्वमान्य मान्यतालाई आत्मसात गर्दै लेकवेशी नगरपालिकाले शिक्षा क्षेत्रलाई प्राथमिकतामा राखी विभिन्न नीति, कार्यक्रम तथा बजेट मार्फत सुधारका प्रयासहरू गर्दै आएको छ। तथापि, वर्तमान शैक्षिक अवस्थाको विश्लेषण गर्दा विभिन्न संरचनात्मक, व्यवस्थापकीय, गुणस्तरीय तथा पहुँच सम्बन्धी समस्या, चुनौती र अवसरहरू देखिएका छन्।

क) मुख्य समस्याः

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्रका प्रमुख समस्याहरू निम्नानुसार रहेका छन्:

- शिक्षा क्षेत्रको समग्र विकासका लागि योजनाबद्ध, समन्वित तथा प्रभावकारी कार्यक्रम सञ्चालनमा कठिनाइ हुनु।
- शिक्षा समिति, शिक्षा, युवा तथा खेलकुद शाखा र वडा शिक्षा समितिको संस्थागत क्षमता तथा प्रभावकारी परिचालनमा कमजोरी रहनु।
- शिक्षा शाखामा स्वीकृत दरबन्दीअनुसार जनशक्ति पूर्ति नभई न्यून कर्मचारीबाट कार्य सञ्चालन हुनु।
- सामुदायिक विद्यालयहरूमा शिक्षक दरबन्दी तथा विषयगत शिक्षक व्यवस्थापनमा असन्तुलन रहनु।
- शिक्षकहरूको पेसागत क्षमता विकास, तालिम, विषयगत सहयोग तथा सिकाइ सहजीकरणमा पर्याप्त अवसरको अभाव हुनु।
- विद्यालयहरूमा न्यूनतम मापदण्ड अनुसार सुरक्षित, समावेशी तथा बालमैत्री भौतिक संरचनाको कमी हुनु।
- शुद्ध पिउने पानी, सफा शौचालय, सरसफाइ, सुरक्षित घेराबार तथा वातावरणीय सुधारमा कमी हुनु।
- अपाङ्गतामैत्री संरचना र पहुँचयुक्त विद्यालय वातावरणको अभाव हुनु।
- विद्यालय सुशासनका आधारभूत पक्षहरू जस्तै आर्थिक पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, नियमित लेखापरीक्षण तथा अभिभावक भेलाको प्रभावकारी कार्यान्वयन नहुनु।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा कार्यान्वयनमा सहभागितामूलक प्रक्रिया कमजोर हुनु।
- सूचना तथा सञ्चार प्रविधिको पर्याप्त पहुँच र प्रभावकारी प्रयोगको वातावरण नहुनु।
- अतिरिक्त क्रियाकलाप, खेलकुद, मनोरञ्जन तथा सिर्जनात्मक सिकाइ सामग्रीको अभाव हुनु।
- प्रारम्भिक बालविकास केन्द्र सबै विद्यालयमा उपलब्ध नहुनु।
- नियमित स्वास्थ्य परीक्षण, प्राथमिक उपचार कक्ष तथा मनोसामाजिक परामर्श सेवाको अभाव हुनु।
- पोषण तथा दिवा खाजा कार्यक्रमलाई प्रभावकारी र स्थानीय उत्पादनसँग जोड्न नसक्नु।
- नगरपालिकाभित्र उच्च शिक्षा तथा प्राविधिक शिक्षाका संस्थाहरूको अभाव हुनु, जसका कारण विद्यार्थीहरू बाहिर जान बाध्य हुनु।

ख) मुख्य चुनौतीः

शिक्षा क्षेत्र सुधारका सन्दर्भमा नगरपालिकाले सामना गरिरहेका प्रमुख चुनौतीहरू निम्न छन्:

- आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको गुणस्तरीय कार्यान्वयन सुनिश्चित गर्नु।

- विद्यालय नक्साङ्कनका आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्नु ।
- प्रारम्भिक बाल शिक्षा तथा आधारभूत तहमा सिकाइ उपलब्धि सुधार गर्नु ।
- सार्वजनिक विद्यालय प्रति अभिभावकको विश्वास, आकर्षण तथा स्वामित्व अभिवृद्धि गर्नु ।
- विद्यार्थीको टिकाउदर, सिकाइ उपलब्धि र नियमितता बढाउनु तथा कक्षा दोहोर्‍याउने र विद्यालय छोड्ने दर घटाउनु ।
- शिक्षक तथा प्रधानाध्यापकहरूको नेतृत्व, व्यवस्थापन र पेसागत दक्षता अभिवृद्धि गर्नु ।
- आधुनिक सूचना प्रविधिमा आधारित शिक्षण सिकाइ प्रणाली विकास गर्नु ।
- सीपमूलक, व्यवहारिक तथा जीवनोपयोगी शिक्षालाई विद्यालय तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्नु ।
- विपद्, महामारी वा अन्य आपतकालीन अवस्थाहरूमा सिकाइ निरन्तरता कायम राख्नु ।
- सिमान्तकृत, अतिविपन्न, अपाङ्गता भएका तथा जोखिममा रहेका बालबालिकाको शिक्षा पहुँच सुनिश्चित गर्नु ।
- माध्यमिक तहमा प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्नु ।
- उपलब्ध सीमित स्रोतसाधनको प्रभावकारी परिचालन र दीर्घकालीन वित्तीय स्थायित्व सुनिश्चित गर्नु ।

ग) मुख्य अवसरः

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्र विकासका लागि उपलब्ध प्रमुख अवसरहरू निम्नानुसार रहेका छन्:

- आधारभूत तहसम्मको शिक्षा संवैधानिक रूपमा अनिवार्य तथा निःशुल्क हुनु ।
- माध्यमिक तहसम्मको शिक्षा स्थानीय सरकारको एकल अधिकार क्षेत्र भित्र रहनु ।
- संघ, प्रदेश र स्थानीय तहबाट शिक्षा क्षेत्रमा नीति, बजेट तथा कार्यक्रमको प्राथमिकता प्राप्त हुनु ।
- प्रत्येक स्थानीय तहमा कम्तीमा एक माध्यमिक विद्यालय सञ्चालन गर्ने सरकारी नीति हुनु ।
- प्राविधिक तथा व्यावसायिक शिक्षालाई राष्ट्रिय प्राथमिकतामा राखिएको हुनु ।
- सामुदायिक विद्यालयमा सूचना प्रविधि, विज्ञान प्रयोगशाला तथा पुस्तकालय स्थापनामा तीनै तहका सरकारको प्राथमिकता हुनु ।
- दिवा खाजा, छात्रवृत्ति तथा अपाङ्गता भएका बालबालिकाका लागि लक्षित सहयोग कार्यक्रम उपलब्ध हुनु ।
- कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरसँग भौगोलिक निकटता हुँदा शैक्षिक सूचना, प्रविधि तथा सिकाइ आदानप्रदान सहज हुनु ।
- गैरसरकारी संस्था, विकास साझेदार तथा दातृ निकायहरूको लगानी र सहकार्यको सम्भावना बढ्दै जानु ।
- बालमैत्री, लैङ्गिकमैत्री तथा अपाङ्गतामैत्री भौतिक पूर्वाधार निर्माणमा सरकारी तथा गैरसरकारी प्राथमिकता हुनु ।
- नगरपालिकाबाट शिक्षा क्षेत्रमा वार्षिक बजेट तथा लगानी वृद्धि हुँदै जानु ।
- विद्यालय सुधार योजना तथा नगर शिक्षा योजना निर्माण भइसकेकाले योजनाबद्ध सुधारको आधार तयार हुनु ।
- स्थानीय जनप्रतिनिधि, राजनीतिक दल तथा सरोकारवालाहरूको सकारात्मक जनमत र प्रतिबद्धता हुनु ।
- विपद् शिक्षा योजना तथा शिक्षा समूह गठनको तयारी रहनु, जसले आपतकालीन अवस्थामा सिकाइ निरन्तरताको अवसर प्रदान गर्दछ ।

# परिच्छेदः २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ शिक्षा योजना निर्माण गर्दा अबलम्बन गरिएका आधारहरू:

लेकवेशी नगरपालिकाको शिक्षा क्षेत्र योजना निर्माण गर्दा नगरपालिकाको विद्यमान शैक्षिक अवस्था, स्थानीय आवश्यकता, संवैधानिक तथा कानुनी प्रावधान, राष्ट्रिय शिक्षा नीति तथा स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शनलाई प्रमुख आधारका रूपमा अवलम्बन गरिएको छ । यस योजनाले शिक्षालाई समावेशी, गुणस्तरीय, सीपमूलक तथा दिगो विकासको आधारका रूपमा स्थापित गर्ने लक्ष्य राखेको छ । योजना निर्माणका मुख्य आधारहरू निम्नानुसार रहेका छन्:

१. संवैधानिक आधारहरू: नेपालको संविधानले शिक्षा सम्बन्धी प्रत्याभूत गरेका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूलाई यस योजनाको प्रमुख आधार बनाइएको छ ।

- प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ ।
- अपाङ्गता भएका, आर्थिक रूपमा विपन्न तथा सामाजिक रूपमा पछाडि परेका नागरिकहरूलाई निःशुल्क र समावेशी शिक्षा प्रदान गर्ने संवैधानिक व्यवस्था अवलम्बन गरिएको छ ।
- दृष्टिविहीन, बहिरा तथा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकाका लागि ब्रेललिपी, सांकेतिक भाषा तथा आवश्यक सहायक सामग्री मार्फत शिक्षा उपलब्ध गराउने व्यवस्था समेटिएको छ ।
- प्रत्येक समुदायलाई मातृभाषामा शिक्षा प्राप्त गर्ने तथा शैक्षिक संस्था स्थापना गर्ने अधिकारलाई सम्मान गर्दै स्थानीय भाषिक विविधतालाई सम्बोधन गरिएको छ ।
- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, रोजगारमूलक तथा उत्पादनशील जनशक्ति निर्माणसँग जोड्ने संवैधानिक लक्ष्यलाई योजनामा समावेश गरिएको छ ।

२. कानुनी तथा नीतिगत आधारहरू: यस योजना निर्माणमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन तथा प्रचलित शिक्षा नीति, नियमावली र राष्ट्रिय प्रतिबद्धताहरूलाई आधार बनाइएको छ ।

- प्रारम्भिक बालविकास, आधारभूत, माध्यमिक, अनौपचारिक तथा विशेष शिक्षा सम्बन्धी नीति, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा नियमन गर्ने स्थानीय तहको अधिकारलाई प्राथमिकता दिइएको छ ।
- विद्यालय नक्साङ्कन, अनुमति, समायोजन, शिक्षक तथा कर्मचारी दरबन्दी व्यवस्थापन, पूर्वाधार निर्माण तथा मर्मत सम्भारलाई योजनाको आधारभूत पक्ष बनाइएको छ ।
- विद्यालयको गुणस्तर अभिवृद्धि, पाठ्यपुस्तक तथा पाठ्यसामग्री वितरण, सिकाइ उपलब्धि परीक्षण तथा परीक्षा सञ्चालन सम्बन्धी जिम्मेवारीलाई समेटिएको छ ।
- ४ वर्ष पूरा भई १३ वर्ष ननाघेका प्रत्येक बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक बालविकास शिक्षा सहित आधारभूत शिक्षा सुनिश्चित गर्ने नीति अवलम्बन गरिएको छ ।

३. प्रक्रियागत तथा योजना तर्जुमा सम्बन्धी आधारहरू: शिक्षा योजना निर्माण गर्दा मार्गदर्शनले निर्दिष्ट गरेका प्रक्रियागत पक्षहरूलाई विशेष ध्यान दिइएको छ ।

- सुशासन, बालमैत्री वातावरण, लैङ्गिक समानता, सामाजिक समावेशीकरण, वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन जस्ता अन्तरसम्बन्धित विषयहरूलाई योजनामा समावेश गरिएको छ ।
- आर्थिक विकास, गरिबी निवारण, रोजगारी सिर्जना तथा उत्पादनशील सीप विकासमा प्रत्यक्ष योगदान गर्ने शैक्षिक कार्यक्रमहरूलाई प्राथमिकता दिइएको छ ।
- योजना निर्माण तथा कार्यान्वयन प्रक्रियामा स्थानीय समुदाय, अभिभावक, शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ।

४. लक्षित समूह तथा विशेष व्यवस्था सम्बन्धी आधारहरू: लेकवेशी नगरपालिकाको सामाजिक, भौगोलिक तथा आर्थिक विविधतालाई ध्यानमा राख्दै विशेष लक्षित समूहका लागि निम्न व्यवस्था समेटिएको छ।

- माध्यमिक तहसम्म निःशुल्क शिक्षा सुनिश्चित गर्दै भर्ना शुल्क, मासिक शुल्क, परीक्षा शुल्क तथा पाठ्यपुस्तक शुल्क नलाग्ने व्यवस्था गरिनेछ।
- विपन्न, द्वन्द्वपीडित, अपाङ्गता भएका, सहिद तथा बेपत्ता परिवारका बालबालिकाका लागि छात्रवृत्ति, दिवा खाजा, पोसाक तथा स्टेशनरी सहयोगको व्यवस्था गरिनेछ।
- अभिभावक विहीन, जोखिममा रहेका तथा विद्यालय पहुँच बाहिर रहेका बालबालिकाका लागि आवासीय तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

नयाँ संविधान कार्यान्वयनसँगै शिक्षा क्षेत्रको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएपछि लेकवेशी नगरपालिकाले शिक्षालाई विकासको प्रमुख आधारका रूपमा लिएको छ। यस योजना मार्फत विद्यालय शिक्षालाई सर्वसुलभ, समावेशी, पहुँचयुक्त, गुणस्तरीय तथा दिगो बनाउने उद्देश्य राखिएको छ। नेपाल सरकारका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता, शिक्षा नीति, संवैधानिक व्यवस्था तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गुणस्तरीय, सीपयुक्त, समतामूलक, रोजगारमुखी र उत्पादनशील नागरिक तयार पार्ने दीर्घकालीन लक्ष्य सहित यो शिक्षा क्षेत्र योजना तर्जुमा गरिएको हो।

**यो शिक्षा योजनाले समेटेका प्रमुख पक्षहरूको विश्लेषण**

| पक्ष | विश्लेषण |
|---|---|
| **पहुँच** | समुदायका सबै बालबालिकालाई विद्यालय शिक्षामा समेट्ने, आवश्यक भौतिक पूर्वाधार, पाठ्यसामग्री, पुस्तकालय, प्रयोगशाला, छात्रामैत्री शौचालय तथा सेनिटरी प्याडको व्यवस्था गर्ने, अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री उपलब्ध गराउने, युवा तथा प्रौढका लागि प्राविधिक तथा व्यावसायिक शिक्षा तथा अनौपचारिक शिक्षाको व्यवस्था गर्ने। |
| **गुणस्तर** | बालकेन्द्रित, क्रियाशील र व्यवहारिक सिकाइ वातावरण निर्माण गर्ने, एकीकृत पाठ्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, समूह सिकाइ, सीपमूलक शिक्षा तथा व्यवहारिक ज्ञानमा जोड दिने, शिक्षक–विद्यार्थी अनुपात सन्तुलित गर्ने, प्रारम्भिक बालविकास अनुभव सहित कक्षा १ मा भर्ना सुनिश्चित गर्ने। |
| **व्यवस्थापन** | सबै विद्यालयमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, वार्षिक कार्ययोजना, SIP र ASIP निर्माण तथा कार्यान्वयन गर्ने, बालक्लब गठन गर्ने, नियमित अनुगमन प्रणाली विकास गर्ने। |
| **क्षमता विकास** | शिक्षकहरूलाई पाठ्यक्रम कार्यान्वयन, शिक्षण सीप तथा कक्षाकोठा व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्ने, नयाँ शिक्षकका लागि सेवा प्रवेश तालिम सञ्चालन गर्ने, शिक्षक कार्यसम्पादनमा आधारित प्रोत्साहन व्यवस्था गर्ने। |
| **मूल्याङ्कन** | सिकाइ उपलब्धिमा आधारित निरन्तर तथा आवधिक मूल्याङ्कन प्रणाली लागू गर्ने, प्रयोगात्मक विषय तथा परियोजना कार्यको आधार, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने। |
| **सुशासन** | सामाजिक परीक्षण, लेखा परीक्षण, गुनासो सुनुवाइ संयन्त्र, सुझाव पेटिका, विद्यालय स्वमूल्याङ्कन तथा पारदर्शी प्रशासनिक प्रणाली लागू गर्ने। |

### २.२ दूरदृष्टिः

“सबैमा शिक्षाको पहुँच, समावेशी शिक्षा, प्रविधि मैत्री शिक्षण तथा पुर्वधार व्यावस्थापन सहितको गुणस्तरीय शिक्षामा अभिवृद्धि गर्नु”

### २.३ लक्ष्यः

शैक्षिक पूर्वाधार र प्रविधिमैत्री तथा उत्पादनमूखी शिक्षाको माध्यमले समता सहितको सर्वसुलभ गुणस्तरीय तथा जीवन उपयोगी शिक्षा सुनिश्चित गर्ने।

## २.४ उद्देश्यः

१. सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामुलक, समावेशी पहुँच, सहभागिता र बालबालिकाको न्युनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै गुणस्तरीय शिक्षाको अवधारणा कार्यान्वयन गर्नु,
२. नविनतम प्रविधिको प्रयोग गरि शिक्षण सिकाइलाई जीवन उपयोगी बनाउनु र व्यावहारिक र प्रयोगात्मक शिक्षाको प्रबन्ध मिलाउनु।
३. शिक्षक पेशागत सहयोग प्रणालीमा विकास गरी दक्ष, सिर्जनशील र क्षमतावान विषयगत तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्नु।
४. सामुदायिक विद्यालय प्रति आकर्षण तथा विश्वसनियता जगाउन शैक्षिक गुणस्तर सुधार र सीपमुलक जनशक्ति उत्पादनसँगै शिक्षामा अनौपचारिक तथा जीवनपर्यन्त शिक्षा एवंम् सिकाइका अवसरहरुलाई विस्तार गर्नु।
५. आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाहरुले शिक्षा प्राप्त गर्ने अधिकारमा निरन्तरता र अवसरमा वृद्धि गर्नु,

## २.५ रणनीति, कार्यनीति, र अपेक्षित उपलब्धिहरुः

***उद्देश्य १:***

***सबै बालबालिकालाई विद्यालय शिक्षामा समतामूलक, समावेशी पहुँच, सहभागिता र न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै गुणस्तरीय शिक्षाको अवधारणा कार्यान्वयन गर्नु।***

**(क) उद्देश्य १ सँग सम्बन्धित रणनीतिहरुः**

- प्रारम्भिक बालविकास तथा शैक्षिक कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा समावेश गर्ने।
- विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा पुनर्वितरण गर्ने।
- सबै बालबालिकाको विद्यालय भर्ना, निरन्तरता र गुणस्तरीय सिकाइ सुनिश्चित गर्ने।
- महिला, दलित, जनजाति, अपाङ्गता भएका तथा विपन्न बालबालिकाको समतामूलक पहुँच सुनिश्चित गर्ने।
- भूकम्प प्रतिरोधक, बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार विकास गर्ने।
- सामुदायिक सिकाइ केन्द्र विस्तार गरी निरन्तर सिकाइ अवसर प्रदान गर्ने।

**(ख) उद्देश्य १ सँग सम्बन्धित कार्यनीतिः**

- प्रारम्भिक बाल विकास पाठ्यक्रम २०७७ प्रभावकारी कार्यान्वयन।
- विद्यालय भर्ना अभियान वडा तथा समुदाय स्तरमा सञ्चालन।
- छात्रवृत्ति, दिवा खाजा, पोसाक, पाठ्यपुस्तक वितरण।
- जोखिममा रहेका तथा विद्यालय जान नसक्ने बालबालिकाको अभिभावकत्व ग्रहण।
- समावेशी शिक्षाका लागि विशेष सिकाइ सामग्री व्यवस्था।
- न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने।

**(ग) उद्देश्य १ सँग सम्बन्धित अपेक्षित उपलब्धिहरुः**

- प्रारम्भिक, आधारभूत तथा माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित हुनेछ।
- समता सूचक (लैङ्गिक, सामाजिक, आर्थिक, भौगोलिक) मा सुधार हुनेछ।
- टिकाउ दर तथा उत्तीर्ण दरमा उल्लेख्य वृद्धि हुनेछ।
- विद्यालय तहमा समावेशी सहभागिता र गुणस्तरीय शिक्षा सुनिश्चित हुनेछ।

*उद्देश्य २:*

***नवीनतम प्रविधिको प्रयोग गरी शिक्षण–सिकाइलाई जीवन उपयोगी बनाउनु र व्यावहारिक तथा प्रयोगात्मक शिक्षाको प्रबन्ध मिलाउनु।***

**(क) उद्देश्य २ सँग सम्बन्धित रणनीतिहरुः**

- विद्यालयहरूमा प्रविधि प्रयोग मार्फत शैक्षिक गुणस्तर सुधार गर्ने ।
- ICT अनुकूल वातावरण निर्माण गरी STEIM pedagogy विकास गर्ने ।
- सूचना तथा प्रविधिलाई शिक्षण सिकाइको अभिन्न अंग बनाउने ।
- माध्यमिक तह देखि प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गर्ने ।
- स्थानीय पाठ्यक्रममा योग, नैतिक शिक्षा र जीवनोपयोगी विषय समावेश गर्ने ।

**(ख) उद्देश्य २ सँग सम्बन्धित कार्यनीतिः**

- सबै विद्यालयमा न्यूनतम प्रविधिमैत्री सामग्री उपलब्ध गराउने ।
- प्रविधिमैत्री शिक्षण प्रणाली लागू गर्ने ।
- प्राविधिक शिक्षालय स्थापना सम्बन्धी अध्ययन तथा अनुसन्धान ।
- अडियो-भिजुअल, भर्चुअल र छपाइ सामग्री मार्फत वैकल्पिक सिकाइ ।
- व्यावहारिक सीप विकास कार्यक्रम सञ्चालन ।

**(ग) उद्देश्य २ सँग सम्बन्धित अपेक्षित उपलब्धिहरुः**

- सूचना तथा सञ्चार प्रविधिको विस्तार हुनेछ ।
- सिकाइ प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बन्नेछ ।
- विद्यार्थीले व्यावहारिक तथा रोजगारमुखी सीप हासिल गर्नेछन् ।
- प्राविधिक शिक्षालय स्थापना भई सीपमूलक जनशक्ति उत्पादन हुनेछ ।

*उद्देश्य ३:*

***शिक्षक पेशागत सहयोग प्रणालीको विकास गरी दक्ष, सिर्जनशील र क्षमतावान विषयगत तालिम प्राप्त जनशक्तिको व्यवस्थापन गर्नु ।***

**(क) उद्देश्य ३ सँग सम्बन्धित रणनीतिहरुः**

- विषयगत शिक्षकको सुनिश्चितता गर्ने ।
- शिक्षकको पेशागत विकासका लागि तालिम तथा प्रविधियुक्त संयन्त्र विकास गर्ने ।
- प्रभावकारी अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणाली विकास गर्ने ।
- कार्यसम्पादनमा आधारित दण्ड–पुरस्कार नीति लागू गर्ने ।

**(ख) उद्देश्य ३ सँग सम्बन्धित कार्यनीतिः**

- शिक्षक तथा प्रधानाध्यापकसँग कार्यसम्पादन करार ।
- शिक्षक पेशागत सहयोगका लागि कार्यविधि निर्माण ।
- नियमित तालिम, सुपरिवेक्षण तथा शैक्षिक नेतृत्व विकास ।
- विज्ञ समूह, रोष्टर शिक्षक तथा स्रोत जनशक्तिको परिचालन ।
- सिकाइ समूह गठन गरी असल अभ्यास आदान प्रदान ।

**(ग) उद्देश्य ३ सँग सम्बन्धित अपेक्षित उपलब्धिहरुः**

- दक्ष, सृजनशील र प्रेरित शिक्षक व्यवस्थापन हुनेछ ।
- शिक्षकको पेशागत दक्षता वृद्धि हुनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार हुनेछ ।

- सबै विद्यालय गुणस्तरीय शिक्षा दिन सक्षम हुनेछन् ।

*उद्देश्य ४:*

***सामुदायिक विद्यालयप्रति आकर्षण तथा विश्वसनीयता जगाउन शैक्षिक गुणस्तर सुधार र सीपमूलक जनशक्ति उत्पादनसँगै शिक्षा क्षेत्रमा अनौपचारिक तथा जीवनपर्यन्त सिकाइका अवसर विस्तार गर्नु ।***

**(क) उद्देश्य ४ सँग सम्बन्धित रणनीतिहरुः**

- नमुना विद्यालय तथा आवासीय विद्यालय विकास ।
- सामुदायिक सिकाइ केन्द्र वडागत रूपमा विस्तार ।
- जीवनोपयोगी तथा सीपमूलक शिक्षा प्रवर्द्धन ।
- सामुदायिक विद्यालयको गुणस्तर सुधार गरी विश्वास अभिवृद्धि ।

**(ख) उद्देश्य ४ सँग सम्बन्धित कार्यनीतिः**

- समुदाय सचेतिकरण कार्यक्रम सञ्चालन ।
- अभिभावक शिक्षा तथा "हेल्लो अभिभावक" कार्यक्रम ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ क्षमता विकास ।
- निरन्तर सिकाइ कार्यक्रम तथा सामुदायिक सिकाइ केन्द्र सुदृढीकरण ।

**(ग) उद्देश्य ४ सँग सम्बन्धित अपेक्षित उपलब्धिहरुः**

- सामुदायिक विद्यालयप्रति आकर्षण र विश्वास वृद्धि हुनेछ ।
- जीवनपर्यन्त सिकाइका अवसर विस्तार हुनेछन् ।
- रोजगारउन्मुख तथा सीपमूलक जनशक्ति उत्पादन हुनेछ ।
- समुदायको विद्यालय प्रतिको स्वामित्व भावना बढ्नेछ ।

*उद्देश्य ५:*

***आपतकालिन तथा संकटपूर्ण परिस्थितिमा पनि बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारमा निरन्तरता र अवसरमा वृद्धि गर्नु ।***

**(क) उद्देश्य ५ सँग सम्बन्धित रणनीतिहरुः**

- अनलाइन, पारिवारिक, सामुदायिक तथा अभिभावक शिक्षा कार्यक्रम सञ्चालन ।
- संकट परिस्थितिमा वैकल्पिक सिकाइ व्यवस्था गर्ने ।
- विद्यालयलाई प्रकोप तथा महामारी प्रति उत्थानशील बनाउने ।

**(ख) उद्देश्य ५ सँग सम्बन्धित कार्यनीतिः**

- भर्चुअल, अडियो–भिजुअल तथा छपाइ सामग्री मार्फत वैकल्पिक सिकाइ ।
- संकटमा सिकाइ सहजीकरण कार्यविधि लागू ।
- विद्यालय पूर्वाधार सुरक्षित तथा उत्थानशील बनाउने ।

**(ग) उद्देश्य ५ सँग सम्बन्धित अपेक्षित उपलब्धिहरुः**

- संकटमा पनि शिक्षण–सिकाइ निरन्तर हुनेछ ।
- बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित हुनेछ ।
- विद्यालयहरू संकट तथा महामारी प्रति उत्थानशील हुनेछन् ।

## २.६ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारणः

यस नगरपालिकाको शिक्षा क्षेत्र योजनाले निर्दिष्ट गरेका मुख्य-मुख्य कार्यसम्पादन सुचकहरुको आधारमा आगामी २ वर्ष, ५ वर्ष र १० वर्षको लक्ष्य निर्धारण देहाय अनुरुप तर्जुमा गरिएको छ ।

| क्र.सं. | प्रमुख उपलब्धि सूचकहरू | आधार वर्ष २०८२/०८३ | आ.व. २०८४/०८५ | आ.व. २०८७/०८८ | आ.व. २०९७/०९८ (१० वर्ष) |
|---|---|---|---|---|---|
| **१** | **प्रारम्भिक बाल विकास तथा शिक्षा** | | | | |
| **१.१** | कुल भर्ना दर (GER) | ८७.९ | ९०.० | ९५.० | ९८.० |
| **१.२** | खुद भर्ना दर (NER) | ८६.९ | ८८.० | ९२.० | ९६.० |
| **१.३** | लैङ्गिक समानता सूचकाङ्क (GPI) १–८ | ०.९७ | ०.९८ | १.०० | १.०० |
| **१.४** | लैङ्गिक समानता सूचकाङ्क (GPI) १–१२ | १.०४ | १.०४ | १.०२ | १.०० |
| **१.५** | प्रारम्भिक बालविकास तथा शिक्षामा भर्ना संख्या | ५२९ | ५६० | ६३० | ७५० |
| **१.६** | ५ वर्षका बालबालिकाको विद्यालय तयारी प्रतिशत | ६८.६ | ७२.० | ८०.० | ९५.० |
| **२** | **आधारभूत शिक्षा (कक्षा १–८)** | | | | |
| **२.१** | कुल प्रवेश दर (GIR) कक्षा १ | ९३.८ | ९५.० | ९८.० | १००.० |
| **२.२** | खुद प्रवेश दर (NIR) कक्षा १ | ९१.९ | ९३.० | ९६.० | ९९.० |
| **२.३** | कुल भर्ना दर (GER) कक्षा १–८ | १२६.५ | १२४.० | ११५.० | १०५.० |
| **२.४** | खुद भर्ना दर (NER) कक्षा १–८ | ५७.७ | ६२.० | ७५.० | ९०.० |
| **२.५** | खुद भर्ना दर (NER) कक्षा १–५ | ५७.० | ६२.० | ७५.० | ९०.० |
| **२.६** | खुद भर्ना दर (NER) कक्षा ६–८ | ५१.७ | ५८.० | ७०.० | ८५.० |
| **२.७** | लैङ्गिक समानता सूचकाङ्क (GPI) कक्षा १–८ | ०.९७ | ०.९८ | १.०० | १.०० |
| **२.८** | विद्यार्थी टिकाउ दर (कक्षा ८) | ५४.७ | ६०.० | ७५.० | ९०.० |
| **२.९** | आधारभूत तह उत्तीर्ण दर | ६०.६ | ६५.० | ७५.० | ९०.० |
| **२.१०** | विद्यार्थी उर्तीण दर (कक्षा १–५) | ९७.० | ९७.५ | ९८.० | ९९.० |
| **२.११** | विद्यार्थी उर्तीण दर (कक्षा ६–८) | ९७.० | ९७.५ | ९८.० | ९९.० |
| **२.१२** | कक्षा दोहोऱ्याउने दर (१–८) | ९.९ | ८.० | ५.० | २.० |
| **२.१३** | कक्षा छोड्ने दर (१–८) | २९.३ | २५.० | १५.० | ५.० |
| **३** | **माध्यमिक शिक्षा (कक्षा ९–१२)** | | | | |
| **३.१** | कुल भर्ना दर (कक्षा ९–१०) | ९२.९ | ९५.० | ९८.० | १००.० |
| **३.२** | खुद भर्ना दर (कक्षा ९–१०) | ७९.४ | ८२.० | ८८.० | ९५.० |
| **३.३** | कुल भर्ना दर (कक्षा ९–१२) | ६३.९ | ६८.० | ७८.० | ९०.० |
| **३.४** | खुद भर्ना दर (कक्षा ९–१२) | ३९.२ | ४५.० | ६०.० | ८०.० |
| **३.५** | विद्यार्थी टिकाउ दर (कक्षा १०) | ६७.९ | ७०.० | ८०.० | ९५.० |
| **३.६** | विद्यार्थी टिकाउ दर (कक्षा १२) | ६७.९ | ७०.० | ८०.० | ९०.० |
| **३.७** | माध्यमिक तह लैङ्गिक समानता सूचकाङ्क | ०.९८ | ०.९९ | १.०० | १.०० |
| **३.८** | उर्तीण दर (कक्षा १०) | ८२.९ | ८५.० | ९०.० | ९८.० |
| **३.९** | कक्षा दोहोऱ्याउने दर (९–१०) | १३.० | १०.० | ६.० | २.० |
| **३.१०** | विद्यालय छोड्ने दर (९–१०) | ५.८ | ५.० | ३.० | १.० |
| **४** | **जिवन-पर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा** | | | | |
| **४.१** | साक्षरता दर (१५ वर्ष माथि) | | ७५.० | ८५.० | ९८.० |
| **४.२** | साक्षरता दर (६ वर्ष माथि) | | ८०.० | ९०.० | ९८.० |
| **४.३** | साक्षरता दर (१५–२४ उमेर समूह) | | ८८.० | ९५.० | ९९.० |

| क्र.सं. | प्रमुख उपलब्धि सूचकहरू | आधार वर्ष २०८२/०८३ | आ.व. २०८४/०८५ | आ.व. २०८७/०८८ | आ.व. २०९७/०९८ (१० वर्ष) |
|---|---|---|---|---|---|
| **५** | **सुशासन तथा व्यवस्थापन** | | | | |
| **५.१** | विद्यार्थी–शिक्षक अनुपात (कक्षा १–५) | १७.८ | १७.० | १६.० | १५.० |
| **५.२** | विद्यार्थी–शिक्षक अनुपात (कक्षा ६–८) | ५२.२ | ४८.० | ४०.० | ३५.० |
| **५.३** | विद्यार्थी–शिक्षक अनुपात (कक्षा ९–१०) | २९.९ | २८.० | २५.० | २०.० |
| **५.४** | विद्यार्थी–शिक्षक अनुपात (कक्षा ११–१२) | ५९.४ | ५५.० | ४५.० | ३५.० |
| **६** | **न्यूनतम सक्षमता अवस्था (PMEC) पूरा गरेका विद्यालय प्रतिशत** | | | | |
| **६.१** | PMEC पूरा गरेका ECD केन्द्र प्रतिशत | १७.१ | २५.० | ५०.० | १००.० |
| **६.२** | PMEC पूरा गरेका आधारभूत विद्यालय प्रतिशत | ७०.० | ७५.० | ८५.० | १००.० |
| **६.३** | PMEC पूरा गरेका माध्यमिक विद्यालय प्रतिशत | ७०.० | ७५.० | ८५.० | १००.० |
| **६.४** | PMEC पूरा गरेका मावि (९–१०) प्रतिशत | ८२.९ | ८५.० | ९०.० | १००.० |

# परिच्छेदः ३
# शिक्षाका मुख्य उपक्षेत्रहरू

## ३.१ प्रारम्भिक बालविकास र शिक्षाः

### ३.१.१ वर्तमान अवस्थाः

विद्यालय क्षेत्र विकास योजनाले विद्यालय प्रवेशको तयारीका लागि प्रारम्भिक बाल शिक्षालाई आधारभूत शिक्षामा समाहित गरेको छ । यस लेकवेशी नगरपालिकामा हाल ४४ वटा सामुदायिक विद्यालयहरुमा बालविकास केन्द्र सञ्चालनमा रहेका छन् । बालविकास केन्द्रमा बाल शिक्षकको संख्या ५५ रहेको छ, जसमा संघीय अनुदान ५३ र लेकवेशी नगरपालिकाको अनुदानमा २ कोटा रहेको छ । यस नगरपालिकामा श्री सिर्जनशील प्राथमिक विद्यालय ठाँटी वडा नं. २, खाँडदेवी प्राथामिक विद्यालय गोरुजुरे वडा नं. २ र श्री ने.रा प्रा.वि सानोखल्टाकुरा वडा नं. ५ मा बालविकास कोटा नभएको अवस्था छ । विद्यालयमा आधारित बालविकास केन्द्रमा ३ र ४ बर्ष उमेर समूहका ६६४ बालबालिका अध्ययन गरिरहेका छन् ।

हाल सञ्चालनमा रहेका केही बालविकास केन्द्रहरू न्यूनतम मापदण्ड अनुसार नभएको हुनाले तिनीहरूको सुधारका कार्यहरू गर्नुपर्ने आवश्यकता देखिन्छ । बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनुपर्नेमा सो नभएको तथा कतै कतै ३० मिनेट सम्मको पैदल दुरीमा रहेको अवस्था छ । भूगोल, जनसंख्या, बस्ती आदिलाई मध्यनजर गरी नक्साङ्कनको आधारमा बालविकास केन्द्रको समायोजन, स्थानान्तरण एवं नयाँ स्थापना गर्नुपर्ने जरुरी हुन आउँछ । यसै गरी स्थापना भएका बालविकास केन्द्रहरूको संस्थागत विकासका साथै थप व्यवस्थापन गर्न जरुरी छ । नयाँ स्थापना हुने बालविकास केन्द्रहरूको स्थापना लगायत क्षमता अभिवृद्धि गर्दै जानु पर्दछ । नगरपालिकाले नगरपालिका भित्र रहेका बालविकास केन्द्र उमेर समूहका बालबालिकाको जनसंख्याको आधारमा बालविकास केन्द्रको स्थापना गर्ने लक्ष्य लिएको छ । नगरपालिकाका सबै बालविकास केन्द्रहरु विद्यालयले व्यवस्थापन गर्ने गरी व्यवस्था गरिएको छ ।

### ३.१.२ उद्देश्य

- तोकिएको उमेर समूहका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच सुनिश्चित गर्नु,
- प्रारम्भिक बालविकास शिक्षा लाई भौतिक पूर्वाधारको सबलीकरण गरी बालमैत्री बनाउने,
- सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालशिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु,

### ३.१.३ रणनीति

- सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्ड अनुसार प्रारम्भिक बालविकास शिक्षा सञ्चालन गर्ने,
- कार्यक्रमको नक्साङ्कन, समायोजन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना र बाल सहभागितामा अभिवृद्धि गर्ने,
- कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी संघ संस्था, निजि क्षेत्र र विद्यालयहरूसँग सहकार्य गर्ने,
- ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पुरा र कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने ,
- पाठ्यक्रम र मापदण्डलाई समयानुकूल स्थानीयकरणका लागि सुझाव पेस गर्ने ,
- अपाङ्गता भएका तोकिएका उमेर समूहलाई सम्बोधन गर्ने गरी नितिगत व्यवस्था गर्ने ।

### ३.१.४. प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**मुख्य उपलब्धि:**

| क्र.स. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्रहरूको पहुँच, व्यवस्थापन तथा भर्ना दरमा सुधार हुने | ECD केन्द्र नक्साङ्कन, भर्ना अभियान तथा अभिलेखीकरण प्रभावकारी हुने |
| २ | बालमैत्री पूर्वाधार, खेल तथा सिकाइ सामग्री व्यवस्थापन सुदृढ हुने | सुरक्षित, आकर्षक तथा बालमैत्री सिकाइ वातावरण सुनिश्चित हुने |
| ३ | बालबालिकाको स्वास्थ्य, पोषण तथा संरक्षण अवस्था सुधार हुने | स्वास्थ्य जाँच, खोप, वृद्धि अनुगमन तथा परामर्श सेवा नियमित हुने |
| ४ | बालविकास शिक्षक तथा अभिभावकको क्षमता अभिवृद्धि हुने | तालिम, अभिभावक शिक्षा तथा स्थानीय ज्ञान हस्तान्तरण कार्यक्रम प्रभावकारी हुने |

**मुख्य नतिजा**

| क्र.स. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाको पहुँच तथा सहभागिता वृद्धि हुने | ECD भर्ना तथा नियमित उपस्थितिमा वृद्धि हुने |
| २ | बालबालिकाको समग्र विकास तथा सिकाइ उपलब्धिमा सुधार हुने | शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक विकासमा सकारात्मक परिवर्तन आउने |
| ३ | प्रारम्भिक बालविकास केन्द्रहरू बालमैत्री तथा समावेशी बन्ने | न्यूनतम मापदण्ड तथा पूर्वाधार सुनिश्चित हुने |
| ४ | गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षाको वातावरण सुदृढ हुने | दक्ष शिक्षक, प्रविधिमैत्री सामग्री तथा अभिभावक सहभागिता वृद्धि हुने |

### ३.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्रारम्भिक बालविकास शिक्षाका न्यूनतम मापदण्ड प्रबोधीकरण तथा शिक्षक क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | पालिका | तालिम प्रतिवेदन |
| २ | बालविकास केन्द्रहरूको नक्साङ्कन, समायोजन तथा पुनर्वितरण | पटक | २ | १ | – | – | – | १ | ३०० | पालिका | नक्साङ्कन प्रतिवेदन |
| ३ | तोकिएको उमेर समूहका बालबालिकाको भर्ना अभियान सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | विद्यालय, अभिभावक, पालिका तथा संघसंस्था | सहभागिता सूची |
| ४ | अभिभावकविहीन, विपन्न तथा अपाङ्गता भएका बालबालिकाको पहिचान तथा पहुँच सुनिश्चितता | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | संघ, प्रदेश र स्थानीय तह | अभिलेख |
| ५ | बालबालिकाको अभिलेखीकरण | निरन्तर | सबै केन्द्र | √ | √ | √ | √ | √ | ५०० | पालिका र विद्यालय | अभिलेख |
| ६ | बालमैत्री पूर्वाधार, सिकाइ क्षेत्र तथा खेल सामग्री व्यवस्थापन | वटा | २५ | ५ | ५ | ५ | ५ | ५ | ५००० | पालिका, वडा तथा विद्यालय | अनुगमन प्रतिवेदन |
| ७ | बालबालिकाको स्वास्थ्य जाँच, खोप, वृद्धि अनुगमन तथा कुपोषण पहिचान | निरन्तर | सबै केन्द्र | √ | √ | √ | √ | √ | १५०० | पालिका, स्वास्थ्य शाखा तथा संघसंस्था | स्वास्थ्य अभिलेख |
| ८ | स्थानीय भाषाको प्रयोग तथा प्रवर्द्धन | निरन्तर | सबै केन्द्र | √ | √ | √ | √ | √ | ३०० | विद्यालय र शिक्षक | अनुगमन |
| ९ | अभिभावक शिक्षा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | पालिका, वडा शिक्षा समिति तथा विद्यालय | सहभागिता सूची |
| १० | स्थानीय ज्ञान तथा सीप हस्तान्तरण कार्यक्रम सञ्चालन | निरन्तर | सबै केन्द्र | √ | √ | √ | √ | √ | ४०० | विद्यालय | कार्यक्रम प्रतिवेदन |
| ११ | बाल संरक्षण तथा मनोसामाजिक परामर्शसम्बन्धी शिक्षक तालिम | पटक | २ | १ | – | १ | – | – | ४०० | पालिका र विद्यालय | तालिम प्रतिवेदन |
| १२ | बालविकास शिक्षकको सेवा सुविधा व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ र पालिका | निर्णय अभिलेख |
| १३ | प्रविधिमैत्री बालविकास सामग्री व्यवस्थापन | केन्द्र | ५५ | १० | १ | १० | १० | १ | ३५०० | संघ, पालिका र वडा | सामग्री अभिलेख |

| क्र. स. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| | | | | | ५ | | | ० | | | |
| १४ | बालमैत्री बसाइ व्यवस्थापन (पिफोम, कार्पेट, कुशन, ऱ्याक आदि) | केन्द्र | ५५ | १० | १५ | १० | १० | १<br>० | ३००० | पालिका, वडा तथा विद्यालय | अनुगमन |
| १५ | बालविकास कार्यकर्तालाई मन्टेश्वरी तालिम | पटक | २ | – | १ | १ | – | – | ६०० | संघ, पालिका र वडा | तालिम प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **२०,७५०** | | |

## ३.२ आधारभूत शिक्षाः

### ३.२.१ वर्तमान अवस्थाः

विद्यालय शिक्षाको सुरुवाती र माध्यमिक शिक्षाको जगको रुपमा आधारभूत तहको शिक्षालाई लिने गरिन्छ । उमेर समूहका हिसाबले ५ देखि १२ बर्षका बालबालिकाहरूलाई समेट्छ। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास, गुणस्तरीय जीवनयापन र सामाजिक समायोजनमा सहयोग गर्दछ ।

अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी तीनवटै तहका सरकारहरुको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुनेछ भन्ने उल्लेख गरेको छ।

लेकवेशी नगरपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिक तर्फ कक्षा १–३ सञ्चालन भएका ८ , कक्षा १–५ सञ्चालन भएका २०, कक्षा १–८ सञ्चालन भएका ६, कक्षा १–१० सञ्चालन भएका ९ वटा र कक्षा १–१२ सञ्चालन भएका ४ वटा गरी जम्मा ४७ वटा र संस्थागत तर्फ कक्षा १–३ सञ्चालन भएका २, कक्षा १–५ सञ्चालन भएका ३, कक्षा १–८ सञ्चालन भएका ३ वटा गरी जम्मा ८ वटा विद्यालय सञ्चालनमा रहेका छन्।

आधारभूत तहमा सामुदायिक विद्यालय तर्फ कुल विद्यार्थी संख्या ७६१० जना र विद्यालय विद्यार्थी अनुपात २२४ रहेको पाइन्छ। आधारभूत तह (१-५) तर्फ कुल विद्यार्थी संख्या १४४७ जना र विद्यालय विद्यार्थी अनुपात ७२ रहेको छ। यस्तै आधारभूत तह (६-८) तर्फ कुल विद्यार्थी संख्या २२८० र विद्यालय विद्यार्थी अनुपात ३८० रहेको छ।

**चुनौति**

१. निःशुल्क तथा अनिवार्य आधारभुत शिक्षालाइ पुर्ण रूपमा निःशुल्क र अनिवार्य बनाउन,
२. सबै विद्यालयहरूलाई भौतिक पुर्वाधार तथा प्रविधि मैत्री सिकाइ वातावरण विकास गर्न,
३. विद्यालय समायोजन र विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्न,
४. शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गर्नु,
५. सामुदायिक विद्यालय प्रति अभिभावक तथा विद्यार्थीको गुणस्तरको सुनिश्चितता सहित आकर्षण बढाउन,
६. शिक्षक, कर्मचारी तथा सरोकारवालाको क्षमता अभिवृद्धि गर्न,
७. विद्यालय सुपरीवेक्षण तथा अनुगमनलाई संस्थागत र संरचनात्मक रूपमा विकास गर्न।

**अवसर**

१. नेपालको संविधान र स्थानीय सरकार संचालन ऐनले आधारभुत तहलाई अनिवार्य र निःशुल्क रूपमा व्यवस्था गरेको र स्थानीय तहको जिम्मेवारीमा रहेकाले सबैको सहभागिता र पहुँच बढी गुणस्तरमा सुधार हुने,
२. स्थानीय सरकारको प्रत्यक्ष निगरानी र लगानीसँगै व्यवस्थापन गर्ने,
३. संघीयता कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालय प्रति चासो, चिन्ता र निगरानी बढाउने,
४. गैर सरकारी संघ संस्थाले आधारभुत तहलाई प्रमुख प्राथमिकताका रूपमा राखेको।

<u>तहगत रूपमा शिक्षक विवरण</u>

| क्र. सं. | विवरण | स्थायी | | | राहत | | | संघिय अनुदान | पालिका अनुदान | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | | | |
| १ | बालबिकास | ० | ० | ० | ० | ० | ० | ५३ | २ | ५५ | १६.७ |
| २ | आधारभूत तह (कक्षा १ - ५) | ३४ | ९७ | १३१ | २३ | १० | ३३ | ० | ३ | १६७ | ५०.८ |
| ३ | आधारभूत तह (कक्षा ६ - ८) | ३ | २१ | २४ | ४ | ५ | ९ | ७ | ८ | ४८ | १४.६ |
| ४ | माध्यमिक तह (कक्षा ९ - १०) | ४ | १४ | १८ | १ | ४ | ५ | २३ | ५ | ५१ | १५.५ |

| क्र.सं. | विवरण | स्थायी | | | राहत | | | संघिय अनुदान | पालिका अनुदान | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | | | |
| ५ | माध्यमिक तह (कक्षा ११ - १२) | ० | ० | ० | ० | ८ | ८ | ० | ० | ८ | २.४ |
| ६ | प्राविधिक धार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० |
| | जम्मा | ४१ | १३२ | १७३ | २८ | २७ | ५५ | ८३ | १८ | ३२९ | |
| प्रतिशत | | २३.७ | ७६.३ | ५२.६ | ५०.९ | ४९.१ | १६.७ | २५.२ | ५.५ | | |

श्रोतः शिक्षा शाखा

**तहगत रुपमा बिद्यार्थी संख्या**

| क्र.सं. | तह | शैक्षिक सत्र २०८१ | | | सामुदायीक बिद्यालयमा मात्र | | | निजि बिद्यालयमा मात्र | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | प्रारम्भिक बालबिकास तह | ४७१ | ५१६ | ९८७ | ३२० | ३४४ | ६६४ | १५१ | १७२ | ३२३ |
| २ | आधारभूत तह कक्षा (१ - ५) | १६५१ | १७५४ | ३४०५ | १४१४ | १४४७ | २८६१ | २३७ | ३०७ | ५४४ |
| ३ | आधारभूत तह कक्षा (६ - ८) | ११७८ | ११४० | २३१८ | ११६५ | १११५ | २२८० | १३ | २५ | ३८ |
| ४ | माध्यामिक तह (९ - १०) | ४५३ | ४७० | ९२३ | ४५३ | ४७० | ९२३ | ० | ० | ० |
| ५ | माध्यामिक तह (११ - १२) | ४८४ | ३९८ | ८८२ | ४८४ | ३९८ | ८८२ | ० | ० | ० |
| ६ | प्राविधिक धार (संख्या माथि जोडिएको) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | | ४२३७ | ४२७८ | ८५१५ | ३८३६ | ३७७४ | ७६१० | ४०१ | ५०४ | ९०५ |

श्रोतः EMIS २०८०

## जाति र अपांगता बिद्यार्थी संख्या

| तह | दलित | | | जनजाती | | | अपांगता | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| प्रारम्भिक बालबिकास तह | १०७ | १२८ | २३५ | २०३ | २०६ | ४०९ | ४ | ० | ४ |
| आधारभूत तह कक्षा (१ - ५) | ४४० | ४७३ | ९१३ | ७३४ | ७५० | १४८४ | ४ | ९ | १३ |
| आधारभूत तह कक्षा (६ - ८) | २९१ | २६० | ५५१ | ५७५ | ५३२ | ११०७ | २ | २ | ४ |
| माध्यामिक तह (९ - १०) | ९० | १२१ | २११ | १९२ | १७८ | ३७० | ० | ० | ० |
| जम्मा | ९२८ | ९८२ | १९१० | १७०४ | १६६६ | ३३७० | १० | ११ | २१ |

श्रोत EMIS २०८१

## तहगत शिक्षक बिधार्थि अनुपात

| क्र.सं. | तह | शिक्षक बिधार्थि अनुपात |
|---|---|---|
| १ | प्रारम्भिक बालबिकास तह | १२.५ |
| २ | आधारभूत तह कक्षा (१ - ५) | १७.० |
| ३ | आधारभूत तह कक्षा (६ - ८) | ६९.० |
| ४ | माध्यामिक तह (९ - १०) | ४०.० |
| ५ | माध्यामिक तह (११ - १२) | ११०.० |

### ३.२.२ उद्देश्य

- अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चितता गर्न बालमैत्री, अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरणको सिर्जना गर्नु,
- आधारभुत विद्यालय उमेर समुहका सबै बालबालिकालाई आधारभुत शिक्षाको सुनिश्चतता गर्न विद्यालय नक्सांकन गरि वैकल्पिक कार्यक्रम सञ्चालन गर्नु,
- सिकाइलाई प्रविधि र दैनिक जीवनसँग सम्बन्धित बनाउदै, आधारभूत शिक्षा पुरा गरेका सबै बालबालिकाको सिकाइ उपलब्धि सुधारमा गर्नु,
- बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेसागत क्षमता विकास गराउनु ।

### ३.२.३ रणनीति

- अनिवार्य तथा निःशुल्क आधारभूत तह शिक्षाको कार्यान्वयनका लागि पालिकाले आवश्यक नीति, कार्यविधीहरुको तर्जुमा तथा आवश्यक स्रोतको व्यवस्था मिलाउने ,
- आधारभूत तहमा न्युनतम सिकाइ उपलब्धि हाँसिल गराउन आवधिक रुपमा सिकाइको मूल्याङ्कन गरी विद्यार्थीको सिकाइका लागि शिक्षकलाई प्र.अ. र प्र.अलाई स्थानीय तह प्रति जवाफदेही हुने प्रणालीको विकास गर्ने ,
- आधारभूत तहका विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण समावेशी, बालमैत्री, अपाङ्गमैत्री र सुरक्षित बनाउन संघ, प्रदेश तथा अन्य सरोकारवालासँग समन्वय र साझेदारी गरी आवश्यक कार्यक्रमहरु सञ्चालन गर्ने ,
- आधारभूत तहका बालबालिकाहरुको शैक्षिक उपलब्धि सुधार गर्न शिक्षकको पेशागत तालिमहरु सञ्चालन, कार्यान्वयन र शिक्षक तथा विद्यार्थीहरुलाई मनोसामाजिक परामर्श उपलब्ध गराउने ।
- विद्यालय क्षेत्र भन्दा बाहिर रहेका सबै बालबालिकाहरुको यथार्थ विवरण संकलन गरी उनीहरुको पहुँच सुनिश्चित गर्न विद्यालय भर्ना अभियान संचालन गर्ने,
- वि.व्य.स, शि.अ.स. र अभिभावकहरुको क्षमता विकास गर्न अभिमुखिकरण तथा क्षमता विकास सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,
- नतिजा प्रतिको जवाफदेहिता सुनिश्चित हुने गरी विद्यालय, शैक्षिक निकाय, अभिभावक, स्थानीय तह, सरोकारवालासँगै बालबालिकामा थप जिम्मेवारीपन विकास गर्ने,
- विद्यालय नक्साङ्कन गरि शिक्षक दरबन्दीको समायोजन, पूनर्वितरण एवं मिलान गर्ने।
- विद्यालयमा सुचना प्रविधीको व्यवस्थापन तथा उच्चतम प्रयोग, सिकाइ आदान प्रदान जस्ता कार्य प्रभावकारी रुपमा संचालन गर्ने ।
- विद्यालय शिक्षालाई विविधता अनकुल, समावेशी र समतामूलक बनाउन स्थानीय परिवेश अनुकुल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधता अनकुलको माध्मम भाषाको उपयोग तथा सामाजिक, सांस्कृतिक विविधताको सम्मान र समावेश गर्ने,
- विद्यालयको कार्यसम्पादन र विद्यार्थीको सिकाइ उपलब्धी परीक्षण गरी जवाफदेहिता सुनिश्चित र शिक्षक विकास र सहायता प्रणालीलाई व्यवस्थित गर्ने,
- बालबालिकाको सिकाइमा सुधार का लागि ReAL Plan कार्यान्वयन गर्ने,
- बालबालिकालाइ समुदायिक विद्यालयमा अकर्षण र रमाउदै पढ्दै गर्ने वातावरणका लागि छापामय कक्षाकोठा, खेल सामाग्री र सिकाइ कुना अवधारणा अभियानका रूपमा सञ्चालन गर्ने,
- तोकिएका मापदण्ड पुरा गरेका विद्यालयलाई स्थानिय आवश्यक अनुदानको व्यवस्था गरेर नमुना विद्यालयका रूपमा विकास गर्ने,

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि:

*मुख्य उपलब्धि:*

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | विद्यालय नक्साङ्कन, दरबन्दी समायोजन तथा भर्ना अभियान प्रभावकारी रूपमा सञ्चालन हुने | विद्यालय भर्ना दर तथा पहुँचमा वृद्धि हुने |
| २ | प्रारम्भिक कक्षामा बालमैत्री सिकाइ वातावरण, पठन सामग्री तथा कक्षा पुस्तकालय व्यवस्था विस्तार हुने | बालमैत्री कक्षाकोठा तथा बुक कर्नर स्थापना संख्या वृद्धि हुने |
| ३ | शिक्षक क्षमता विकास, विषयगत तालिम तथा उपचारात्मक कक्षा सञ्चालन हुने | शिक्षक दक्षता तथा विद्यार्थी सिकाइ उपलब्धिमा सुधार हुने |

*मुख्य नतिजा*

| क्र.स. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | आधारभूत तथा प्रारम्भिक शिक्षामा बालबालिकाको पहुँच तथा सहभागिता वृद्धि हुने | भर्ना, नियमित उपस्थिति तथा कक्षा निरन्तरतामा वृद्धि हुने |
| २ | शिक्षण सिकाइ प्रक्रिया बालमैत्री, समावेशी तथा गुणस्तरीय बन्ने | सिकाइ उपलब्धि तथा आधारभूत दक्षतामा सुधार हुने |
| ३ | विद्यालय व्यवस्थापन तथा शैक्षिक सुशासन सुदृढ हुने | विद्यालय व्यवस्थापन, अभिभावक सहभागिता तथा शैक्षिक व्यवस्थापनमा सुधार हुने |

## ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य:

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय नक्साङ्कन तथा समायोजन | पटक | २ | १ | १ | – | – | – | ५०० | पालिका | प्रतिवेदन |
| २ | दरबन्दी पुनर्वितरण तथा समायोजन | पटक | १ | – | १ | – | – | – | ३०० | पालिका | निर्णय अभिलेख |
| ३ | बालबालिकालाई विद्यालय भर्ना अभियान | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | संघ, पालिका, वडा, संघसंस्था र विद्यालय | सहभागिता विवरण |
| ४ | प्रारम्भिक कक्षा (१–३) का बालबालिकाका लागि पठन सामग्री व्यवस्था | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | पालिका | वितरण अभिलेख |
| ५ | पाठ्यक्रम प्रबोधीकरण | पटक | ३ | १ | – | १ | – | १ | ७५० | संघ र पालिका | प्रतिवेदन |
| ६ | प्रारम्भिक कक्षा शिक्षण सम्बन्धी शिक्षक तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २००० | संघ, पालिका र संघसंस्था | तालिम प्रतिवेदन |
| ७ | एक वडा एक नमूना विद्यालय विकास | वटा | १० | – | २ | २ | ३ | ३ | १५००० | संघ, प्रदेश, पालिका, | अनुगमन प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | वडा र संघसंस्था | |
| ८ | अपाङ्गता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | लक्षित विद्यार्थी | √ | √ | √ | √ | √ | २००० | संघ, प्रदेश, पालिका, वडा र संघसंस्था | सहायता अभिलेख |
| ९ | विपन्नका लागि पोषाक र स्टेशनरी वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | संघ, प्रदेश, पालिका, वडा र संघसंस्था | वितरण विवरण |
| १० | सिकाइ सामग्री तथा विद्यालय व्यवस्थापन | विद्यालय | सबै विद्यालय | √ | √ | √ | √ | √ | ५००० | संघ, प्रदेश, पालिका, वडा र विद्यालय | विद्यालय अभिलेख |
| ११ | शैक्षिक मानव संशाधन सूचना प्रणाली स्थापना तथा क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, प्रदेश र पालिका | प्रतिवेदन |
| १२ | कक्षा १–३ मा बालमैत्री तथा छापायुक्त कक्षाकोठा व्यवस्था | वटा | ५० | १० | १० | १० | १० | १० | २००० | संघ, प्रदेश, पालिका, संघसंस्था र विद्यालय | अनुगमन |
| १३ | कक्षा १–३ का बालबालिकाका लागि बालमैत्री बसाइ व्यवस्थापन | विद्यालय | ४७ | १० | १० | १० | १० | ७ | ५००० | संघ, प्रदेश, पालिका, संघसंस्था र विद्यालय | विद्यालय प्रतिवेदन |
| १४ | शिक्षकको पेशागत सीप विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, प्रदेश, पालिका र संघसंस्था | तालिम प्रतिवेदन |
| १५ | गणित, अंग्रेजी र विज्ञान विषयगत तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | संघ, प्रदेश, पालिका र संघसंस्था | तालिम प्रतिवेदन |
| १६ | सिकाइ उपलब्धि कम भएका विद्यार्थीका लागि उपचारात्मक कक्षा | वटा | २३५ | ४७ | ४७ | ४७ | ४७ | ४७ | ४७०० | संघ, पालिका र विद्यालय | प्रगति प्रतिवेदन |
| १७ | कक्षा पुस्तकालय तथा बुक कर्नर स्थापना | वटा | १४१ | ३० | ३० | ३० | ३० | २१ | ४५०० | पालिका र विद्यालय | अनुगमन |
| १८ | सिकाइ मेला तथा शैक्षिक सामग्री प्रदर्शनी | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | संघ, प्रदेश, पालिका, वडा, संघसंस्था र विद्यालय | कार्यक्रम प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **५६,७५०** | | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ वर्तमान अवस्था

यस नगपालिकामा १३ ओटा माध्यमिक विद्यालयहरु सञ्चालनमा छन् । ती विद्यालयहरु मध्ये ९ ओटा विद्यालयमा कक्षा (१ - १०) सम्मको पठनपाठन हुन्छ भने ४ ओटा विद्यालयमा कक्षा (१ - १२) सम्मको पठनपाठन हुन्छ । माध्यमिक तहमा अध्ययन गर्ने जम्मा विद्यार्थी संख्या १,८०५ जना छन्, जसमध्ये ८६८ जना छात्र र ९३७ जना छात्रा रहेका छन् । ती विद्यार्थीहरु मध्ये कक्षा (९ - १०) मा अध्ययन गर्नेको संख्या ९२३ जना र कक्षा (११ - १२) मा अध्ययन गर्नेको संख्या ८८२ जना रहेको छ । कक्षा (९ - १०) मा अध्यापन गराउने शिक्षकको संख्या ५१ जना छ जस मध्ये स्थायी दरबन्दीमा १८ जना, राहतमा ५ जना र संघीय अनुदानमा २३ जना र पालिका अनुदानमा ५ जना रहेका छन् । कक्षा (११ - १२) मा अध्यापन गराउने ८ जना शिक्षक रहेका छन् । माध्यमिक तह कक्षा (९ - १२) सम्म अध्यापन गराउने जम्मा शिक्षकको संख्या ५९ रहेका छन् । माध्यमिक तहमा जम्मा शिक्षक र विद्यार्थी अनुपात १:४० रहेको छ । कक्षा (९ - १०) को कूल भर्नादर ९५.५ र खूद भर्नादर क्रमशः ८०.२ प्रतिशत रहेको छ । त्यसैगरी, कक्षा (११ - १२) को कूल भर्नादर ५८ र खूद भर्नादर ३०.६ प्रतिशत रहेको पाईन्छ । कक्षा (९ - १०) को उत्तीर्ण दर ९३.७ प्रतिशत रहेको छ । कक्षा (११ - १२) को उत्तीर्ण दर ८६.३ प्रतिशत रहेको छ । कक्षा (९ - १०) को कक्षा छोड्ने दर २.० प्रतिशत रहेको छ । कक्षा (११ - १२) को कक्षा छोड्ने दर २.८ प्रतिशत रहेको छ ।कक्षा (९ - १०) मा कक्षा दोहर्याउने दर भने १.६ प्रतिशत रहेको पाईन्छ । कक्षा (११ -१२) मा कक्षा दोहोर्याउने दर भने शून्य रहेको छ ।

**चुनौति**

१. माध्यमिक तह शिक्षालाई पुर्ण रूपमा नि:शुल्क बनाउनु,
२. सबै विद्यालयहरूलाई भौतिक पुर्वाधार तथा प्रविधि मैत्री सिकाइ वातावरण विकास गर्न,
३. विद्यालय पहुँच बाहिर रहेका बालबालिका विद्यालयमा ल्याउन,
४. विद्यालय समायोजन र विद्यार्थी संख्याको आधारमा शिक्षक दरबन्दी व्यवस्थापन गर्न,
५. संघीय संरचना अनुसार नीतिगत, कानुनी तथा संरचनागत व्यवस्था कार्यान्वयन गर्न,
६. संस्थागत प्रणालीबाट शैक्षिक सुशासन र जवाफदेहिता अभिवृद्धि गर्न विद्यालय अनुगमन तथा निरिक्षण गर्न,
७. सामुदायिक विद्यालय प्रति अभिभावक तथा विद्यार्थीको गुणस्तरको सुनिश्चितता सहित आकर्षण बढाउन,
८. शिक्षक, कर्मचारी तथा सरोकारवालाको क्षमता अधिवृद्धि गर्न,
९. अपाङ्ग तथा अन्य हिसाबमा मैत्रीपूर्ण भौतिक संरचना व्यवस्थापन तथा निर्माण गर्न,
१०. आपतकालिन कोभिड, भुकम्प जस्ता अवस्थामा बालबालिकाको सिकाइलाई निरन्तर गर्न,
११. पर्याप्त शैक्षिक तथा सन्दर्भ सामग्रीको व्यवस्थापन गर्न,
१२. सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा प्रयोगमा र व्यवस्थापन तथा वितरण गर्न ।

**अवसर**

- नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनले आधारभुत तहलाई निःशुल्क रूपमा व्यवस्था गरेको र स्थानीय तहको जिम्मेवारीमा रहेकाले सबैको सहभागिता र पहुँच बढी गुणस्तरमा सुधार हुने
- स्थानीय सरकारको प्रत्यक्ष निगरानी र लगानीसँगै व्यवस्थापन गर्ने,
- संघीयता कार्यान्वयनसँगै सरोकारवालाहरूमा सार्वजनिक विद्यालय प्रति चासो, चिन्ता र निगरानि बढ्ने,
- गैर सरकारी संघ संस्थाले आधारभुत तहलाई प्रमुख प्राथमिकताका रूपमा राख्ने,

- स्थानीय राजनैतिक दल, शिक्षक पेशागत संघसंस्था र शैक्षिक अभियन्ता, अभिभावक र सरोकारवालासँग सकारात्मक धारणा सहित आधारभुत तह गुणस्तर सुधारका लागि चासो प्रतिवद्धता गरिरहेको,
- माध्यमिक तह उच्च शिक्षाको मुख्य आधारका रूपमा रहेको,

### ३.३.२ उद्देश्यहरू

माध्यमिक तहको शिक्षालाई व्यवस्थित र गुणस्तरीय गरी माध्यमिक तहको शैक्षिक सुधार गर्न निम्नानुसारका उदेश्य अवलम्बन गरिएको छ।

- माध्यमिक तहका विद्यालयहरुको सान्दर्भिकता र गुणस्तरमा सुधारका लागि शिक्षकको क्षमता विकास, भौतिक तथा शैक्षिक वातावरणलाइ बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, समावेशी र सुरक्षित बनाउनु।
- माध्यमिक तहका विद्यालयहरुमा सुचना प्रविधिको उच्चतम र प्रभावकारी प्रयोग गरी विधार्थीको समतामुलक पहुँचमा अभिवृद्धि गर्नु।
- शिक्षण सिकाई क्रियाकलाप समय सापेक्ष बनाउँदै सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित र आपतकालिन अवस्थामा समेत शिक्षण सिकाई क्रियाकलापलाई निरन्तरता दिन सकिने अवस्था निर्माण गर्नु।
- वि.व्य.स, शिक्षक, अभिभावक र प्र.अ. क्षमता विकासमा जोड दिदै, समग्र परिक्षा तथा मुल्यांकन प्रणालीमा सुधार तथा बालबालिका सिकाइ उपलब्धि हासिल गर्न वैकल्पिक शिक्षा सञ्चालन गर्नु।

### ३.३.३ रणनीति

उपरोक्त उद्देश्यहरु पूरा गर्नको लागि देहायका रणनीतिहरु अवलम्बन गरिने छ।

(क) संघीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक तहका विद्यालयको क्षमता विकास गर्ने।

(ख) सबै बालबालिकाहरुलाई निःशुल्क माध्यमिक तहको शिक्षाको पहुँच सुनिश्चित गर्ने ।

(ग) माध्यमिक तहका विद्यालयहरुमा सूचना प्रविधिको विकास गरी शिक्षण सिकाईलाई प्रवर्द्धन गर्ने ।

(ङ) माध्यमिक तहका विद्यालयहरुको वास्तविक अवस्था र नक्साङ्कन गरी सबै बालबालिकाहरुको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनः वितरण तथा समायोजन गर्ने।

(च) परीक्षा व्यवस्थापन प्रणालीलाई व्यवस्थित गरी विद्यार्थी मूल्याङ्कन प्रणालीलाई जीवनउपयोगी सिकाइसँग जोडेर सञ्चालन गर्ने।

(छ) सिकाई उपलब्धि कम भएका विषय र विद्यार्थी पहिचान गरी सुधार गर्न कार्ययोजना बनाई उपचारात्मक र सुधारात्मक विधिहरु लागु गर्ने।

(ज) अति विपन्न बालबालिकाहरुलाई समावेशीताको आधारमा समयानुकूल छात्रवृत्तिको व्यवस्था गर्ने।

(झ) विद्यालय बाहिर रहेका बालबालिकाहरुका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरु सञ्चालन गर्ने।

(ञ) विद्यालय प्रशासन र व्यवस्थापनलाई चुस्त र प्रभावकारी रुपमा सञ्चालन गर्न दक्षता विकास कार्यक्रमहरु सञ्चालन गर्ने ।

(ट) विद्यालयलाई विभिन्न किसिमका प्रकोप, संकट तथा महामारी र जलवायु परिवर्तन लगायतका परिस्थिति प्रति उत्थानशील बनाउने अधिकतम प्रयत्न गर्ने ।

(ठ) प्र.अ., शिक्षक, विद्यालय कर्मचारी, वि.व्य.स. र शि.अ.सं. पदाधिकारीहरूको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु सञ्चालन गर्ने।

(ड) आवधिक रुपमा सिकाईको मूल्याङ्कन गरी विद्यार्थीको सिकाई प्रति जवाफदेही हुने प्रणाली विकास गर्ने ।

(ण) सबै विद्यालयहरुमा मापदण्ड बमोजिमको न्यूनतम सिकाई वातावरण सुनिश्चित गर्ने।

(त) विद्यार्थीहरूको विद्यालयमा पहुँच अभिवृद्धि गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रमहरु सञ्चालन गर्ने।

(थ) समयसापेक्ष र आवश्यकता अनुसार प्राविधिक धारका माध्यमिक विद्यालयहरु स्थापना र सञ्चालन गर्न स्थानीय तहमा आवश्यक नीति, ऐन, नियम तथा कानुन निर्माण गर्दै संघीय र प्रदेश सरकारसँग समन्वय, सहकार्य र साझेदारी गर्ने ।

### ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**मुख्य उपलब्धिः**

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | माध्यमिक शिक्षामा सबै बालबालिकाको पहुँच तथा विद्यालय भर्ना सुनिश्चित हुने | माध्यमिक तहको भर्नादर तथा नियमित उपस्थितिदरमा वृद्धि हुने |
| २ | विद्यालयमा गुणस्तरीय तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण विकास हुने | प्रयोगशाला स्थापना भएका विद्यालय संख्या, ICT तथा STEAM आधारित शिक्षण अभ्यासमा वृद्धि हुने |
| ३ | विद्यालयको भौतिक पूर्वाधार, शिक्षक क्षमता तथा विद्यालय व्यवस्थापन प्रणाली सुदृढ हुने | न्यूनतम भौतिक पूर्वाधार पूरा भएका विद्यालय संख्या तथा तालिम प्राप्त शिक्षक/विव्यस पदाधिकारी संख्या वृद्धि हुने |

**मुख्य नतिजा**

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | माध्यमिक शिक्षामा पहुँच, समावेशिता तथा निरन्तरता अभिवृद्धि हुने | विद्यालय बाहिर रहेका तथा विपन्न/अपांगता भएका बालबालिकाको भर्ना र निरन्तरतामा वृद्धि हुने |
| २ | माध्यमिक तहको शिक्षण सिकाइ प्रक्रिया थप गुणस्तरीय, प्रविधिमैत्री तथा विद्यार्थीमैत्री हुने | सिकाइ उपलब्धि, गणित/विज्ञान/अंग्रेजी विषयको नतिजा तथा प्रविधिको प्रयोगमा सुधार हुने |
| ३ | विद्यालय व्यवस्थापन, शिक्षक व्यवस्थापन तथा शैक्षिक सुशासन सुदृढ हुने | शिक्षक दरबन्दी व्यवस्थापन, अनुगमन प्रणाली तथा विद्यालय व्यवस्थापनको प्रभावकारितामा सुधार हुने |

### ३.३.५ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालय सेवा क्षेत्रको सिमाङ्कन गरी हरेक माध्यमिक विद्यालयको सेवा क्षेत्र एकीन गर्ने | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | २५० | पालिका | प्रतिवेदन |
| २ | सेवा क्षेत्रभित्रका बालबालिकाको भर्ना सुनिश्चितताका लागि विद्यालय नक्साङ्कन, स्थापना तथा समायोजन | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | ३७५ | पालिका | नक्साङ्कन प्रतिवेदन |
| ३ | माध्यमिक शिक्षामा STEAM शिक्षा अन्तरसम्बन्धित गरी | विद्यालय | ५ | १ | १ | १ | १ | १ | १२५० | संघ र स्थानीय तह | अनुगमन प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | कार्यान्वियन गर्ने | | | | | | | | | | |
| ४ | विज्ञान, गणित तथा कम्प्युटर विज्ञान शिक्षणका लागि Lab boy सहित प्रयोगशाला स्थापना | विद्यालय | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ र स्थानीय तह | प्रयोगशाला अभिलेख |
| ५ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास गर्ने | माध्यमिक विद्यालय | सबै विद्यालय | √ | √ | √ | √ | √ | ५००० | संघ, प्रदेश, पालिका र संघसंस्था | अनुगमन प्रतिवेदन |
| ६ | प्रविधि तथा व्यवहार कुशल सीप एकीकरण सम्बन्धी शिक्षक क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | संघ, प्रदेश, स्थानीय तह र संघसंस्था | तालिम प्रतिवेदन |
| ७ | विव्यस तथा शि.अ.सं. पदाधिकारीहरूको क्षमता विकास तथा अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | संघ, प्रदेश, स्थानीय तह र संघसंस्था | सहभागिता सूची |
| ८ | विभिन्न किसिमका अपांगता भएका विद्यार्थीलाई सहयोग | निरन्तर | सबै लक्षित विद्यार्थी | √ | √ | √ | √ | √ | २००० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | सहायता अभिलेख |
| ९ | आर्थिक रूपमा विपन्न बालबालिकालाई पोसाक, छात्रवृत्ति तथा स्टेशनरी सहयोग | निरन्तर | लक्षित विद्यार्थी | √ | √ | √ | √ | √ | २५०० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | वितरण अभिलेख |
| १० | बालबालिकाको सिकाइ उपलब्धि वृद्धि गर्न प्रोत्साहन तथा अनुदान व्यवस्था | माध्यमिक विद्यालय | सबै विद्यालय | √ | √ | √ | √ | √ | २००० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | प्रगति प्रतिवेदन |
| ११ | शिक्षण सिकाइ प्रक्रियालाई बालबालिका तथा प्रविधिमैत्री बनाउने | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १५०० | संघ, प्रदेश, स्थानीय तह, वडा र विद्यालय | अनुगमन |
| १२ | बाल क्लब, इको क्लब, रेडक्रस सर्कल, स्काउट तथा अभिभावक सचेतना कार्यक्रम सञ्चालन | माध्यमिक विद्यालय | सबै विद्यालय | √ | √ | √ | √ | √ | २५०० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | कार्यक्रम प्रतिवेदन |
| १३ | प्र.अ., शिक्षक तथा विद्यालय कर्मचारीलाई प्रोत्साहन गर्न स्रोत व्यवस्थापन | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १५०० | संघ, प्रदेश, स्थानीय तह, वडा | निर्णय अभिलेख |
| १४ | शिक्षकको पेशागत सीप विकास तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १३०० | संघ, प्रदेश, स्थानीय तह, वडा र | तालिम प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | संघसंस्था | |
| १५ | गणित, अंग्रेजी र विज्ञान विषयमा प्रविधिमैत्री तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | तालिम प्रतिवेदन |
| १६ | सिकाइ उपलब्धि कम भएका विद्यार्थीको पहिचान तथा सुधार कार्यक्रम सञ्चालन | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १००० | संघ, प्रदेश, स्थानीय तह, वडा र संघसंस्था | सुधार प्रतिवेदन |
| १७ | शिक्षक व्यवस्थापन मापदण्ड अनुसार अपुग शिक्षक व्यवस्थापन | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १०००० | स्थानीय तह | शिक्षक अभिलेख |
| | **जम्मा** | | | | | | | | ३७१७५ | | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ वर्तमान अवस्था

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को पछिल्लो तथ्याङ्क अनुसार नेपालमा ५७ वटा आङ्गिक पोलिटेक्निक शिक्षालयहरु, १७ वटा साझेदारीमा सञ्चालित पोलिटेक्निक शिक्षालयहरु, ४३४ वटा सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा, ४२९ वटा सम्बन्धन प्राप्त शिक्षालयहरु र ५८७ प्राविधिक एस.एल.सी. तहका कार्यक्रमर ६१४ डिप्लोमा तहका कार्यक्रम सञ्चालनमा रहेका छन् (प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिम एकीकृत बार्षिक प्रतिवेदन, २०७६) । कर्णाली प्रदेशमा ४ वटा आङ्किक, २ वटा साझेदारी, १०४ वटा सामुदायिक विद्यालयहरु, १८ वटा निजी संस्थाहरु रहेका छन् तर यस लेकवेशी नगरपालिकामा हाल सम्म कुनै पनि प्राविधिक विद्यालयहरु नरहेको अवस्था छ ।

यस नगरपालिकामा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्द्वारा लेकवेशी नगरपालिका वडा नं. ४ मा स्थित श्री जीवनज्योति माध्यमिक विद्यालय दशरथपुरमा वि.स.२०७५ देखि १८ महिने कृषि जे.टि.ए. कार्यक्रम सञ्चालन भएकोमा हाल उक्त कार्यक्रम विद्यार्थी अभावका कारणले सञ्चालन हुन नसकेको अवस्था छ । यस बाहेक यस पालिकामा अन्य विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन नभएको अवस्था छ तर यस पालिकामा १८ महिने मात्र नभएर कक्षा ९ देखि १२ सम्म कै प्राविधिक शिक्षा आवश्यक रहेको पाइन्छ ।

### ३.४.२ उद्देश्य

१. स्थानीय श्रोत तथा आवश्यकताको पहिचानका अधारमा प्राविधिक विद्यालय स्थापना गर्नु,
२. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा सबैको समतामुलक सहज पहुँचमा अभिवृद्धि गर्नु,
३. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासका अवसर सृजना गर्दै दक्ष जनशक्ति उत्पादन गरि नगरपालिकाको आर्थिक सम्वृद्धिमा योगदान पुर्याउनु,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.४.३ रणनीति

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सीपको अवसर सृजना गर्ने
२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको, स्थापना, सञ्चालन, तथा नियमन गर्ने
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको विकास, विस्तार गरी गुणस्तर, प्रभावकारिता र पहुँचको सुनिश्चितता गर्ने
४. दिगो एवम् प्रभावकारी रूपमा सञ्चालन गर्न आवश्यकताका आधारमा प्राविधिक शिक्षाका लागि संघ, प्रदेश, स्थनीय सरकार, संघसंस्था, निजी क्षेत्र र सरोकारवालाहरूसँग समन्वय गर्ने
५. प्राविधिक तथा व्यावसायिक शिक्षाका क्षेत्रमा दक्ष, सक्षम र सीपयुक्त जनशक्ति तयार गर्ने
६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्म निर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने
७. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरू कृषि, वन, विज्ञान प्रविधि, इन्जिनियरिङ्ग, चिकित्सा, उर्जा, पर्यटन, जलस्रोत, स्थानीय प्रविधि, सम्पदा र संस्कृति, खेलकूद, जलवायु परिवर्तन लगायतका क्षेत्रहरूमा केन्द्रित अध्ययन गरि स्थानीय पालिकाको सम्भाव्यताका आधारमा कार्यक्रम बनाउने
८. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यवसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने
९. विद्यालय स्तर ९ - १२ मा प्राविधिक धारको पाठ्यक्रम तथा पठन पाठन कम्तिमा कुनै एक क्षेत्रमा सञ्चालन गर्ने
१०. स्थानीय तहमा सञ्चालन गरी प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने ।

### ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

***मुख्य उपलब्धि:***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीति तर्जुमा हुने | प्राविधिक तथा व्यावसायिक शिक्षा नीति निर्माण तथा स्वीकृत हुने |
| २ | सामुदायिक विद्यालयहरूमा प्राविधिक शिक्षा कार्यक्रम विस्तार हुने | प्राविधिक शिक्षा सञ्चालन गर्ने विद्यालयको संख्या वृद्धि हुने |
| ३ | युवाहरूका लागि सिपमूलक तालिम तथा उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन हुने | तालिम प्राप्त तथा उद्यमशीलतामा संलग्न युवाहरूको संख्या वृद्धि हुने |

***मुख्य नतिजा***

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षामा युवाहरूको पहुँच तथा सहभागिता वृद्धि हुने | प्राविधिक शिक्षा कार्यक्रममा सहभागी विद्यार्थी तथा युवाहरूको संख्या वृद्धि हुने |
| २ | युवाहरूमा सीप, नवप्रवर्तन तथा उद्यमशीलता क्षमता अभिवृद्धि हुने | सिपमूलक तालिम प्राप्त तथा स्वरोजगार/उद्यममा संलग्न युवाहरूको संख्या वृद्धि हुने |
| ३ | स्थानीय तहमा रोजगारमुखी तथा व्यवहारिक शिक्षाको प्रवर्द्धन हुने | रोजगार तथा आयआर्जनसँग आबद्ध युवा जनशक्तिको संख्या वृद्धि हुने |

### ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | प्राविधिक र व्यावसायिक शिक्षा सम्बन्धी पालिका स्तरीय नीतिको तर्जुमा | पटक | १ | १ | – | – | – | – | ५०० | पालिका | नीति दस्तावेज |
| २ | सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ४ | – | १ | १ | १ | १ | २००० | पालिका, विद्यालय | कार्यक्रम प्रतिवेदन |
| ३ | छोटो अवधिका सिपमूलक तालिमहरू सञ्चालन | वटा | १० | २ | २ | २ | २ | २ | ३००० | पालिका | तालिम प्रतिवेदन |
| ४ | युवालाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन | संख्या | २५ | – | ५ | ५ | ५ | ५ | २५०० | पालिका | सहभागिता अभिलेख |
| ५ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरूलाई उद्यमशीलता विकासका लागि सहयोग | संख्या | २५ | ५ | ५ | ५ | ५ | ५ | ५००० | पालिका | अनुगमन प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **१३०००** | | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा नीति, २०७६ ले नेपाललाई पुर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक, वैकल्पीक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जिवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ। सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नितिगत व्यवस्था गरिएको छ। यस पालिकामा एक सामुदायिक सिकाइ केन्द्र सञ्चालनमा रहेको छ। यस नगरपालिकामा संचालनमा रहेको सो सामुदायिक सिकाइ केन्द्रको स्थलगत अनुगमन, निरीक्षण भै परिचालन गरिएको छ। यस पालिकामा साक्षर ८२.२ र १७.८ निरक्षर रहेका छन्। पालिकामा सञ्चालित समुदायिक सिकाइ केन्द्रमा पुस्तकालय, किशोरीका लागि डिजिटल कक्षा र भाषा कक्षा लगायतका कार्यक्रम सञ्चालनमा रहेको छ।

**चुनौती:**

- प्रत्येक वर्ष साक्षर र निरक्षर संख्या वा तथ्यांक अध्यावधिक गर्न
- सामुदायिक सिकाइ केन्द्रमा साक्षरता कार्यक्रम व्यवस्थापन र सञ्चालन गर्न

- निरक्षर स्थानीय बासीलाई साक्षरता अभियानको कार्यक्रमा समावेश वा सहभागिता गराउन

**अवसरः**

- नेपाल सरकारले स्थानीय स्तरमा साक्षरता कार्यक्रम सञ्चालन गर्न सामुदायिक सिकाइ केन्द्र र नजिकको विद्यालयमा पठन पाठनको व्यवस्थाका लागि नितिगत व्यवस्था रहेको
- साक्षरता अभियान सञ्चालका लागि मानवीय श्रोत साधनको व्यवस्था रहेको

### ३.५.२ उद्देश्य

- सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु
- औपचारिक, अनौपचारिक तथा अतिरिक्त शिक्षा बीच अन्तरसम्बन्ध स्थापित गर्नु
- संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि संस्थागत सुदृढीकरण गर्नु
- स्थानीय तहलाई पूर्ण साक्षर घोषणा गर्नु

### ३.५.३ रणनीति

- मौलिक एवम परम्परागत ज्ञान तथा सीपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकिकरण एवम हस्तान्तरण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने
- सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्संरचना तथा पुनर्वितरण गरिने
- सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गरिने
- सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गरिने
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र सञ्चालन र सेवा प्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गरिने
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, स्थानीय गैर सरकारी संघ संस्थाहरू, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता कक्षाहरू सञ्चालन गरिने

### ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

***मुख्य उपलब्धिः***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी अवधारणात्मक स्पष्टता तथा नीति अभिमुखीकरण सम्पन्न हुने | अवधारणा पत्र निर्माण तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न हुने |
| २ | सामुदायिक सिकाइ केन्द्र तथा पुस्तकालय व्यवस्थापन विस्तार हुने | स्थापना तथा सुदृढीकरण भएका सामुदायिक सिकाइ केन्द्रहरूको संख्या वृद्धि हुने |
| ३ | निरक्षरता न्यूनीकरण तथा सूचना प्रविधिमैत्री सिकाइ वातावरण विकास हुने | डाटाबेस निर्माण, ICT उपकरण व्यवस्थापन तथा सहभागी शिक्षार्थीहरूको संख्या वृद्धि हुने |

*मुख्य नतिजा*

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइमा नागरिकहरूको पहुँच तथा सहभागिता वृद्धि हुने | सामुदायिक सिकाइ केन्द्र तथा आजीवन सिकाइ कार्यक्रममा सहभागी संख्या वृद्धि हुने |
| २ | निरक्षरता न्यूनीकरण तथा सीपमूलक सिकाइको अवसर विस्तार हुने | निरक्षर व्यक्तिको तथ्यांक व्यवस्थापन तथा साक्षरता कार्यक्रममा सहभागिता वृद्धि हुने |
| ३ | सामुदायिक सिकाइ केन्द्रहरू प्रविधिमैत्री तथा संस्थागत रूपमा सुदृढ हुने | ICT उपकरणयुक्त सामुदायिक सिकाइ केन्द्र तथा सञ्चालनमा रहेका संस्थाको संख्या वृद्धि हुने |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ सम्बन्धी अवधारणापत्र तयार गरी अभिमुखीकरण गर्ने | पटक | १ | – | १ | – | – | – | ५०० | संघ र स्थानीय तह | प्रतिवेदन |
| २ | निरक्षरहरूको विवरण संकलन तथा आजीवन सिकाइ सम्बन्धी डाटाबेस तयार गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | स्थानीय तह, सामुदायिक सिकाइ केन्द्र | डाटाबेस तथा प्रतिवेदन |
| ३ | सामुदायिक सिकाइ केन्द्र थप तथा पुस्तकालय व्यवस्थापन गर्ने | वटा | ७ | १ | – | २ | २ | २ | ७००० | संघ, प्रदेश तथा स्थानीय तह | अनुगमन प्रतिवेदन |
| ४ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिमैत्री उपकरण व्यवस्थापन गर्ने | सामुदायिक सिकाइ केन्द्र | ४ | १ | – | १ | १ | १ | ४००० | स्थानीय तह | उपकरण अभिलेख |
| ५ | सरकारी, गैरसरकारी तथा समुदायमा आधारित संस्थासँग साझेदारी तथा सहकार्य गर्ने | पटक | निरन्तर | √ | √ | √ | √ | √ | १५०० | संघ, प्रदेश, स्थानीय तह तथा संघसंस्था | सम्झौता तथा प्रतिवेदन |
| ६ | अनौपचारिक प्रौढ विद्यालय, खुला विद्यालय लगायत संस्थाहरूको संस्थागत विकास तथा सञ्चालनका लागि अनुदान उपलब्ध गराउने | संस्था | निरन्तर | √ | √ | √ | √ | √ | ५००० | संघ, प्रदेश, स्थानीय तह तथा संघसंस्था | अनुदान अभिलेख |
| | **जम्मा** | | | | | | | | **१९०००** | | |

# परिच्छेदः ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ वर्तमान अवस्था

राष्ट्रिय शिक्षा पद्दतिको योजना, २०२८ मा सर्वप्रथम विद्यालय तहमा पाठ्यक्रमलाई दस्ताबेजिकरण गरिएको थियो भने पाठ्यक्रम विकासका लागि संस्थागत रुपमा शिक्षा मन्त्रालय अन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको थियो। पाठ्यक्रम विकास केन्द्रको संरचनाको निरन्तरतासँगै विद्यालय तहको पाठ्यक्रम विकास, सुधार, तथा अद्यावधिक गर्ने क्रममै वि.सं. २०७६ मा राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ तयार भइ कार्यान्वयन भएको छ।

यस पालिकामा नेपाल राष्ट्रिय आधारभुत विद्यालय, पोखराभन्ज्याङले पाठ्यक्रम विकास केन्द्र द्वारा निर्मित मगर भाषाको पाठ्यक्रम र पाठ्यपुस्तक प्रयोग गरेर विगत केही वर्षदेखि पठनपाठन गराइरहेको अवस्था छ। शैक्षिक सत्र २०८२ देखि स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन गर्ने यस नगर पालिकाले योजना रहेको छ।

पाठ्यक्रम तथा पाठ्यपुस्तकको प्रभावकारी कार्यान्वयनको लागि हाल सम्म कक्षा १ देखि १० सम्म सबै विषय र कक्षा ११ र १२ का अनिवार्य विषयहरु नेपाल सरकारले नि:शुल्क पाठ्यपुस्तकको व्यवस्था गरेको छ र विभिन्न विषयका शिक्षक निर्देशिका तयार गरेको छ। पाठ्क्रमलाई सान्दर्भिक र प्रभावकारी बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको छ।

प्रत्येक विषयमा विषयवस्तुको स्वरुप अनुसार विद्यार्थीलाई २५ देखि ५० प्रतिशत सम्म भारको प्रयोगात्मक कार्य, परियोजन कार्य वा सामुदायिक कार्य व्यवहारिक अभ्यासमा रहेको छ। परिवर्तित पाठ्यक्रम अनुसार शिक्षकलाई निश्चित अवधिमा शिक्षकको पेसागत विकास तालिमको अवसर समय समयमा प्रदान गर्ने गरिएको छ। परीक्षण र मूल्यांकन प्रणालीमा सुधार गरी आधारभूत तह सम्म निरन्तर विद्यार्थी मूल्यांकन पद्दति अपनाइएको छ। सबै कक्षामा अक्षरांकन पद्दति अनुसार नतिजा निकाल्ने परिपाटी अपनाइएको छ।

**चुनौतीहरूः**

- पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि प्रयाप्त विषयगत शिक्षकको व्यवस्था गर्नु ,
- स्थानीय पाठ्क्रम र पाठ्य सामाग्री विकासका लागि क्षमता विकास गर्नु ,
- सबै शिक्षकलाई नयाँ पाठ्क्रमको अभिमुखिकरण गर्नु ,
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गर्नु ,
- अपाङ्गता भएका बालबालिकाको लागि अनुकुलको पाठ्यसामग्रीको व्यवस्था गर्नु

**अवसरहरुः**

- माध्यमिक तह सम्मका पाठ्य पुस्तक निःशुल्क उपलब्ध हुनु
- स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन मार्गदर्शन २०७६ को निर्माण हुन
- मगर भाषाको पाठ्यसामाग्री स्थानीय विषयका रूपमा पठनपाठन हुनु
- कक्षा ३ सम्म एकीकृत पाठ्यक्रमको व्यवस्था, पाठ्यक्रम तथा पाठ्यपुस्तक कार्यान्वयन हुनु
- संघ, स्थानीय तह बाट शिक्षामा सुधारका लागि शिक्षकको व्यवस्था गर्नु

- आवश्यकता अनुसार संघ, प्रदेश, स्थानीय तह र अन्य विकास साझेदारसँग समन्वय गरेर विभिन्न खालका क्षमता विकास तालिम सञ्चालन गर्नु

### ४.१.२ उद्देश्यः

- पाठ्यक्रमको विकास, परिमार्जन, पृष्ठपोषण र कार्यान्वयन गर्नु
- प्रत्येक विद्यालयमा पाठ्यक्रम प्रभावकारी कार्यान्वयनका लागि पाठ्यक्रम प्रबोधिकरण, क्षमता विकास र श्रोतको व्यवस्थापन गर्नु
- सिकारुका सिकाइ समस्याको समाधान उन्मुख निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु
- स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु।

### ४.१.३ रणनीति

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ र तदनुसारका पाठ्यक्रमको कार्यान्वयन गर्ने
- विकास गरिएका पाठ्यक्रम तथा पाठ्य सामग्रीलाई सम्बन्धित शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गर्ने,
- पाठ्यक्रम कार्यान्वयनका लागि अत्यावश्यक संरचनागत तथा पेसागत सक्षमता अभिवृद्धि गर्ने
- विपद्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने
- शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वाध्ययन तथा सन्दर्भ सामग्रीहरू उपलब्ध हुने व्यवस्था गर्ने
- शिक्षकको पेसागत सक्षमता विकासलाइ नविनतम प्रविधिसँग जोडी शिक्षण सिकाईमा प्रयोग गर्ने
- सहभागितामूलक, अन्तरक्रियात्मक, खोजमूलक एवम् समस्या समाधान केन्द्रित शिक्षण विधिको प्रयोगलाई संस्थागत गर्ने
- माध्यम भाषाका रूपमा आवश्यकताअनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने
- सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था गर्ने
- स्थानीय तथा मातृ भाषाको पाठ्यक्रम र पाठ्य सामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको बृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने

### ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

***मुख्य उपलब्धिः***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | विद्यालय तहमा पाठ्यक्रम अभिमुखीकरण तथा स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन र परिमार्जन कार्य सम्पन्न | पाठ्यक्रम अभिमुखीकरण कार्यक्रम संख्या तथा स्थानीय पाठ्यक्रम कार्यान्वयन भएका विद्यालय |

| | | |
|---|---|---|
| | हुने | संख्या |
| २ | शिक्षकहरूको पेशागत क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण सिकाइ प्रणाली सुदृढ हुने | पेशागत विकास कार्यक्रममा सहभागी शिक्षक संख्या तथा डिजिटल सामग्री प्रयोग गर्ने विद्यालय संख्या |
| ३ | विद्यालयमा शिक्षण सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा स्थानीय पढाइ सामग्रीको उपलब्धता र प्रयोग वृद्धि हुने | वितरण गरिएका शैक्षिक सामग्री संख्या तथा सामग्री प्रयोग गर्ने विद्यालयहरूको संख्या |

***मुख्य नतिजा***

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यालय शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधार हुने | विद्यार्थीको सिकाइ उपलब्धि तथा कक्षा उत्तीर्ण दरमा वृद्धि हुने |
| २ | शिक्षकहरूमा दक्षता, प्रविधि प्रयोग क्षमता तथा प्रभावकारी शिक्षण व्यवहार अभिवृद्धि हुने | तालिम प्राप्त तथा डिजिटल माध्यम प्रयोग गर्ने शिक्षकहरूको संख्या वृद्धि हुने |
| ३ | स्थानीय सन्दर्भअनुकूल पाठ्यक्रम तथा शैक्षिक सामग्रीको प्रयोगबाट विद्यार्थीको सहभागिता र सिकाइ रुचि वृद्धि हुने | स्थानीय पाठ्यक्रम तथा सामग्री प्रयोग गर्ने विद्यालय र विद्यार्थी सहभागिता दरमा वृद्धि हुने |

### ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | पाठ्यक्रम अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | स्थानीय तह, विद्यालय | प्रतिवेदन |
| २ | शिक्षक पेशागत विकास तथा सहयोग | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | २५०० | स्थानीय तह, विद्यालय | अनुगमन प्रतिवेदन |
| ३ | सूचना प्रविधि तथा डिजिटल सामग्री प्रयोग सहयोग | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ३००० | स्थानीय तह, विद्यालय | प्रगति प्रतिवेदन |
| ४ | स्थानीय पाठ्यक्रम निर्माण, कार्यान्वयन तथा परिमार्जन | पटक | ३ | – | १ | १ | १ | – | १५०० | स्थानीय तह | पाठ्यक्रम दस्तावेज |
| ५ | विद्यालयमा शिक्षण सिकाइ सामग्री, सन्दर्भ सामग्री तथा शैक्षिक सामग्री उपलब्धता, अभिमुखीकरण तथा प्रयोग | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, स्थानीय तह, विद्यालय | अभिलेख तथा प्रतिवेदन |
| ६ | स्थानीय पढाइ सामग्री तथा अन्य शैक्षणिक सामग्री निर्माण तथा प्रयोग सम्बन्धी तालिम | पटक | ३ | – | १ | – | १ | १ | १२०० | स्थानीय तह, विद्यालय | तालिम प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **११२००** | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ वर्तमान अवस्था

नेपालमा वर्तमान अवस्थामा शिक्षकहरु तयार गर्ने काम विश्वविद्यालय तथा विद्यालयहरुले गरिरहेका छन्। शिक्षक अध्यापन अनुमति पत्रका लागि परीक्षा सञ्चालन गर्ने, रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका परीक्षा सञ्चालन गरि नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी काम शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरुलाई नियुक्ति गरि पदस्थापन गर्ने कार्य स्थानीय तहहरुले गर्दै आएका छन्। यसै गरि अस्थायी वा करार शिक्षकको नियुक्ति गर्ने, शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गर्दै आएका छन्। शिक्षकको पेसागत विकासका लागि निति निर्माण गर्ने काम शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले, प्रमाणिकरण तथा कष्टमाइज्ड तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य शिक्षा तथा मानव स्रोत विकास केन्द्रले र शिक्षकको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने काम प्रदेश शिक्षा तालिम केन्द्रहरुले गर्दै आएका छन्।

| क्र. सं. | विवरण | स्थायी | | | रहत | | | संघिय अनुदान | पालिका अनुदान | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरूष | जम्मा | महिला | पुरूष | जम्मा | | | | |
| १ | बालबिकास | ० | ० | ० | ० | ० | ० | ५३ | २ | ५५ | १६.७ |
| २ | आधारभूत तह कक्षा १ - ५ | ३४ | ९७ | १३१ | २३ | १० | ३३ | ० | ३ | १६७ | ५०.८ |
| ३ | आधारभूत तह कक्षा ६ - ८ | ३ | २१ | २४ | ४ | ५ | ९ | ७ | ८ | ४८ | १४.६ |
| ४ | माध्यामिक तह ९ - १० | ४ | १४ | १८ | १ | ४ | ५ | २३ | ५ | ५१ | १५.५ |
| ५ | माध्यामिक तह ११- १२ | ० | ० | ० | ० | ८ | ८ | ० | ० | ८ | २.४ |
| ६ | प्राविधिक धार | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.० |
| | जम्मा | ४१ | १३२ | १७३ | २८ | २७ | ५५ | ८३ | १८ | ३२९ | |
| प्रतिशत | | २३.७ | ७६.३ | ५२.६ | ५०.९ | ४९.१ | १६.७ | २५.२ | ५.५ | | |

विद्यालयमा कार्यरत सबै प्रकारका जनशक्तिहरुको लागि निरन्तर पेसागत विकास र उन्नतिका लागि क्षमता विकासका कार्यक्रमहरु विभिन्न संघसस्था, मानव श्रोत तथा संसाधन केन्द्र, प्रदेश सरकार लगायत स्थानीय सरकारबाट पनि सञ्चालन हुदै आएका छन। शिक्षकहरुलाई सूचना प्रविधि, विद्यालयमा गरिने लेखा व्यवस्थापन, सार्वजनिक खरिद र जिन्सी व्यवस्थापन लगायत विषयहरुमा थप क्षमता विकासको आवश्यकता आंकलन गरिएको छ र सोही अनुसार मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपूर र मानव संसाधन विकास केन्द्र, सुर्खेतबाट माध्यमिक तहका विद्यालय कर्मचारीहरुलाई तालिम (लेखा) प्रदान गरिदै आएको छ।

**चुनौतीहरू**

१. शिक्षकहरुलाई शिक्षक पेशागत सहयोग प्रणालीगत रूपमा विकास गर्न
२. शिक्षक तालिमलाई वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपलाई कक्षाकोठामा प्रयोग गर्न,
३. विद्यार्थी संख्याका अधारमा शिक्षक दरबन्दी मिलान कार्यलाई पुर्णता दिन
४. शिक्षण पेसालाई रोजाइका पेसाको रूपमा विकास गर्न
५. विद्यार्थी सिकाइ उपलव्धीलाई शिक्षकको कार्यसम्पादन मुल्यांकनसँग आवद्द गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न
६. विद्यार्थी र शिक्षकको अनुपात तथा जनशक्तिको अभाव

७. सेवा सुविधामा समानता कार्यान्वयन
८. प्रविधिको पहुँच, कार्यान्वयन तथा क्षमता विकास
९. समुदाय, अभिभावक, शिक्षक तथा सरोकारवाला बीच समन्वय र सहकार्य

**अवसर**

१. शिक्षक सेवा आयोगले नियमित रूपमा दक्ष, सक्षम, आवश्यकता र मागका आधारमा नियमित रूपमा पद पुर्ति गर्नु
२. शिक्षकको पेशागत विकास र नविनतम् शिक्षण पद्धतिबारे संघ, प्रदेश, स्थानीय तह र संघसंस्था द्वारा विभिन्न किसीमका तालिम तथा गोष्ठी सञ्चालन गर्नु
३. स्थानीय तहले विद्यालयको आवश्यकता र विद्यार्थी संख्याका आधारमा थप शिक्षकको व्यवस्थापन गर्नु
४. शिक्षक र विद्यालयका समस्या, सिकाइ र असल अभ्यासबारे नियमित रूपमा पालिका स्तरिय प्रध्यानाध्यापक बैठकमा छलफल गरि अवलम्वन, सुधार र समाधानका उपाय निकाल्ने गर्नु
५. प्रध्यानाध्यापकसँग कार्यसम्पादनमा आधारित करार सम्झौताको व्यवस्था पालिको ऐनले गर्नु
६. डिजिटल, अनलाइन तथा समाजिक सञ्जालको प्रयोगले शिक्षा, विद्यार्थीमा सिकाइ क्षमता अभिवृद्धिमा सहयोग गर्नु,
७. सामुदायिक, निजी क्षेत्र, बिकास साझेदार निकायले शिक्षकको क्षमता विकास, व्यवस्थापन तथा सुधारमा लगानी गर्नु,
८. नयाँ पुस्ताका युवाहरूमा शिक्षक पेसा प्रति आकर्षण बढ्दै जानु,
९. शिक्षासँग सम्बन्धित राष्ट्रिय अन्तराष्ट्रिय राम्रा अनुभव, असल अभ्यास अवलम्वन गर्नु,

### ४.२.२ उद्देश्य

१. तह, कक्षागत विषयगत सक्षम शिक्षक आपूर्तिका लागि संघ तथा प्रदेश सरकारसँग समन्वय गर्नु
२. शिक्षक नियुक्ति र पुनर्वितरणलाई सुदृढ गर्नु
३. शिक्षकको क्षमता विकास तथा निरन्तर पेसागत सहयोग पद्धति विकास गर्नु
४. सुपरिवेक्षण, शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी रूपमा कार्यान्वयन गर्नु
५. शिक्षकलाई आवश्यक प्रोत्साहन तथा वृत्ति विकासका अवसर तथा विद्यार्थीको सिकाइ प्रति जवाफदेही पद्दतिको विकास, सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षकको व्यवस्थापन गर्नु

### ४.२.३ रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत, क्षेत्रगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण तथा थप गर्ने
२. रिक्त शिक्षक दरबन्दीको प्रक्षेपणका आधारमा शैक्षिक सत्रको पहिलो महिनामा शिक्षक नियुक्ति गरिने
३. प्रत्येक ३ वर्षमा शिक्षकको निरन्तर पेसागत विकासका लागि शिक्षण सिप विकास सम्बन्धी सेवाकालीन तथा पुर्नताजकीय तालिम अनिवार्य गर्ने
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराइने र यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ्ग तथा मेन्टोरिङ्ग पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने
५. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गरि शैक्षिक गुणस्तर बढाउने

६. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजा प्रति जवाफदेही हुने पद्धतिको विकास गरिने
७. शिक्षक नियुक्ति, सरूवा तथा तालिम र पेसागत विकासमा सहभागिता गराउँदा विद्यार्थीको सिकाइमा कुनै प्रभाव नहुने पद्धति विकास गर्ने
८. सबै सामुदायिक विद्यालयमा योग्यता प्राप्त शिक्षक प्रध्यानाध्यापक नियुक्त गर्ने
९. शिक्षक सक्षमता प्रारूपलाइ समयाअनुकुल अध्यावधिक गरि शिक्षक तयार तथा छनौट प्रक्रिया गर्ने
१०.सेवा निवृत्तका लागि स्वैच्छिक अवकास हुन चाहाने शिक्षकलाई प्रोत्साहनको व्यवस्था गर्ने
११.पुरस्कार र प्रोत्साहनको कार्यलाई कार्य सम्पादन, सामाजिक आचरण, समर्पण भाव र पेशा प्रति जिम्मेवारीताका आधारमा कार्यान्वयन गर्ने
१२.शिक्षकका पेशागत छाता संगठन (शिक्षक महासंघ) लाइ शिक्षकको क्षमता विकास, सहयोगका लागि आवश्यक समन्वय गर्ने

### ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

***मुख्य उपलब्धि:***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक (परिमाणात्मक) |
|---|---|---|
| १ | विद्यालयहरूमा ICT ल्याब, विज्ञान प्रयोगशाला तथा Book Corner सहित सिकाइमैत्री पूर्वाधार विस्तार | ४७ वटा ICT ल्याब/विज्ञान प्रयोगशाला स्थापना, सबै सामुदायिक विद्यालयमा Book Corner स्थापना |
| २ | शिक्षक पेशागत सहयोग प्रणाली (मेन्टरिङ, कोचिङ, विज्ञ समूह) सुदृढीकरण | ५ वटा विषयगत विज्ञ समूह गठन, १५ वटा शिक्षक पेशागत सहयोग संयन्त्र स्थापना, ६० जना शिक्षक कार्यसम्पादन प्रोत्साहन प्राप्त |
| ३ | स्थानीय पाठ्यक्रम, मूल्याङ्कन तथा सुपरिवेक्षण प्रणाली कार्यान्वयन | १ वटा स्थानीय पाठ्यक्रम निर्माण, ५ वटा प्रश्न निर्माण कार्यशाला, ५ वर्षसम्म ५ वटा सुपरिवेक्षण/अनुगमन चक्र सञ्चालन |

***मुख्य नतिजा:***

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक (परिमाणात्मक) |
|---|---|---|
| १ | विद्यालय शिक्षाको गुणस्तर तथा सिकाइ उपलब्धिमा सुधार | ५ वर्षमा परीक्षा नतिजा विश्लेषण ५ पटक सम्पन्न, सिकाइ उपलब्धि सुधार दर (कम्तीमा १५–२०% वृद्धि लक्ष्य) |
| २ | शिक्षकको पेशागत क्षमता तथा प्रविधिमैत्री शिक्षण विस्तार | ५ वर्षमा २५ वटा तालिम/कार्यशाला सञ्चालन, सबै विद्यालयमा ई-शिक्षक सञ्जाल प्रयोगमा |
| ३ | बालमैत्री, समावेशी तथा सिकाइमैत्री विद्यालय वातावरण सुदृढ | ४९ वटा विद्यालयमा निरन्तर उपचारात्मक कक्षा सञ्चालन, विद्यार्थी नियमित उपस्थिति दरमा वृद्धि (कम्तीमा १०–१५% वृद्धि लक्ष्य) |

### ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याई |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | असल अभ्यासको अवलोकन भ्रमण | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | स्थानीय तह, विद्यालय | भ्रमण प्रतिवेदन |
| २ | कार्य सम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा वितरण | जना | ६० | १२ | १२ | १२ | १२ | १२ | ३००० | स्थानीय तह, विद्यालय | अभिलेख |
| ३ | अस्थायी तथा विद्यालय स्रोत शिक्षक व्यवस्थापन मापदण्ड निर्माण | पटक | १ | १ | – | – | – | – | ५०० | स्थानीय तह | मापदण्ड/निर्देशिका |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | कमजोर विद्यार्थीका लागि विशेष सहयोगी कक्षा तथा उपचारात्मक शिक्षण | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | २५०० | विद्यालय, स्थानीय तह | प्रगति प्रतिवेदन |
| ५ | प्रारम्भिक कक्षामा Book Corner व्यवस्था | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | २००० | संघ, स्थानीय तह | विद्यालय अभिलेख |
| ६ | ICT ल्याब/विज्ञान प्रयोगशाला स्थापना | संख्या | ४७ | ५ | ८ | १० | १० | १४ | १५००० | संघ, स्थानीय तह | अनुगमन प्रतिवेदन |
| ७ | परीक्षाको नतिजा विश्लेषण कार्यक्रम | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | स्थानीय तह, विद्यालय | विश्लेषण प्रतिवेदन |
| ८ | विषयगत दक्ष शिक्षकहरूको विज्ञ समूह परिचालन | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | स्थानीय तह | बैठक/प्रतिवेदन |
| ९ | शिक्षक ई-सञ्जाल निर्माण तथा प्रयोग | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १२०० | संघ, प्रदेश, स्थानीय तह | प्रणाली अभिलेख |
| १० | विज्ञ समूह परिचालनद्वारा परामर्श, अनुसन्धान तथा सुपरीवेक्षण | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १५०० | संघ, स्थानीय तह | अनुगमन प्रतिवेदन |
| ११ | शिक्षक मेन्टरिङ/कोचिङ कार्यक्रम सञ्चालन | जना | सबै शिक्षक | √ | √ | √ | √ | √ | २००० | संघ, स्थानीय तह | कार्यक्रम प्रतिवेदन |
| १२ | शिक्षक पेशागत सहयोग तालिम सञ्चालन | निरन्तर | आवश्यकता अनुसार | √ | √ | √ | √ | √ | ३००० | संघ, प्रदेश, स्थानीय तह | तालिम प्रतिवेदन |
| १३ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | संघ, प्रदेश, स्थानीय तह | निर्णय/प्रतिवेदन |
| १४ | विद्यालयलाई शिक्षण सिकाइ अनुदान सहयोग | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | स्थानीय तह | वित्तीय प्रतिवेदन |
| १५ | छोटो अवधिको मोड्युलर तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | स्थानीय तह | तालिम प्रतिवेदन |
| १६ | कक्षा १–३ शिक्षकका लागि एकीकृत पाठ्यक्रम तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २००० | स्थानीय तह | तालिम प्रतिवेदन |
| १७ | प्रविधिमैत्री सिकाइ सम्बन्धी तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, प्रदेश, स्थानीय तह | तालिम प्रतिवेदन |
| १८ | शिक्षक पेशागत सहयोग प्रणाली विकास तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | १८०० | स्थानीय तह, विद्यालय | कार्यान्वयन प्रतिवेदन |
| १९ | विद्यालय सुपरिवेक्षण तथा अनुगमन | निरन्तर | सबै विद्यालय | √ | √ | √ | √ | √ | १५०० | संघ, स्थानीय तह | अनुगमन प्रतिवेदन |
| २० | शिक्षक पेशागत | पटक | १५ | ३ | ३ | ३ | ३ | ३ | ३००० | संघ, स्थानीय | स्थापना प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग संयन्त्र स्थापना तथा कार्यान्वयन | | | | | | | | | तह | |
| २१ | पढाइ मेला तथा विज्ञान प्रदर्शनी सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | १२५० | विद्यालय, स्थानीय तह | कार्यक्रम प्रतिवेदन |
| २२ | विशिष्टीकरण तालिकामा आधारित प्रश्न निर्माण कार्यशाला | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | स्थानीय तह | कार्यशाला प्रतिवेदन |
| २३ | स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन | पटक | १ | १ | – | – | – | – | २५०० | स्थानीय तह | पाठ्यक्रम दस्तावेज |
| | **जम्मा** | | | | | | | | **५४,७५०** | | |

## ४.३. शैक्षिक समता र समावेशीकरण

### ४.३.१ वर्तमान अवस्था

समानता र समता तथा सहभागिता स्थान विशेषमा फरक फरक हुने भएकोले यसलाई सहि तवरले कार्यान्वयन गर्नु चुनौतिपूर्ण हुन्छ । नेपालको संविधानले परिकल्पना गरेको शिक्षामा भूगोल, आर्थिक, अपाङ्गता तथा सामाजिक रुपमा पछाडि परेका व्यक्ति, समुदायको पहुँच र सहभागिता हुने वातावरण भए सार्थकता पाउने देखिन्छ । विभिन्न कारणले अझै पनि दलित, अल्पसंख्यक, विपन्न तथा अपाङ्गता भएका र दुर्गम भूगोलमा बसोवास गर्ने बालबालिकाहरुका लागि  शैक्षिक पहुँच समान अवसरको रुपमा पुगेको देखिदैन । शिक्षाको पहुँच वृद्धि गर्न पछि परेका समुदायलाई थप अवसर दिई सबैको सहभागिता सुनिश्चित गर्नु पर्ने देखिन्छ । शिक्षा आफैंमा एक सामाजिक कार्य भएकोले शिक्षामा सबैको पहुँच तथा सहभागिताको अधिकार सुनिश्चित गर्ने अति आवश्यक छ ।

**चुनौति**

१. अपांगता, सामाजिक रूपमा पछाडि परेका, सिमान्तकृत बालबालिकाको तथ्यांक संकलन तथा अद्यावधिक गर्ने
२. वर्ग अनुसारको परिचय पत्रको प्रभावकारी व्यवस्था, अपाङ्तामैत्री भौतिक संरचना शौचालय खानेपानी फर्निचर लगायतका पूर्वाधार तथा अपाङ्गता भएका बालबालिकाको लागि सहजिकरण गर्ने
३. शिक्षामा सबै तहको लगानी वृद्धि गर्ने दिवा खाजा, छात्रावृत्ति लगायत विद्यार्थी सहुलियत कार्यक्रमलाई एकिकृत प्रणाली बमोजिम कार्यान्वयन गर्ने
४. उच्च शिक्षामा लगानी साझेदारीको नीति अवलम्बन गर्दै शिक्षामा निजी क्षेत्र र विकास साझेदार निकाय परिचालन गर्ने
५. उच्च शिक्षामा आधुनिक प्रविधिको प्रयोग गरी दूर सिकाइलाई प्राथमिकतामा राखेर दुर्गमका विद्यार्थीलाई समेत अध्ययन गर्न सकिने गरी प्रणालीको विकास गर्ने
६. अटिजम लगायत सबै प्रकारका अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहँचु सुनिश्चित र उद्यमशीलता विकास गर्ने
७. विभिन्न कारणले अपाङ्गता भएका विद्यार्थीहरुलाई आधारभूत तहको शिक्षा स्थानीय विद्यालयमै उपलब्धता माध्यामिक र उच्च शिक्षा मार्फत चौतर्फी विकास हुने गरी प्रदेश वा आवश्यकता अनुसार अन्य शहरमा विशेष आवासीय विद्यालयको व्यवस्थापन गर्ने

**अवसर**

१. नेपाल सरकाले अपांगता, अल्पसंख्या र दलित जस्ता विद्यालय पहुँचबाट बञ्चित भएका बालबालिकालाई शिक्षाको मुल धारमा ल्याउन प्रोत्साहन एवम् सहयोगका लागि नीतिगत व्यवस्था
२. विद्यालय र शिक्षाको पहुँचमा ल्याउन विभिन्न प्रकारका छात्रवृत्तिको व्यवस्था
३. यस नगरपालिकाले आर्थिक रूपले उच्च शिक्षाबाट वञ्चितिकरण कोहि पनि हुन नदिन छात्रवृत्ति व्यवस्थापन

### ४.३.२ उद्देश्य

१. महिला, दलित, जनजाती, लोपोन्मुख समुदाय, अपाङ्गता भएका, कठिन भौगोलिक अवस्थामा रहेका, जोखिममा परेका, आर्थिक रूपले विपन्न, द्वन्द्व प्रभावित, आर्थिक तथा सामाजिक कारणले बञ्चितिमा परेका व्यक्तिहरूलाई शिक्षाको पहुँच सुनिश्चितता गर्नु
२. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाई नहुने सुनिश्चितता तथा लक्षित समूहका बालबालिकाहरूको सिकाइमा सहभागिता वृद्धि गरी शिक्षाको गुणस्तर सुनिश्चित गर्नु
३. विविधता, समता एवम् समावेशी शिक्षाका मूल्य, मान्यता अनुकुल गुणस्तरीय सेवा प्रवाह गर्ने जनशक्तिको दक्षता र सक्षमता सुनिश्चित गर्नु,
४. शैक्षिक सुशासनका लागि विद्यमान संरचनालाई जवाफदेही तथा मैत्रीपुर्ण भौतिक संरचनाहरु निर्माण गर्नु
५. पाठ्यक्रम, पाठ्यसामग्री, शिक्षण सिकाइ क्रियाकलाप लगायत समग्र शैक्षिक प्रणालीमा विविधता, समता तथा समावेशीता अभिवृद्धि गरी विद्यालयलाई बालमैत्री बनाउनु,

### ४.३.३ रणनीतिहरूः

१. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरूको अवस्था तथा आवश्यकता पहिचान गरी सो अनुसार पहुँच र सहभागिताको प्रबन्ध गर्ने
२. विद्यालयमा अध्यनरत सबै विद्यार्थीहरूलाई शैक्षिक सत्रको सुरूमा नै उनिहरूको शारिरीक, मानसिक, बौद्धिक पहिचान तथा आवश्यकता अनुसार सहयोग गर्ने
३. सबै विद्यालयमा लैङ्गिक तथा अपाङ्गमैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी विशेष लक्षित समूहका सबै बालबालिकाहरूलाई शिक्षा उपलब्ध गर्ने,
४. आवश्यकतामा आधारित वैकल्पिक शिक्षा कार्यक्रमका विभिन्न नमूनाहरूको विकास गरी पहुँच सुनिश्चित गर्ने
५. स्थानीय पाठ्यक्रम मार्फत शिक्षण सिकाइमा मातृभाषा, संस्कृति, भूगोल, इतिहास, स्थानीय ज्ञान तथा सीप समावेश गर्ने,
६. सहयोगको आवश्यकता भएका बालबालिकाको लागि आवश्यकता अनुसार सामाग्री तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने,
७. सिकाई क्रियाकलापलाई सहभागितामूलक बनाइ विद्यार्थीका आवश्यकतालाई सम्बोधन गर्ने,
८. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने वातावरणको सृजना तथा गुनासो सुनुवाइ संयन्त्र व्यवस्था गर्ने
९. अपांगता मैत्री शिक्षण सिकाइका लागि नविनतम सुचना प्रविधिमा आधारित दक्ष जनशक्ति विकास तथा व्यवस्था गर्ने

१०.समता तथा समवेशी सम्बन्धी निति तथा कार्यक्रमका बारेमा अभिमुखिकरण, तालिम जस्ता कार्यक्रम सञ्चालन गर्ने

११.औपचारिक शिक्षाबाट वञ्चित बालबालिकालाई शिक्षाको हक सुनिश्चतताका लागि सामुदायिक सिकाइ केन्द्र, सरकारी, गैर सरकारी संघसंस्था, निजि क्षेत्र र अन्य निकायसँग समन्वय तथा सहकार्य गर्ने

१२.अपांगताको प्रकृति अनुसार लचिलो पाठ्क्रम तथा पाठ्यस्तक, वैकल्पिक सिकाइ समाग्री तथा शिक्षण सिकाइमा जोड दिनुका साथै विद्यार्थी मुल्यांकन प्रणालीलाई अपांगता भएमा बालबालिका अनुकुल बनाउन संघ एवम् प्रदेश सरकारसँग समन्वय एवम् सहकार्य गर्ने

### ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**मुख्य उपलब्धिः**

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | स्थानीय तहमा बालबालिकाको अवस्था, सिकाइ आवश्यकता तथा विद्यालय बाहिर रहेका बालबालिकाको पूर्ण तथ्याङ्क/डाटाबेस तयार हुने | १ वटा अद्यावधिक बालबालिका तथ्याङ्क तथा शिक्षा डाटाबेस स्थापना |
| २ | विद्यालय बाहिर रहेका बालबालिकाको भर्ना तथा निरन्तर शिक्षामा पहुँच वृद्धि हुने | कम्तीमा ९०–१००% लक्षित बालबालिका विद्यालय भर्ना हुने |
| ३ | विद्यालयहरूमा बालमैत्री, अपाङ्गमैत्री तथा सुरक्षित सिकाइ वातावरण सुधार हुने | कम्तीमा ८०% विद्यालयमा आधारभूत बालमैत्री पूर्वाधार र संयन्त्र स्थापना |

**मुख्य नतिजाः**

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | प्रारम्भिक तथा आधारभूत शिक्षामा बालबालिकाको पहुँच र सहभागिता वृद्धि हुने | भर्ना दरमा कम्तीमा १५–२०% वृद्धि तथा ड्रपआउट दरमा कमी |
| २ | शिक्षा प्रणाली समावेशी, बालमैत्री तथा गुणस्तरीय हुने | ८०% भन्दा बढी विद्यालयमा बालमैत्री शिक्षण विधि र पूर्वाधार लागू हुने |
| ३ | आजीवन सिकाइ तथा समुदायमा आधारित शिक्षाको पहुँच विस्तार हुने | कम्तीमा ५ वटा सामुदायिक सिकाइ/आजीवन सिकाइ कार्यक्रम नियमित सञ्चालन हुने |

### ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | अनुमानित बजेट (रु. हजार) | कार्यान्वयन गर्ने निकाय | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | बालबालिकाको अवस्था र सिकाइ आवश्यकता पहिचान गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २,५०० | स्थानीय तह | प्रतिवेदन |
| २ | शिक्षाबाट वञ्चित बालबालिकाको कारण पहिचान तथा सहयोग कार्यक्रम | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ३,००० | संघ, प्रदेश, स्थानीय तह | प्रतिवेदन |
| ३ | सूचना प्रविधिमा आधारित दक्ष जनशक्ति विकास तथा तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ४,००० | संघ/प्रदेश/स्थानीय तह | तालिम प्रतिवेदन |
| ४ | गुनासो सुनुवाइ संयन्त्र स्थापना तथा | विद्यालय | ४६ | १५ | २० | १० | १ | – | २,००० | स्थानीय तह/विद्यालय | संयन्त्र अभिलेख |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अभिमुखिकरण | | | | | | | | | | |
| ५ | विद्यालय बाहिरका बालबालिका भर्ना तथा निरन्तरता कार्यक्रम | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ३,५०० | स्थानीय तह/विद्यालय | अनुगमन प्रतिवेदन |
| ६ | लक्षित समूहका लागि छात्रवृत्ति व्यवस्था | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ६,००० | संघ/प्रदेश/स्थानीय तह | छात्रवृत्ति अभिलेख |
| ७ | बालमैत्री, अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री पूर्वाधार विकास | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | १५,००० | संघ/प्रदेश/स्थानीय तह | पूर्वाधार प्रतिवेदन |
| ८ | बालकेन्द्रित शिक्षण तथा सिकाइ वातावरण सुधार | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ५,००० | विद्यालय/स्थानीय तह | अनुगमन प्रतिवेदन |
| ९ | स्थानीय पाठ्यक्रम अभिमुखिकरण तथा कार्यान्वयन | पटक | ५ | १ | १ | १ | १ | १ | २,५०० | संघ/प्रदेश/स्थानीय तह | अभिमुखिकरण प्रतिवेदन |
| १० | आजीवन सिकाइ सामग्री तथा क्षमता विकास | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ४,५०० | स्थानीय तह/संघसंस्था | सामग्री अभिलेख |
| ११ | स्थानीय पाठ्यक्रममा भाषा, संस्कृति र सीप समावेश | पटक | ५ | १ | १ | १ | १ | १ | २,००० | स्थानीय तह | पाठ्यक्रम दस्तावेज |
| १२ | अनिवार्य शिक्षा सुनिश्चित घोषणा तथा भर्ना अभियान | पटक | १ | – | – | १ | – | – | १,५०० | स्थानीय तह/विद्यालय | घोषणा पत्र |
| १३ | स्थानीय पाठ्यक्रममा समता तथा समावेशीकरण समावेश | पटक | १ | १ | – | – | – | – | १,००० | स्थानीय तह | पाठ्यक्रम प्रतिवेदन |
| १४ | अपाङ्गमैत्री विद्यालय विस्तार | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ८,००० | विद्यालय/स्थानीय तह | अनुगमन प्रतिवेदन |
| १५ | विद्यालयमा विभेद, दुर्व्यवहार नियन्त्रण संयन्त्र स्थापना | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | २,००० | स्थानीय तह/विद्यालय | संयन्त्र प्रतिवेदन |
| १६ | वैकल्पिक सिकाइ सामग्री तथा शिक्षण सहयोग | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | ३,५०० | स्थानीय तह/संघसंस्था | सामग्री अभिलेख |
| | **जम्मा** | | | | | | | | ६७,५०० | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ वर्तमान अवस्था

बालबालिकाको शैक्षिक पहुँच, सहभागिता र सिकाई स्तर अभिवृद्धि गर्ने र उनीहरूको स्वास्थ्य तन्दुरुस्त राख्न सामुदायिक विद्यालयमा खाजा कार्यक्रम सञ्चालित छ। तात्कालिक रूपमा बालबालिकाको भोक न्युनिकरण गर्दै उनीहरूको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार गरी शैक्षिक पहुँच, सहभागिता, निरन्तरता र सिकाई स्तर समेत अभिवृद्धि गर्ने दिर्घकालीन लक्ष्यका साथ दिवा खाजा कार्यक्रम आधारभूत विद्यालय तहमा विगत केही वर्ष देखि

कार्यान्वयनमा छ । यसको दायरा प्रतिवर्ष विस्तार हुँदै गएको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा नि:शुल्क हुनेछ र प्रत्येक नागरिकलाइ खाद्य सुरक्षा समेत प्रत्याभुत गरेको छ । दिगो विकासका लक्ष्यमा गरिबी न्युनिकरण, भोक उन्मुलन र सबैलाई गुणस्तरीय आधारभूत शिक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ । आर्थिक रूपमा विपन्न, मानव विकास सूचकाङ्कमा पछि परेका समदुायका बालबालिकालाई दिवा खाजा सहित नि:शुल्क शिक्षा सुनिश्चित गरिने व्यवस्था अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ गरेको छ । विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्था उनीहरूको संज्ञानात्मक क्षमता, शैक्षिक उपलब्धि, गुणस्तरीय जीवन तथा समाजका लागि विभिन्न पक्षमा योगदान गर्ने क्षमतालाई प्रभाव पार्ने भएकाले उनीहरूको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो बनाइनु आवश्यक हुन्छ । विद्यालयमा हुने सरसफाई तथा स्वच्छताको अभ्यास तथा शिक्षाले बालबालिकाको स्वास्थ्यमा सकारात्मक प्रभाव पर्ने भएको हुँदा आवश्यक परिपाटीको व्यवस्था मिलाउनु सम्बन्धित स्थानीय तह र विद्यालयको जिम्मेवारी भित्र पर्दछ । यसले बालबालिकाको भावी जीवनका लागि सरसफाई तथा स्वच्छताको अभ्यासमा सहयोग गर्नाका साथै परिवार तथा समदुायमा पनि यसले सकारात्मक प्रभाव पर्ने भएको हुदा आवश्यकता अनुरुप सरसफाई र स्वच्छतामा सुधार आवश्यक छ।

स्वस्थ शरीरमा स्वस्थ मस्तिष्कको निर्माण हुन्छ भन्ने मान्यतालाई आत्मसाथ गर्दै नेपाल सरकारले आ.व. २०७७/२०७८ देखी सबै सामुदायिक विद्यालयहरुमा बालबिकास देखी कक्षा ५ सम्मका सबै विद्यार्थीहरुका लागी दिवा खाजा सञ्चालन गर्नका लागी बजेट विनियोजन गरिएको थियो। विद्यार्थीको स्वास्थ्य तथा पोषणको अवस्थाले गुणस्तरिय जिवन जिउन सहयोग गर्नुका साथै समाजका विभिन्न पक्षमा योगदान गर्न सक्ने सक्षम जनशक्ति उत्पादन गर्न सहयोग गर्ने भएकोले स्वास्थ्य तथा पोषण सम्बन्धि ज्ञान प्रदान गर्नु आवश्यक छ । विद्यार्थिहरुले स्वास्थ्य तथा पोषण सम्बन्धि आवश्यक ज्ञान हासिल गरी उक्त ज्ञानको अभ्यासले आफ्नो घर परिवार तथा समुदायमा सकारात्मक प्रभाव पार्दछ।

यस पालिका अन्तरगतका ४७ वटै सामुदायिक विद्यालयहरुमा नेपाल सरकारको पन्ध्रौ योजनामा बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तरगत विद्यालयमा आधारित पोषण कार्यक्रमलाई महत्व दिएको थियो भने सोह्रौ योजनामा सोही कार्यक्रमको तेस्रो कार्यान्वयनमा उच्च प्राथमिकताका आधारमा सुक्ष्म पोषक तत्वको कमीलाइ कम गर्न सप्लिमेन्ट,फोर्टिफिकेसन तथा खाद्य विविधिकरणमा स्थानीय एवम् रैथाने खाद्यान्नमा उत्पादन गर्ने, खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्न मौलिक एंवम रैथाने उत्पादनमा जोड दिने, प्रकृति मैत्री उत्पादन प्रणालीलाई अनुसरण गर्दै दिगो उपयोगको पद्धति अवलम्वन गर्ने कुरा उल्लेख गरिएको छ।

**चुनौती**

१. सबै विद्यालयमा स्थानीय स्तरमा उत्पादित गुणस्तरीय खाजा व्यवस्थापन गर्न,
२. दिवाखाजा प्रणालीको विकास तथा एकरूपता
३. संघले बनाएको दिवाखाजा सम्बन्धी मापदण्डको कार्यान्वयन
४. दिवा खाजाको फाइदा, बहुआयामिक पक्ष बारे जानकारी
५. सबै विद्यालयमा अनुगमन अभिभावक शिक्षाको कमी
६. प्रति विद्यार्थी प्राप्त हुने खाजाको रकम बढाउन
७. सबै तहमा दिवाखाजा कार्यक्रम कार्यान्वयनमा ल्याउन
८. भौगोलिक रूपमा विकट स्थानमा दिवा खाजाका लागि आवश्यक खाद्य वस्तु उपलब्ध गर्न,

९. सबै विद्यालयमा प्राथमिक उपचार सामग्री व्यवस्थापन तथा अभिमुखिकरण गर्नु
१०. बालबालिकाको शारिरीक अवस्था पहिचान तथा वर्गिकरण गर्ने
११. अपांग बालबालिकाको नियमित पहिचान र सहयोग तथा सिफारिस व्यवस्थित गर्नु
१२. नेपाल सरकारको विद्यालय नर्स कार्यक्रम कार्यान्वयन गर्नु
१३. विद्यालय स्वच्छता, सरसफाई, स्वच्छ खानेपानी, व्यवस्थित शौचालय सबै विद्यालयमा प्रभावकारी कार्यान्वयन गर्नु
१४. महिनावारी आराम कक्ष तथा स्वच्छता मुलक कार्यक्रम सबै विद्यालयमा प्रभावकारी व्यवस्थापन गर्नु,

**अवसर**

१. नेपाल सरकारले दिवा खाजा व्यवस्थापनमा नितिगत व्यवस्था गर्नु
२. विभिन्न विकास साझेदार निकायसँग समन्वय र साझेदारी गरेर दिवा खाजा व्यवस्थित तथा गुणस्तरीय गर्नु
३. नेपाल सरकारको विद्यार्थी स्वास्थ्य कार्यक्रम अन्तरगत बालबालिकाको स्वस्थ्य परीक्षा, औषधि वितरण र विभिन्न प्रकारका खोप प्रदान गर्नु,
४. बालबालिकाको स्वास्थ्य समस्या समाधान र स्वास्थ्य र सरसफाई व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहले स्वास्थ्यसँग सम्बन्धित नितिगत व्यवस्थापन गर्नु,

### ४.४.२ उद्देश्य:

१. विद्यालय खाजासँग सम्बन्धित सेवामा सुधार गरी पालिकामा रहेका सबै विद्यालयका बालबालिकालाई स्वस्थ एवं पौष्टिक आहार प्राप्तिको सुनिश्चितता गर्नु,
२. पालिकाका विद्यालयमा अध्यनरत बालबालिका स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सेवामा सुधार गर्नु,
३. बालबालिकाको शारीरीक, मानसिक तथा संवेगात्मक विकाससँगै अध्यनरत बालबालिकाको स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छतामा प्रोत्साहन गर्नु,
४. स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी सेवाको गुणस्तर वृद्धि गरि सिकाई उपलब्धि स्तर वृद्धि गर्नु ।

### ४.४.३ रणनिति:

१. विभिन्न सुविधाहरुको विस्तार गरी दिवा खाजा कार्यक्रमलाई व्यवस्थित गर्ने ।
२. सबै विद्यालयहरुमा प्रर्याप्त स्वच्छ पिउने पानीका साथै सफाइ सामाग्री व्यवस्थापन गर्ने ।
३. दिवा खाजा व्यवस्थापनका लागि स्थानीय स्तरको कृषि उत्पादित वस्तुलाई प्राथमिकता दिईने ।
४. दिवा खाजा सहित स्वास्थ्य तथा पोषण कार्यक्रमलाई दिगो र प्रभावकारी बनाउन तीनै तहका सरकारसँग साझेदारी, अभिभावक सक्रियता र गैर सरकारी संस्थाहरुसँग आवश्यक सहयोगका लागी पोषण अन्तरगत न्यून रकमलाई वृद्धि गर्नका लागि आवश्यक तयारी गर्ने ।
५. सबै विद्यालयहरुमा सफाई सामाग्री सहित शौचालयको व्यवस्थापन गर्ने ।
६. विद्यालयमा स्वास्थ्य परिचालिकाको व्यवस्था गरी आवश्यक पर्ने प्राथमिक उपचार किट, विद्यार्थीहरुको आवधिक स्वास्थ जाँचका साथै छात्राहरुका लागी महिनावारी स्वच्छताको व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

७. विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग-अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने ।

८. विद्यालयमा अतिरिक्त क्रियाकलाप, खेलकुद र पोषण व्यवस्थापनका लागी आवश्यक कार्यक्रम सञ्चालन गर्ने ।

### ४.४.४ उपलब्धि तथा नतिजा :

**मुख्य उपलब्धि:**

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | विद्यालयहरूमा दिवा खाजा कार्यक्रमका लागि आवश्यक भौतिक पूर्वाधार (भान्सा, भण्डार, भाँडावर्तन) स्थापना तथा सुदृढीकरण भएको | भान्सा तथा भण्डार सेट स्थापना भएका विद्यालय संख्या (१ सेट पूर्ण रूपमा सञ्चालन) |
| २ | छात्र/छात्राका लागि सुरक्षित, स्वच्छ र लैङ्गिकमैत्री शौचालय तथा WASH सुविधा विस्तार भएको | निर्माण/मर्मत भएका शौचालय संख्या (१० वटा) |
| ३ | विद्यालयमा स्वास्थ्य तथा पोषणसम्बन्धी सेवा (पोषक आहार, स्यानिटरी प्याड, औषधि, स्वास्थ्य जाँच) नियमित रूपमा सञ्चालन भएको | स्वास्थ्य तथा पोषण सेवा पुगेका विद्यालय संख्या (५ विद्यालय नियमित सेवा) |

**मुख्य नतिजा**

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यार्थीहरूको विद्यालय उपस्थिती, टिकाउपन (retention) र सिकाइमा सुधार हुने | दिवा खाजा कार्यक्रम सञ्चालन भएका विद्यालयमा नियमित उपस्थिति दर वृद्धि हुने (कम्तीमा १५–२५% सम्म वृद्धि अनुमान) |
| २ | विद्यालयमा स्वास्थ्य, सरसफाइ तथा पोषण अवस्थाको सुधार भई रोग संक्रमण घट्ने | स्वास्थ्य जाँच, जुकाको औषधि र पोषण सामग्री प्राप्त गर्ने विद्यार्थी संख्या (वार्षिक रूपमा १००% लक्ष्यित विद्यार्थी) |
| ३ | किशोरीहरूको विद्यालय उपस्थिती तथा महिनावारी सम्बन्धी अवरोध घट्ने | स्यानिटरी प्याड उपलब्ध भएका विद्यालय (५ विद्यालय) मा किशोरी अनुपस्थितिमा कमी (अनुमानित २०% कमी) |

### ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | दिवा खानाका लागि भान्सा तथा भण्डार, भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | सेट | १ | १ | – | – | – | – | ३००० | स्थानीय तह/ विद्यालय व्यवस्थापन समिति | खरिद तथा जडान अभिलेख |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | विद्यालय | १ | √ | √ | √ | √ | √ | १५००० | विद्यालय, स्थानीय तह | खाजा वितरण अभिलेख |
| ३ | स्थानीय कृषि सहकारी/किसान समूहलाई दिवा खाजा आपूर्तिका लागि तालिम तथा सहयोग | समूह | ५ | १ | १ | १ | १ | १ | २५०० | कृषि सहकारी, स्थानीय तह | तालिम प्रतिवेदन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | पानी, साबुन तथा सफाइ सामग्रीसहित छात्र/छात्राका लागि अलग शौचालय व्यवस्थापन | शौचालय | १० | २ | २ | २ | २ | २ | १२००० | स्थानीय तह/विद्यालय | निर्माण तथा अनुगमन प्रतिवेदन |
| ५ | महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड व्यवस्था (कक्षा ६–१२) | विद्यालय | ५ | √ | √ | √ | √ | √ | ३००० | स्थानीय तह/विद्यालय | वितरण अभिलेख |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सूक्ष्मपोषक तत्व (भिटामिन ए, आइरन, फोलिक एसिड) प्रदान | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | ४००० | स्वास्थ्य संस्था/स्थानीय तह | स्वास्थ्य शिविर प्रतिवेदन |
| ७ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान तथा प्रतिस्थापन | किट | १० | २ | २ | २ | २ | २ | २००० | स्थानीय तह/विद्यालय | किट अभिलेख |
| ८ | पोषण तथा स्वास्थ्य शिक्षा एवं दिवा खाजा अनुगमन तथा मूल्याङ्कन कार्यक्रम | कार्यक्रम | ५ | १ | १ | १ | १ | १ | १५०० | स्थानीय तह/विद्यालय/ स्वास्थ्य शाखा | अनुगमन प्रतिवेदन |
| | जम्मा | | | | | | | | ५०००० | | |

## ४.५. विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ वर्तमान अवस्था

विद्यालय शान्ति क्षेत्र, राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई शसस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव, दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने कुरा उल्लेख गरिएको छ । हाल कोभिड १९ को विश्वव्यापी महामारीको अवस्थामा शैक्षिक क्षतिलाई न्यूनिकरण गर्न वैकल्पिक माध्यमबाट शिक्षण सिकाइ गर्न विभिन्न नीतिगत कार्यक्रहरु हुदै आएका छन । जसमध्ये सिकाइ सहजिकरण निर्देशिका, २०७७, विद्यालय शिक्षा सम्बन्धि आकस्मिक कार्ययोजना, २०७७, विद्यालय सञ्चालन कार्यढाँचा, पाठ्यवस्तु समायोजन ढाँचा, २०७७, एस.इ.इ. नतिजा प्रकाशन तथा प्रमाणिकरण कार्यविधि, २०७७ जारी भएको छ । कोभिड १९ को महामारीको अवस्थामा शिक्षण सिकाइलाइ टोल सिकाइ, भर्चुअल कक्षा तथा रेडियो मार्फत कक्षाहरु सञ्चालन गरेको थियो ।

यस पालिकामा रहेका विद्यालयका भौतिक संरचना ३० प्रतिशत भुकम्प प्रतिरोधि रहेका छन् । अहिले पनि यस पालिकामा रहेका विद्यालयका अधिकांश भवन तथा संरचना सुरक्षित, बाल अपांग मैत्री हुन सकेका छैनन् । विद्यालयमा आउन सक्ने आपतकालिन अवस्थाका न्यूनिकरणका लागि नगरपालिका स्तरमा विपद् व्यवस्थापन

तथा प्रतिकार समिति रहेको छ । सिकाइलाई थप व्यवस्थित र प्रभावकारी रूपमा कार्यान्वयनका लागि यस पालिकाका सबै विद्यालयमा इन्टरनेट र १३ विद्यालयमा प्रविधि मैत्री विद्यालयका रूपमा विकास गरिएको छ ।

**चुनौतिहरु**

महामारी र विपद्को अवस्थामा सिकाइ निरन्तरताका लागि वैकल्पिक उपाय तयारी गर्न, विपद् तथा आपतकालिन अवस्थामा शिक्षण सिकाइको साधनको व्यवस्थापन गर्न, विद्यालय क्षेत्रमा प्रभाव पार्न सक्ने सम्भावित विपद् वा संकटहरू र जोखिम पुर्वानुमान, मापन, पहिचान र प्रभावको मुल्यांकन तथा विश्लेषण गर्न, विपद् व्यवस्थापनका लागि स्थानीय तह र विद्यालय, अभिभावकको क्षमता विकास गर्न, सबै विद्यालयका भौतिक संरचनाहरू भुकम्प प्रतिरोधी, बाल, अपांगमैत्री बनाउन ।

**अवसर**

नेपालको संविधानले सबैलाई अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा र माध्यमिक तह सम्म नि:शुल्क शिक्षाको व्यवस्था र बालबालिका माथि हुने सबै किसिमका विभेद, सजाय र दुराचारलाई निषेध, अनिवार्य तथा निःशुल्क शिक्षा, शिक्षा ऐन, २०७५ तथा नियमावली, २०७७ ले छात्रवृत्ति, दिवा खाजा, सुविधा विहिनका लागि विशेष सहयोग, मातृभाषामा शिक्षा पाउने अधिकार उल्लेख गरेको छ । विद्यालय शान्ति क्षेत्र, राष्ट्रिय कार्य ढाँचा र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई शसस्त्र गतिविधि र हिंसाबाट मुक्त गर्ने, दलगत राजनितिक हस्तक्षेपबाट मुक्त राख्ने, भेदभाव दुर्व्यवहार र शोषणबाट मुक्त राख्ने नीतिगत व्यवस्था आदि अवसरहरु रहेका छन। पालिकामा विपद् न्यूनिकरण, व्यवस्थापनका लागि विपद् जोखिम न्यूनिकरण ऐन, २०७६ निर्माण भई कार्यान्वयन हुनु । नगरपालिकाका पछिल्लो समयमा सबै विद्यालय सुधार योजना निर्माणमा विपद् व्यवस्थापन समेटिनु । नगरपालिकाले सम्भावित प्रकोपहरूको स्वरूप तथा प्रकारको आधारमा विशिष्ट पूर्व-प्रकोप गतिविधिहरू सञ्चालनका लागि योजना निर्माण गर्नु । नेपाल सरकार तथा गैर सरकारी संघ, संस्थाले विभिन्न जनचेतनामुलक कार्यक्रम सञ्चालन र सहयोगका क्रियाकलाप सञ्चालन गर्नु ।

### ४.५.२ उद्देश्य

१. औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट सम्भावित विपद्को पूर्व सावधानी र तयारीको वातावरण तयार गर्नु

२. प्रकोप तथा विपद् सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्नु

३. सम्भावित विपद्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासको लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु

४. प्रकोप तथा महामारीका समयमा बालबालिकाको सिकाइमा निरन्तरता गर्नु,

### ४.५.३ रणनिती

१. सबै विद्यालय तथा शैक्षिक संस्थामा विपद् प्रतिकार्यको व्यावस्थापन कार्य ढाँचा व्यवस्थापन गर्ने

२. विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य र पुनर्स्थापना सम्बन्धि आवश्यक नीति, मार्गदर्शन तथा कार्यविधिहरू तयार गर्ने

३. सम्भावित प्रकोप तथा विपद् सम्बन्धि पूर्वसावधानी, प्रकोपबाट बच्ने उपायहरूको बारेमा जानकारी तथा सिप विकास गर्ने

४. कोभिड- १९ लगायत महामारीबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी गर्ने

५. महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने, वैकल्पिक उपायहरूको तयारी गर्ने

६. शिक्षा क्षेत्रमा प्रभाव पार्न सक्ने विपद् वा संकटहरूको पूर्वानुमान तथा त्यसको प्रभावको मूल्याङ्कन तथा विश्लेषण गर्ने

७. संकटासन्नता (Vulnerability) को मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको वृहत योजना तयार गर्ने

८. महामारी, प्रकोप तथा विभिन्न समस्या न्युनिकरणका लागि विद्यालयस्तरीय प्रतिकार्य योजना तथा स्थानीय स्तरमा शिक्षा समुह निर्माण तथा परिचालन गर्ने,

९. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने

१०. विपद् व्यवस्थापनको लागि स्थानीय तह र विद्यालयको क्षमता विकास गर्ने

११. विपद् तथा प्रकोप र शान्ति सुरक्षा र अधिकारको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायहरूबिच वडा तहसम्म समन्वय र जिम्मेवारीको संयन्त्र निर्माण गर्ने

१२. स्वास्थ्य सुविधा सहितको स्वास्थ्य शिक्षक कार्यकर्ताको व्यवस्था र संकटपुर्ण अवस्थामा बालबालिकालाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने

१३. हरित विद्यालय अभियान, जलवायु परिवर्तन, शिक्षा तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रमहरु कार्यान्वयन गर्ने

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

**मुख्य उपलब्धिः**

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | विद्यालयहरूमा विपद् जोखिम न्यूनीकरण, उत्थानशीलता तथा आपतकालिन शिक्षा व्यवस्थापन सम्बन्धी नीति, कार्यविधि र योजना निर्माण भएको | विपद् प्रतिरोधी शिक्षा सम्बन्धी नीति/कार्यविधि (१ वटा) र विद्यालय योजना (१०० विद्यालय) तयार भएको |
| २ | शिक्षक, विद्यालय व्यवस्थापन समिति तथा अभिभावकहरूमा विपद्, महामारी र संकट व्यवस्थापन सम्बन्धी क्षमता विकास भएको | तालिम प्राप्त सहभागी संख्या (५ पटक तालिम सञ्चालन, कम्तीमा २००+ सहभागी) |
| ३ | हरित, सुरक्षित तथा मनोसामाजिक रूपमा सहयोगयुक्त विद्यालय वातावरण विस्तार भएको | हरित/सुरक्षित विद्यालय कार्यक्रम लागू भएका विद्यालय संख्या (१०० विद्यालय) |

**मुख्य नतिजा**

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यालयहरू विपद् तथा महामारीको समयमा समेत शिक्षण सिकाइ निरन्तर राख्न सक्षम हुने | विपद् प्रतिरोधी विद्यालय योजना लागू भएका विद्यालय (१०० विद्यालय) मा शिक्षा निरन्तरता दर वृद्धि |
| २ | संकटपूर्ण अवस्थामा बालबालिकाको मनोसामाजिक स्वास्थ्यमा सुधार हुने | मनोसामाजिक परामर्श सेवा प्राप्त गर्ने विद्यार्थी संख्या (वार्षिक निरन्तर सेवा, १००% लक्षित विद्यालय) |
| ३ | विद्यालयमा सुरक्षित, हरित र समावेशी सिकाइ वातावरण सुदृढ हुने | हरित तथा सुरक्षित विद्यालय सूचकमा सुधार (१०–२५% सम्म सुधार अनुमानित) |

### ४.५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | उत्थानशीलताका लागि सबै प्रकोप तथा महामारी सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | √ | √ | √ | √ | √ | २००० | स्थानीय तह, विद्यालय | सचेतना प्रतिवेदन |
| २ | विपद्को समयमा शिक्षा निरन्तरता गर्न पूर्वतयारी, व्यवस्थापन, प्रतिकार्य तथा पुनर्स्थापना सम्बन्धी नीति/कार्यविधि तयार गर्ने | वटा | १ | १ | – | – | – | – | १५०० | स्थानीय तह | नीति/कार्यविधि दस्तावेज |
| ३ | शिक्षक, विव्यस, अभिभावक संघका लागि प्रकोप तथा महामारी सम्बन्धी तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | स्थानीय तह, विद्यालय | तालिम प्रतिवेदन |
| ४ | विद्यालय संकटासन्नता पहिचान तथा मूल्यांकन अभिलेखिकरण गर्ने | पटक | २ | १ | – | १ | – | – | १००० | स्थानीय तह, विद्यालय | मूल्यांकन प्रतिवेदन |
| ५ | संकटपूर्ण अवस्थामा बालबालिकालाई मनोसामाजिक परामर्श सेवा प्रदान गर्ने | सेवा | निरन्तर | √ | √ | √ | √ | √ | ३००० | संघ, प्रदेश, स्थानीय तह, विद्यालय | सेवा अभिलेख |
| ६ | हरित, सफा, शान्त र सुरक्षित विद्यालय प्रवर्द्धन गर्ने | विद्यालय | १०० | १० | २० | २० | २५ | २५ | ६००० | संघ, प्रदेश, स्थानीय तह | अनुगमन प्रतिवेदन |
| ७ | विपद् प्रतिरोधी विद्यालय योजना निर्माण गर्ने | विद्यालय | १०० | १० | २० | २० | २५ | २५ | ४००० | स्थानीय तह, विद्यालय | योजना दस्तावेज |
| ८ | अभिभावक शिक्षा तथा टोल शिक्षा कार्यक्रम सञ्चालन गर्ने | वटा | ५ | १ | १ | १ | १ | १ | २००० | स्थानीय तह, विद्यालय | कार्यक्रम प्रतिवेदन |
| | जम्मा | | | | | | | | २१००० | | |

## ४.६. विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१. वर्तमान अवस्था

यस नगरपालिका भित्र रहेका ४७ सामुदायिक विद्यालयहरु मध्ये २८ वटा प्राथमिक विद्यालय, ६ वटा आ.वि. र १३ वटा माध्यमिक विद्यालयहरु रहेका छन। यी विद्यालयहरुमा जम्मा ४९३ वटा कक्षाकोटा रहेका छन जसमा ६० प्रतिशत पक्की कक्षाकोठा र ४० प्रतिशत कच्ची कक्षाकोठा रहेका छन। उपलब्ध भएका कक्षा कोठाहरु पनि शिक्षण सिकाइका लागि पर्याप्त देखिदैन। माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा ७ पुस्तकालय, १३ प्रविधि र ५ विज्ञान प्रयोगशाला रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय प्रशासन सञ्चालनका लागि कम्तिमा एक वटा कोठा उपलब्ध रहेको अवस्था छ। विद्यार्थी संख्या धैरै भएका विद्यालयहरुमा अझै पनि शिक्षण सिकाइको लागि कक्षाकोठा अपुग रहेको छ। त्यसैगरि कच्ची भवन र कक्षा कोठाहरुलाई पुनःनिर्माण गर्नुपर्ने अवस्था रहेको छ। यस नगरपालिका भित्र सञ्चालित सामुदायिक विद्यालयहरु मध्ये ४० प्रतिशत कच्ची भवनहरु स्तरोन्नती तथा पुनःनिर्माण गर्नुपर्ने अवस्थामा रहेका छन। त्यसैगरि सबै माध्यमिक विद्यालयहरुमा छात्र छात्राहरुको लागि अलग-अलग शौचालय व्यवस्था भए पनि केहि आधारभुत तहमा व्यवस्थापन छैन।

**चुनौती**

**१.** भौतिक पुर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार विद्यालय भवन निर्माण गर्न
**२.** बालबालिका आधारमा विद्यालयमा पर्याप्त कक्षाकोठा व्यवस्थापन गर्न
**३.** विद्यालय निर्माण, मर्मतका लागि आवश्यक बजेट व्यावस्थापन गर्न
**४.** सबै विद्यालयमा प्रयोशाला, प्रविधि मैत्री कक्षा कोठा, स्मार्ट बोर्ड जस्ता कुरा व्यवस्थापन गर्न,
**५.** विद्यालयको भौतिक संरचना निर्माण, खेल मैदान निर्माणका लागि जग्गा व्यवस्थापन गर्न
**६.** सम्भावित प्रकोपका कारण क्षति भएका भौतिक संरचनाको पुनःनिर्माण गर्न
**७.** अधिकांश विद्यालयमा विद्युत, खानेपानी र इन्टरनेट व्यवस्थापन गर्न

**अवसरः**

**१.** विद्यालयहरुका भवनहरु सुरक्षित मापदण्ड पुरा गरि निर्माण हुनु।
**२.** विद्यालय भवन निर्माण तथा पुनः निर्माणका लागि संघ, प्रदेश र स्थानीय तह, संघसंस्था, निजि क्षेत्रबाट बजेट व्यवस्थापन हुनु
**३.** पछिल्लो समय बाल, छात्र, छात्रा, अपांग मैत्री भौतिक संरचना निर्माणमा प्राथमिकता हुनु।
**४.** विद्यालय भौतिक पूर्वाधार निर्माण सम्बन्धी मापदण्ड, २०८० अनुसार भौतिक संरचना निर्माण हुनु।

### ४.६.२. उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु

### ५.६.३. रणनिती

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबीच समन्वय कायम गरी एकद्वार प्रणाली अपनाउने
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित संघ, संस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.६.४. प्रमुख उपलब्धि तथा नतिजा उपलब्धि

***मुख्य उपलब्धि:***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | २५ वटा विद्यालयको सबलीकरण तथा ३० वटा विद्यालयमा संरचना मर्मत सम्भार र फर्निचर व्यवस्थापन सम्पन्न हुने | सबलीकरण तथा मर्मत सम्भार सम्पन्न विद्यालयको संख्या |
| २ | २० वटा विद्यालयमा छात्रा–छात्रका लागि अलग्गै शौचालय, खानेपानी तथा सरसफाइ सुविधा व्यवस्थापन हुने | WASH सुविधा पुगेका विद्यालयको संख्या |
| ३ | १५ वटा प्रारम्भिक बालविकास केन्द्र तथा १५ वटा विद्यालयमा अपाङ्गतामैत्री संरचना निर्माण हुने | अपाङ्गतामैत्री तथा बालमैत्री संरचना भएका विद्यालय/ECD केन्द्रको संख्या |

***मुख्य नतिजा***

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | प्रारम्भिक बालविकास शिक्षामा बालबालिकाको पहुँच तथा सहभागिता वृद्धि हुने | ECD भर्ना तथा नियमित उपस्थितिदरमा वृद्धि |
| २ | विद्यालयको सिकाइ वातावरण सुरक्षित, समावेशी तथा बालमैत्री बन्ने | न्यूनतम भौतिक पूर्वाधार मापदण्ड पूरा गरेका विद्यालयको प्रतिशत |
| ३ | विद्यालयमा सुरक्षित खानेपानी, सरसफाइ तथा अपाङ्गतामैत्री सेवा विस्तार हुने | शौचालय, खानेपानी तथा अपाङ्गतामैत्री सुविधा भएका विद्यालयको संख्या |

### ४.६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयको सबलीकरण | विद्यालय | २५ | ५ | ५ | ५ | ५ | ५ | १०००० | स्थानीय तह तथा विद्यालय | अनुगमन तथा मूल्यांकन प्रतिवेदन |
| २ | विद्यालयमा बनेका संरचनाको सम्बर्द्धन | विद्यालय | ३० | ६ | ६ | ६ | ६ | ६ | १५००० | स्थानीय तह तथा विद्यालय | मर्मत तथा खरिद |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापन | | | | | | | | | व्यवस्थापन समिति | अभिलेख |
| ३ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय | २० | ४ | ४ | ४ | ४ | ४ | १२००० | स्थानीय तह तथा विद्यालय | अनुगमन प्रतिवेदन |
| ४ | प्रारम्भिक बालविकास केन्द्रका लागि पानी तथा सरसफाइ तथा अलग्गै शौचालय निर्माण | केन्द्र | १५ | ३ | ३ | ३ | ३ | ३ | ७५०० | स्थानीय तह | निर्माण तथा सञ्चालन प्रतिवेदन |
| ५ | अपाङ्गतामैत्री संरचना निर्माण | विद्यालय | १५ | ३ | ३ | ३ | ३ | ३ | ९००० | स्थानीय तह तथा संघ/प्रदेश | प्राविधिक प्रतिवेदन |
| ६ | विद्यालय भौतिक निर्माणमा वातावरणीय तथा सामाजिक सुरक्षा सम्बन्धी रुजु सूची भर्ने | पटक | २५ | ५ | ५ | ५ | ५ | ५ | १२५० | स्थानीय तह तथा प्राविधिक शाखा | रुजुसूची तथा प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | **५४७५०** | | |

## ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१. वर्तमान अवस्था

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले सूचना तथा सञ्चार प्रविधिलाई विद्यालय शिक्षामा शैक्षिक रूपान्तरणका लागि विषय, विषयवस्तु र माध्यमका रूपमा प्रयोग गर्ने गरी पाठ्यक्रम विकास गर्ने, सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुनिश्चित गर्न पाठ्यक्रम, पाठ्यसामग्री विकास एवं तिनको विद्युतीय प्रतिको उपलब्धतालाई जोड दिने, डिजिटल साक्षरता, प्रविधिमा आधारित सिकाइ सहजीकरणका लागि अन्तरक्रियात्मक विद्युतीय सामग्री विकास गर्ने, सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ बातावरण विकासलाई प्राथमिकता दिइने व्यवस्थाको उल्लेख गरेको छ । तसर्थ सूचना तथा प्रविधिमा विद्यार्थीहरुको सहभागिता वृद्धि गर्न सबै विद्यालयहरुको ICT सम्बन्धि कार्ययोजना तर्नुमा गरि ICT लाई शैक्षिक क्रियाकलापमा जोड्नु आजको आवश्यकता रहेको छ।

सामुदायिक विद्यालयमा सूचना तथा सञ्चार प्रविधि प्रयोगको सन्दर्भलाई हेर्ने हो भने केहि विद्यालयहरुमा कम्प्युटर प्रविधि सम्बन्धी पठनपाठन हुँदै आएको पाइन्छ तर त्यो पर्याप्त देखिदैन । विद्यालय क्षेत्र विकास कार्यक्रमले सूचना तथा सञ्चार प्रविधिलाई महत्वपूर्ण कम्पोनेन्टको रूपमा लिइ विद्यार्थीहरूमा सूचना तथा सञ्चार प्रविधी सीपको विकास गराउने, कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउने, सिकाइ सामग्रीको पहुँचमा विस्तार गर्ने, र शैक्षिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रभावकारी र चुस्त बनाउनेमा जोड

दिएता पनि सामुदायिक विद्यालयमा यसको कार्यान्वयनको पाटो कमजोर देखिएको छ। सामुदायिक विद्यालय शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग तर्फ केही सकारात्मक प्रयास तापनि सन्तोष गर्ने अवस्था छैन। यस लेकवेशी नगरपालिकाको सम्पुर्ण विद्यालयहरुमा कम्प्युटर तथा इन्टरनेटको पहुँच पुर्‍याउन सकिएको छैन। ICT को प्रयोग गरि शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नका लागि पूर्वाधारको अभाव हुनु, सूचना प्रविधि सम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी हुनु, पाठ्यक्रममा कम्प्युटर शिक्षा लगायत प्रविधि सम्बन्धी विषयको व्यापकता नहुनु, सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु जस्ता समस्या र चुनौतीको कारण यस पालिका अन्तर्गतका विद्यालयहरूको शिक्षामा सूचना तथा सञ्चारको प्रयोगलाई व्यापक बनाउन सकिएको छैन।

### ४.७.२. उद्देश्यः

- शिक्षामा समतामूलक पहुँच विस्तारका साथै सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार गर्नु
- सबैमा सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षामा पहुँच विस्तार गरि कक्षाकोठामा हुने शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउनु,
- शिक्षाको समग्र व्यवस्थापनलाई सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी प्रभावकारी, पारदर्शी र समतामूलक बनाउने,

### ४.७.३. रणनीतिहरू

- सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट गरि उपयोग गर्ने
- सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्ने
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्ने सबै शिक्षकहरूको क्षमता विकास गर्ने
- सिकाइ सहजीकरण प्रक्रियालाई प्रविधिमा आधारित बनाउन अत्यावश्यक सिकाइ वातावरण विकासलाई प्राथमिकता दिने
- शैक्षिक स्रोत सामग्रीहरूमा इन्टरनेटको सुविधा मार्फत विद्यालय र विद्यार्थीहरूको पहुँच विस्तार गरिने

### ५.७.४. उपलब्धी र नतिजा

***मुख्य उपलब्धिः***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | विद्यालयहरूमा ICT तथा प्रविधिमैत्री पूर्वाधार विस्तार हुने | ICT पूर्वाधारयुक्त विद्यालयको संख्या वृद्धि हुने |
| २ | विद्यालयहरूमा इन्टरनेट तथा डिजिटल सिकाइ सामग्रीको पहुँच विस्तार हुने | इन्टरनेट जडान भएका तथा डिजिटल सामग्री प्रयोग गर्ने विद्यालयको संख्या वृद्धि हुने |
| ३ | शिक्षकहरूको प्रविधिमैत्री शिक्षण क्षमता अभिवृद्धि हुने | ICT तालिम प्राप्त शिक्षकहरूको संख्या वृद्धि हुने |

| | | |
|---|---|---|
| ४ | विद्यालयहरूमा IEMIS तथा इ–हाजिरी प्रणाली सञ्चालनमा आउने | IEMIS तथा इ–हाजिरी प्रयोग गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने |
| ५ | माध्यमिक तहमा भर्चुअल तथा डिजिटल कक्षा सञ्चालन सुदृढ हुने | भर्चुअल कक्षा सञ्चालन गर्ने विद्यालयहरूको संख्या वृद्धि हुने |

***मुख्य नतिजा***

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यालय शिक्षामा प्रविधिमैत्री तथा डिजिटल सिकाइ प्रणालीको विस्तार हुने | ICT आधारित शिक्षण सिकाइ क्रियाकलापमा वृद्धि हुने |
| २ | विद्यार्थीहरूको डिजिटल सिकाइमा पहुँच तथा सहभागिता वृद्धि हुने | डिजिटल सामग्री तथा इन्टरनेट प्रयोग गर्ने विद्यार्थीको संख्या वृद्धि हुने |
| ३ | शिक्षकहरूको सूचना प्रविधि प्रयोग क्षमता सुदृढ हुने | ICT प्रयोग गरी शिक्षण गर्ने शिक्षकहरूको प्रतिशत वृद्धि हुने |
| ४ | विद्यालय प्रशासन तथा शैक्षिक सूचना व्यवस्थापन प्रणाली प्रभावकारी हुने | IEMIS तथा इ–हाजिरी प्रणाली नियमित सञ्चालन हुने |
| ५ | प्रविधिमा आधारित समावेशी तथा गुणस्तरीय शिक्षा प्रणाली विकास हुने | प्रविधिमैत्री विद्यालयहरूको संख्या तथा सिकाइ उपलब्धिमा सुधार हुने |

### ४.७.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | विद्यालयमा ICT संरचना विस्तार | पटक | ५ | १ | १ | १ | १ | १ | १०००० | संघ, प्रदेश तथा स्थानीय तह | प्रगति प्रतिवेदन |
| २ | विद्यालयमा Internet Connectivity को व्यवस्था तथा सञ्चालन | वटा | ५० | १० | १० | १० | १० | १० | ७५०० | संघ, प्रदेश तथा स्थानीय तह | जडान तथा सञ्चालन अभिलेख |
| ३ | शिक्षकहरूको ICT तथा प्रविधिमैत्री शिक्षण क्षमता विकास तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | ५००० | प्रदेश तथा स्थानीय तह | तालिम प्रतिवेदन |
| ४ | विद्यालयमा अन्तरक्रियात्मक डिजिटल सामग्री उपलब्ध गराउने | वटा | ४० | ८ | ८ | ८ | ८ | ८ | ८००० | संघ, प्रदेश, स्थानीय तह तथा संघसंस्था | सामग्री हस्तान्तरण अभिलेख |
| ५ | IEMIS व्यवस्थापन अभिमुखीकरण तथा सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | संघ, प्रदेश, स्थानीय तह तथा विद्यालय | प्रतिवेदन तथा अभिलेख |
| ६ | सामुदायिक सिकाइ केन्द्रहरूको क्षमता विकास | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | स्थानीय तह | तालिम प्रतिवेदन |
| ७ | विद्यालयमा इ–हाजिरी व्यवस्थापन तथा सञ्चालन | वटा | १०० | २० | २० | २० | २० | २० | ६००० | स्थानीय तह | प्रणाली सञ्चालन अभिलेख |
| ८ | माध्यमिक विद्यालयका अनिवार्य विषयहरूको | विद्यालय | ४५ | ९ | ९ | ९ | ९ | ९ | ७५०० | स्थानीय तह तथा विद्यालय | कक्षा सञ्चालन |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | भर्चुअल कक्षा सञ्चालन | | | | | | | | | | प्रतिवेदन |
| ९ | प्रविधिमैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्टरनेट लगायत सामग्री व्यवस्थापन | वटा | ४० | ८ | ८ | ८ | ८ | ८ | १२००० | संघ, प्रदेश, स्थानीय तह तथा विद्यालय | उपकरण अभिलेख |
| १० | प्रविधिमैत्री सिकाइ सामग्री प्रयोग सम्बन्धी तालिम सञ्चालन | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | संघ, प्रदेश, स्थानीय तह तथा विद्यालय | तालिम प्रतिवेदन |
| ११ | सबै विद्यालयलाई IEMIS व्यवस्थापन सम्बन्धी तालिम | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | स्थानीय तह | तालिम प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | ६७००० | | |

# परिच्छेदः ५

# सुशासन तथा व्यवस्थापन

## ५.१. शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१. वर्तमान अवस्था

यस नगरपालिकामा रहेका शाखाहरु मध्ये शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम शिक्षा, युवा तथा खेलकुद शाखाले गर्दै आएको छ । यस शाखामा ३ दरबन्दी रहेकोमा हाल २ जना मात्र कार्यरत रहेको छ। शिक्षाको कार्यक्रम हेर्ने अलग्गै लेखाको कर्मचारी व्यवस्था नहुँदा शिक्षा क्षेत्रको आर्थिक श्रेस्ताको अभिलेखीकरण अपेक्षाकृत रुपमा व्यवस्थित बन्न सकेको छैन। शाखामा जनशक्ति कम हुँदा विद्यालय अनुगमन तथा सुपरीवेक्षण अपेक्षाकृत रूपमा हुन सकेको छैन। सबै विद्यालयहरुमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन्। सबै विद्यालयहरुमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक/एक जना विद्यालय सहायक (लेखा कर्मचारी), सहयोगी व्यवस्थापन गरीएको छ । प्रायजसो विद्यालयहरुमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित बसेको देखिन्छ भने शिक्षक अभिभावक संघको बैठक अपेक्षाकृत रुपमा बस्न सकेको पाइदैन। सबै विद्यालयहरुले सामाजिक परीक्षण र अन्तिम लेखा परिक्षण गर्ने गर्दछन्।

प्रत्येक वडाहरूमा वडा शिक्षा समिति गठन गरिएको छ। तर अधिकांश वडा शिक्षा समितिले प्रभावकारी ढंगले काम गरेको देखिदैन। विद्यालयमा नागरिक वडापत्र राख्ने, गुनासो सुनुवाई संयन्त्रको विकास, विविधता व्यवस्थापन, अभिभावक भेला र छलफल जस्ता पक्षमा विद्यालयहरुले उपलब्धिपुर्ण तरिकाले काम गरेको देखिदैन। यसमा योजनाका प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशिताको प्रवर्द्धन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्द्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समीक्षा गरी यस शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना, क्षमता र प्रक्रियामा देखिएका चुनौतीहरू पहिचान गरिरएको छ। पहिचान गरिएका चुनौतीहरू सामना गरी सुशासन प्रवर्द्धन गर्नका लागि आवश्यक संरचना, क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पनि गरिएको छ। विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि संघीय र प्रदेश तहमा निजामती तथा शिक्षा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्यनमा जटिलता सिर्जना भएको छ । विशेष गरी संघीय शिक्षा ऐन जारी हुन नसकेको कारणले यस पालिकाले कार्यान्वयनमा ल्याएको ऐन अनुसारका शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासो सरोकरवालाहरुबाट आइरहेका छन्।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा आएपछि त्यस ऐन बमोजिम तोकिएका २३ ओटा कार्य बाहेक अन्य कार्यका लागि जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र कर्णाली प्रदेशले प्रत्येक जिल्लामा सामाजिक विकास कार्यालयको स्थापना गरी शिक्षा प्रशासनका निकायहरु एकातिर कामविहिन भएको

पाइन्छ भने अर्को तिर तीनवटै तहका विभिन्न निकायहरुबीचको समन्वय, सहकार्य र सह-सम्बन्ध कमजोर भएको देखिन्छ ।

### ५.१.२. उद्देश्य

१. स्थानीय तहको अधिकार क्षेत्र अनुसार संस्थागत संरचना बनाउनु,
२. तीनै तहका सरकारबीचको अन्तरसम्बन्धलाई सुदृढ बनाउनु,
३. गुणस्तरको कमजोर नतिजालाई सम्बोधन गर्न जनशक्तिको व्यवस्था गर्नु,
४. जनशक्तिलाई नतिजा प्रति उत्तरदायी र जवाफदेही बनाउनु
५. कर्मचारी र संस्थाको क्षमता अभिवृद्धि गर्नु

### ५.१.३. रणनीतिहरू

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गरिने,
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गरिने,
३. कार्यरत जनशक्तिको क्षमता विकास गरिने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गरिने,
५. प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गरिने,

### ५.१.४. उपलब्धि र नतिजा

***मुख्य उपलब्धि:***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | शिक्षा क्षेत्रसँग सम्बन्धित आवश्यक ऐन, कार्यविधि तथा मापदण्ड निर्माण तथा संशोधन सम्पन्न हुने | ५ वटा कानुनी प्रबन्ध तथा मापदण्ड निर्माण/संशोधन हुने |
| २ | विद्यालय, प्रधानाध्यापक तथा शिक्षा व्यवस्थापन संरचनाको संस्थागत क्षमता अभिवृद्धि हुने | ५ पटक विद्यालय कार्यसम्पादन मूल्याङ्कन तथा २०० भन्दा बढी सरोकारवालाले क्षमता विकास तालिम प्राप्त गर्ने |
| ३ | सबै वडा शिक्षा समिति गठन, पुनर्गठन तथा सक्रिय परिचालन हुने | १००% वडा शिक्षा समिति गठन/पुनर्गठन तथा नियमित बैठक सञ्चालन हुने |

**मुख्य नतिजा**

| क्र.स. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यालय शिक्षा व्यवस्थापन प्रणाली उत्तरदायी, पारदर्शी तथा नतिजामुखी हुने | सबै विद्यालयमा कार्यसम्पादन मूल्याङ्कन तथा प्रधानाध्यापकसँग कार्यसम्पादन करार लागू हुने |
| २ | शिक्षा प्रशासन तथा विद्यालय व्यवस्थापनको संस्थागत क्षमता सुदृढ हुने | प्रधानाध्यापक, कर्मचारी, वि.व्य.स. तथा शि.अ.सं. पदाधिकारीहरूको क्षमता अभिवृद्धि हुने |
| ३ | स्थानीय तह तथा वडा तहमा शिक्षा शासन प्रणाली प्रभावकारी हुने | सबै वडा शिक्षा समिति सक्रिय भई नियमित अनुगमन तथा समन्वय गर्ने |

### ५.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास एवं संशोधन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ३००० | स्थानीय तह, शिक्षा शाखा | स्वीकृत ऐन, कार्यविधि तथा प्रतिवेदन |
| २ | विद्यालयहरूको कार्यसम्पादन मूल्याङ्कन तथा अनुगमन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | स्थानीय तह तथा शिक्षा शाखा | अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन |
| ३ | प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरी नतिजामुखी बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | स्थानीय तह तथा विद्यालय | कार्यसम्पादन करारपत्र |
| ४ | विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरूको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ४००० | स्थानीय तह तथा विद्यालय | तालिम प्रतिवेदन |
| ५ | प्रधानाध्यापक तथा कर्मचारीहरूको क्षमता विकास तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | ३५०० | स्थानीय तह तथा शिक्षा शाखा | तालिम प्रतिवेदन |
| ६ | नगरपालिकाको शिक्षा शाखामा कार्यरत कर्मचारीहरूको क्षमता विकास गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २५०० | स्थानीय तह | तालिम तथा सहभागिता अभिलेख |
| ७ | सबै वडा शिक्षा समिति गठन, पुनर्गठन, क्षमता विकास तथा परिचालन गर्ने | वडा | ५ | १ | १ | १ | १ | १ | ३००० | स्थानीय तह तथा वडा कार्यालय | गठन आदेश तथा प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | २०००० | | |

## ५.२. स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१. वर्तमान अवस्था

यस नगरपालिकाले शैक्षिक सुधारका लागि विभिन्न प्रयासहरू गरेता पनि योजना कार्यान्वयन, अनुगमन र मूल्याङ्कनको पक्ष अझै सुदृढ हुन सकेको छैन। हाल योजना कार्यान्वयनका लागि आवश्यक पर्ने नीति, कानुन र मापदण्डको पूर्ण तयारी, वित्तीय व्यवस्थापनको सुनिश्चितता र जिम्मेवारी बाँडफाँडमा केही अस्पष्टताहरू रहेका छन्। अनुगमन कार्य नियमित र वैज्ञानिक हुन नसक्दा लक्षित प्रतिफल र लगानीको प्रभावकारिता मापन गर्न कठिन भइरहेको छ, जसका लागि व्यवस्थित अनुगमन संयन्त्र र प्रमाणमा आधारित मूल्याङ्कन पद्धतिको आवश्यकता खड्किएको छ।

### ५.२.२. उद्देश्य

१. पञ्चवर्षीय शिक्षा योजनाका लक्ष्य र उद्देश्यहरू हासिल गर्न प्रभावकारी कार्यान्वयन, अनुगमन र मूल्याङ्कन संयन्त्रको विकास गर्ने।

२. शिक्षा क्षेत्रमा विनियोजित स्रोत र साधनको समुचित वितरण र नतिजामुखी परिचालन सुनिश्चित गर्ने।

३. शैक्षिक सुशासनका लागि प्रमाणमा आधारित योजना तर्जुमा र पारदर्शी लेखापरीक्षण प्रणालीलाई संस्थागत गर्ने।

### ५.२.३. रणनीतिहरू

१. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने स्थानीय कानुन, कार्यविधि र मापदण्डहरूको निर्माण गर्ने।

२. शिक्षा शाखा, वडा समिति र विद्यालयहरू बीच समन्वय र सहजीकरण संयन्त्र सुदृढ गर्ने।

३. विद्यालयको अनुगमन, निरीक्षण र सुपरीवेक्षणलाई नियमित, आवधिक र प्रविधिमैत्री बनाउने।

४. विद्यालयको सामाजिक परीक्षण र लेखापरीक्षणलाई पारदर्शी र जवाफदेही बनाउने।

५. शैक्षिक क्रियाकलापहरूको अभिलेखिकरण र प्रमाणमा आधारित मूल्याङ्कन पद्धति अवलम्बन गर्ने।

६. सरोकारवालाहरूको सहभागितामा योजनाको अर्ध-वार्षिक र वार्षिक समीक्षा गर्ने।

### ५.२.४. प्रमुख उपलब्धि तथा नतिजा

***मुख्य उपलब्धि:***

| क्र.सं. | प्रमुख उपलब्धि | उपलब्धि सूचक |
|---|---|---|
| १ | शिक्षा योजना कार्यान्वयनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड निर्माण हुने | १ सेट नीति, कानुन तथा मापदण्ड निर्माण तथा कार्यान्वयन हुने |
| २ | विद्यालय अनुगमन, समीक्षा तथा सामाजिक परीक्षण प्रणाली नियमित र प्रभावकारी हुने | ५ पटक विद्यालय अनुगमन, १० वटा आवधिक समीक्षा तथा ५ वटा सामाजिक परीक्षण सम्पन्न हुने |
| ३ | शिक्षा क्षेत्रमा प्रमाणमा आधारित अनुगमन तथा डिजिटल अभिलेखीकरण प्रणाली विकास हुने | १ डिजिटल अभिलेखीकरण प्रणाली स्थापना तथा सञ्चालन हुने |

**मुख्य नतिजा**

| क्र.सं. | प्रमुख नतिजा | नतिजा सूचक |
|---|---|---|
| १ | विद्यालय शिक्षा व्यवस्थापन प्रणाली पारदर्शी, जवाफदेही तथा नतिजामुखी हुने | सबै विद्यालयमा नियमित अनुगमन, लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ सञ्चालन हुने |
| २ | शैक्षिक योजना तथा कार्यक्रमहरूको गुणस्तर र प्रभावकारिता अभिवृद्धि हुने | वार्षिक रूपमा समीक्षा, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार हुने |

| ३ | शिक्षा क्षेत्रको योजना कार्यान्वयनमा समन्वय तथा सहभागिता सुदृढ हुने | २० वटा समन्वय बैठक सञ्चालन तथा उत्कृष्ट ५ विद्यालय प्रोत्साहित हुने |
|---|---|---|

## ५.२.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | योजना कार्यान्वयनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड निर्माण | पटक | १ | √ | – | – | – | – | ५०० | नगरपालिका | स्वीकृत नीति तथा कानुनी दस्तावेज |
| २ | योजना कार्यान्वयनको वार्षिक कार्यतालिका निर्माण तथा अभिमुखीकरण | पटक | ५ | १ | १ | १ | १ | १ | २५० | नगरपालिका | कार्यतालिका तथा प्रतिवेदन |
| ३ | विद्यालयको नियमित तथा सघन अनुगमन एवं निरीक्षण | पटक | ५ | १ | १ | १ | १ | १ | १५०० | शिक्षा शाखा | अनुगमन प्रतिवेदन |
| ४ | शैक्षिक योजना तथा कार्यक्रमहरूको आवधिक समीक्षा (अर्धवार्षिक/वार्षिक) | पटक | १० | २ | २ | २ | २ | २ | १००० | नगरपालिका | समीक्षा प्रतिवेदन |
| ५ | विद्यालयको सामाजिक परीक्षणलाई प्रभावकारी तथा नियमित बनाउने | पटक | ५ | १ | १ | १ | १ | १ | ५०० | विद्यालय/वि.व्य.स. | सामाजिक परीक्षण प्रतिवेदन |
| ६ | विद्यालयको लेखा परीक्षण तथा सार्वजनिक सुनुवाइ व्यवस्थापन | पटक | ५ | १ | १ | १ | १ | १ | ७५० | नगरपालिका तथा विद्यालय | लेखापरीक्षण तथा सार्वजनिक सुनुवाइ प्रतिवेदन |
| ७ | शैक्षिक कार्यक्रमहरूको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | नगरपालिका | अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन |
| ८ | प्रमाणमा आधारित | पटक | १ | √ | – | – | – | – | ५०० | नगरपालिका | प्रणाली |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | मूल्याङ्कनका लागि डिजिटल अभिलेखीकरण प्रणाली विकास | | | | | | | | | | सञ्चालन अभिलेख |
| ९ | योजना कार्यान्वयनका लागि सरोकारवालासँग समन्वय बैठक सञ्चालन | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | ४०० | नगरपालिका | बैठक निर्णय तथा प्रतिवेदन |
| १० | अनुगमन प्रतिवेदनका आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन | संख्या | ५ | १ | १ | १ | १ | १ | ५०० | नगरपालिका | प्रोत्साहन अभिलेख |
| | **जम्मा** | | | | | | | | **६९००** | | |

# परिच्छेदः ६

# लगानी र स्रोत व्यवस्थापन

## ६.१. वर्तमान अवस्था

यस नगरपालिकाको शिक्षा क्षेत्रको लगानी मुख्यतया सङ्घीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानमा निर्भर रहेको छ, जहाँ समानीकरण, विशेष र समपूरक अनुदान मार्फत पनि केही स्रोत प्राप्त हुने गरेको छ। नगरपालिकाले आफ्नै आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट प्राप्त हुने बजेट शिक्षामा विनियोजन गरे तापनि विद्यालय शिक्षाको पहुँच, सहभागिता र गुणस्तर सुनिश्चित गर्न आवश्यक पर्ने कुल वित्तीय आवश्यकता र उपलब्ध स्रोत बीच ठूलो खाडल देखिन्छ । लगानीको ठूलो हिस्सा शिक्षकको तलब र प्रशासनिक खर्चमा खर्च हुने हुनाले गुणस्तर सुधारका कार्यक्रम र भौतिक पूर्वाधारका लागि निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारी र आन्तरिक ऋण जस्ता वैकल्पिक स्रोतहरूको पहिचान र परिचालन अझै प्रभावकारी हुन सकेको छैन।

## ६.२. उद्देश्य

१. शिक्षा क्षेत्रमा आवश्यक वित्तीय स्रोतको वस्तुनिष्ठ प्रक्षेपण गरी अभावलाई न्यूनीकरण गर्ने।

२. योजनामा समावेश कार्यक्रमहरूको कार्यान्वयनका लागि सङ्घ, प्रदेश, स्थानीय तह र विकास साझेदारहरूको स्रोत पहिचान र परिचालन गर्ने ।

३. उपलब्ध स्रोतको प्राथमिकताका आधारमा विनियोजन गरी वित्तीय कार्यकुशलता, पारदर्शिता र उत्तरदायित्व सबल बनाउने ।

## ६.३. रणनीतिहरू

१. संघीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो आन्तरिक स्रोतबाट शिक्षामा हुने लगानी वृद्धि गर्ने ।

२. शिक्षामा निजी क्षेत्र, समुदाय र गैरसरकारी संस्थाहरूको लगानीलाई प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।

३. लागत साझेदारी (Cost Sharing) मा आधारित कार्यक्रमहरू सञ्चालन गरी स्रोतको दायरा फराकिलो बनाउने ।

४. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याई खर्च गर्ने प्रक्रियालाई पारदर्शी र नतिजामुखी बनाउने ।

५. विद्यालयहरूको आम्दानीका स्रोतहरू (जस्तैः चन्दा, अक्षयकोष, आन्तरिक आय) लाई व्यवस्थित र परिचालन गर्ने ।

६. ठूला पूर्वाधार र गुणस्तर सुधारका लागि सङ्घ र प्रदेशको समपूरक र विशेष अनुदान प्राप्त गर्ने प्रयास गर्ने ।

## ६.४. प्रमुख उपलब्धि तथा नतिजा

### प्रमुख उपलब्धि

शैक्षिक पहुँच, समता र गुणस्तर विकासका लागि आवश्यक वित्तीय स्रोतको सुनिश्चितता हुनेछ र विनियोजित बजेटको उच्चतम सदुपयोग भई शैक्षिक सूचकहरूमा सकारात्मक परिवर्तन आउनेछ ।

### प्रमुख नतिजा

- नगरपालिकाको वार्षिक कुल बजेटको कम्तिमा १५-२० प्रतिशत हिस्सा शिक्षा क्षेत्रमा विनियोजन गर्ने सुनिश्चितता गर्ने ।
- ५ वर्ष भित्र शिक्षामा गैरसरकारी र निजी क्षेत्रको लगानीमा २५ प्रतिशतले वृद्धि गर्ने ।

## ६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | एकाइ | जम्मा लक्ष्य (परिमाण) | भौतिक लक्ष्य (५ वर्ष) | | | | | बजेट (रु. हजार) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १ | २ | ३ | ४ | ५ | | | |
| १ | शिक्षा क्षेत्रमा लगानी तथा स्रोत प्रक्षेपण सम्बन्धी अध्ययन गर्ने | पटक | १ | १ | – | – | – | – | ३०० | नगरपालिका | अध्ययन प्रतिवेदन तथा वित्तीय योजना |
| २ | सङ्घ तथा प्रदेश सरकारबाट समपूरक र विशेष अनुदानका लागि प्रस्ताव पेश गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | २०० | नगरपालिका | प्रस्ताव तथा स्वीकृति अभिलेख |
| ३ | निजी तथा गैर–सरकारी क्षेत्रसँग साझेदारी (PPP) कार्यक्रम सञ्चालन गर्ने | संख्या | ५ | १ | १ | १ | १ | १ | १५०० | नगरपालिका तथा साझेदार संस्था | सम्झौता तथा प्रतिवेदन |
| ४ | विद्यालयहरूमा अक्षयकोष स्थापना तथा परिचालन प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ५३ | १० | १० | ११ | ११ | ११ | ५३०० | विद्यालय तथा पालिका | अक्षयकोष स्थापना अभिलेख |
| ५ | वित्तीय सुशासन, पारदर्शिता तथा लेखापरीक्षण सुदृढीकरण तालिम सञ्चालन गर्ने | पटक | ५ | १ | १ | १ | १ | १ | १००० | नगरपालिका | तालिम तथा लेखापरीक्षण प्रतिवेदन |
| ६ | शिक्षा विकास कोष स्थापना तथा सञ्चालन कार्यविधि निर्माण गर्ने | पटक | १ | १ | – | – | – | – | ३०० | नगरपालिका | स्वीकृत कार्यविधि तथा निर्णय |
| ७ | शैक्षिक मेला तथा शिक्षामा केन्द्रित लगानी सम्मेलन सञ्चालन गर्ने | पटक | १ | – | – | १ | – | – | १००० | नगरपालिका | कार्यक्रम प्रतिवेदन |
| | **जम्मा** | | | | | | | | ९६०० | | |

**विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट**

| क्र.सं. | अनुदान प्राप्त हुने क्रियाकलाप | आर्थिक वर्ष | | | | | पाँच वर्षको जम्मा (रु. हजार) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | | |
| १ | सङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | ३४१२५ | ३८१०० | ४२२५० | ४७१२५ | ५६५२९।५ | २१८१२९।५ | |
| २ | प्रदेश सरकारबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | १३६५० | १५२४० | १६९०० | १८८५० | २२६११।८ | ८७२५१।८ | |
| ३ | स्थानीय तहबाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | ६८२५ | ७६२० | ८४५० | ९४२५ | ११३०५।९ | ४३६२५।९ | |
| ४ | अन्य संघ संस्थाहरुवाट शिक्षा क्षेत्र अन्तर्गतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट | १३६५० | १५२४० | १६९०० | १८८५० | २२६११।८ | ८७२५१।८ | |
| | **जम्मा** | ६८२५० | ७६२०० | ८४५०० | ९४२५० | ११३०५९ | ४३६,२५९ | |

## ६.७. योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

लेकवेशी नगरपालिकाको यस पाँच वर्षीय शिक्षा क्षेत्र योजनामा उल्लेखित शिक्षाका मुख्य उप-क्षेत्र, अन्तरसम्बन्धित विषय तथा क्षेत्र, सुशासन तथा व्यवस्थापन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धित तर्जुमा गरिएका प्रमुख क्रियाकलापहरू र लक्ष्यहरूलाई आधार मानी वार्षिक रूपमा बजेट तर्जुमा गरिनेछ। यस प्रक्रियाका मुख्य चरणहरू निम्न बमोजिम रहनेछन्:

- **एकाइ लागत निर्धारण:** योजनामा प्रस्तावित भौतिक लक्ष्यहरू प्राप्त गर्न र कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी प्रत्येक क्रियाकलापको एकाइ लागत निर्धारण गरिनेछ।
- **बजेट निर्धारण विधि:** निर्धारित एकाइ लागतले लक्षित परिमाणलाई गुणन गरी वार्षिक बजेटको आधार तय गरिनेछ।
- **स्रोतको अनुमान:** नगरपालिकाले आवश्यक बजेटका लागि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहको आफ्नै आन्तरिक स्रोतबाट प्राप्त हुने प्रस्तावित बजेटको अनुमान गर्नेछ।
- **साझेदारी र समन्वय:** विभिन्न सरकारी तथा गैर-सरकारी सङ्घसंस्थाहरू मार्फत कार्यान्वयन हुने क्रियाकलापहरूको समेत हिसाब गरी कूल बजेट अनुमान गरिनेछ।
- **बजेट अभाव र विकल्पको खोजी:** पाँच वर्षका लागि आवश्यक पर्ने बजेट व्यहोर्ने स्रोतको हिसाब गर्दा नपुग हुने बजेट (Budget Gap) स्पष्ट रूपमा उल्लेख गरिनेछ। सो न्यूनता पूर्ति गर्नका लागि सम्भावित स्रोतका विकल्पहरूको समेत प्रस्ताव गरिनेछ।

यस पाँच वर्षीय शिक्षा क्षेत्र योजनामा उल्लेखित प्रमुख क्रियाकलापहरू र लक्ष्यहरूको आधारमा अनुमानित वार्षिक उपक्षेत्रगत बजेट सारांशको विस्तृत विवरण तलको तालिकामा समावेश गरिएको छ।

## उपक्षेत्रगत बजेट अनुमान तालिका

| क्र.स | उपक्षेत्र / विषय | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ | २०८७/०८८ | पाँच वर्षको जम्मा (रु हजार) |
|---|---|---|---|---|---|---|---|
| **१** | **शिक्षाका मुख्यउप-क्षेत्र** | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षा | ३५०० | ३९०० | ४२०० | ४५०० | ४८७० | २०,९७० |
| १.२ | आधारभूत शिक्षा | ८५०० | ९२०० | १०००० | ११९०० | ११८७० | ५०,६७० |
| १.३ | माध्यमिक शिक्षा | ५५०० | ६००० | ७००० | ८००० | १०१७९ | ३६,६७९ |
| १.४ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १८०० | २२०० | २५०० | ३००० | ३५०० | १३,००० |
| १.५ | अनौपचारिक शिक्षा आजीवन सिकाइ | १५०० | १८०० | २१०० | २४०० | ३२०० | ११,००० |
| २ | **अन्तरसम्बन्धित विषय तथा क्षेत्र** | | | | | | |
| २.१ | पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन | १८०० | २००० | २२०० | २४०० | २७०० | ११,१०० |
| २.२ | शिक्षक व्यवस्थापन र विकास | ९५०० | १०५०० | ११५०० | १२५०० | १३९७० | ५७,९७० |
| २.३ | शैक्षिक समता र समावेशीकरण | ११०० | १२०० | १३०० | १४०० | १७०० | ६,७०० |
| २.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ७५०० | ८५०० | ९५०० | ११००० | १३५०० | ५०,००० |
| २.५ | विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता | ३५०० | ३८०० | ४१०० | ४४०० | ५२०० | २१,००० |
| २.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ८५०० | ९५०० | १०५०० | ११५०० | १४५७० | ५४,५७० |
| २.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | १०००० | ११००० | १२००० | १३५०० | १८५०० | ६५,००० |
| ३ | **सुशासन तथा व्यवस्थापन** | | | | | | |
| ३.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ३००० | ३५०० | ४००० | ४५०० | ५००० | २०,००० |
| ३.२ | स्थानीय शिक्षा योजना कार्यान्वियनको प्रबन्ध | ९०० | ११०० | १३०० | १५०० | १६०० | ६,४०० |
| ४ | अनुगमन तथा मूल्याङ्कन | ५०० | ६०० | ६५० | ७०० | ७५० | ३,२०० |
| ५ | लगानी र स्रोत व्यवस्थापन | २५० | ३०० | ३५० | ३५० | ३५० | १,६०० |
| ६ | स्थानीय शिक्षा योजना कार्यान्वियनको प्रबन्ध | ९०० | ११०० | १३०० | १५०० | १६०० | ६,४०० |
| | जम्मा | ६८२५० | ७६२०० | ८४५०० | ९४२५० | ११३०५९ | ४३६,२५९ |

# परिच्छेद: ७

# अनुगमन तथा मूल्यांकन

## ७.१. वर्तमान अवस्था

यस नगरपालिकामा शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनका लागि नियमित अनुगमन संयन्त्रको अझै सुदृढीकरण गर्नुपर्ने अवस्था छ । हाल विद्यालयहरूको भौतिक पूर्वाधार र शिक्षक उपस्थितिको सामान्य निरीक्षण हुने गरे तापनि सिकाइ उपलब्धि र कक्षाकोठाको शिक्षण प्रक्रियामा आधारित नतिजामूलक अनुगमन प्रणाली र एकीकृत प्रतिवेदन प्रणालीलाई व्यवस्थित गर्न बाँकी छ । ऐन, नियम अनुसार कार्य भए नभएको लेखाजोखा गर्ने, लक्ष्य तथा उद्देश्यका आधारमा प्रगति मापन गर्ने र क्षेत्रगत उद्देश्य तथा लक्ष्यमा भएको रणनीति तथा नीतिगत प्रवाहको मुल्याङ्कन गर्ने कार्यहरु नियमित रूपमा भैरहेका छन् । सबै तहको सेवा व्यवस्थापन तथा सेवा प्रवाहका लागि वित्तीय व्यवस्थापकीय र प्राविधिक पक्षको अनुगमन लेखाजोखा तथा मुल्याङ्कन गरिनेछ । यस लेकवेशी नगरपालिकाको पालिका शिक्षा योजना सरोकारवालाहरुलाई जानकारी गराइ सो कार्यान्वयन भए नभएको सम्बन्धित निकायबाट अनुगमन गरिनेछ । अनुगमन प्रकृया तपशिल बमोजिम हुनेछ ।

| क्र.सं. | अनुगमन गर्ने निकाय | अनुगमन प्रकृया | जिम्मेवारी | अनुगमन समय | अनुगमन सूचक |
|---|---|---|---|---|---|
| १ | वडा शिक्षा समिति | अलवोकन, निरक्षण, सुपरिवेक्षण, प्रतिवेदन | संयोजक तथा सदस्य | मासिक | आगन्तुक पुस्तिका, विद्यालय अनुगमन फाराम, कक्षाकोठा अनुगमन फाराम, प्रतिवेदन |
| २ | पालिका शिक्षा समिति | | संयोजक तथा सदस्य | मासिक | |
| ३ | वडा कार्यालय | | अध्यक्ष तथा पदाधिकारी | मासिक | |
| ४ | पालिका | | अध्यक्ष, पदाधिकारी र तोकिएका अधिकारी | त्रैमासिक | |
| ५ | शिक्षा विकास तथा समन्वय एकाइ | | ईकाइ प्रमुख | | |
| ६ | जिल्ला समन्वय समिति | | प्रमुख तथा पदाधिकारी | वार्षिक | |
| ७ | शिक्षा अधिकृत वा तोकिएको अधिकारी(स्रोत शिक्षक अथवा विज्ञ शिक्षा समूह) | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ८ | पालिका शिक्षा युवा तथा खेलकुद शाखा | | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | मासिक | |
| ९ | शिक्षा तथा मानव श्रोत विकास केन्द्र | | तोकिएको अधिकारी | वार्षिक | |
| १० | प्रदेश शिक्षा विकास निर्देशनालय | | | वार्षिक | |
| ११ | पालिका स्तरका विज्ञ समूह | | शाखा प्रमुख | मासिक | |
| १२ | वि व्य स र शिक्षक अभिभावक संघ | | पदाधिकारी | निरन्तर | |
| १३ | नागरिक समाज तथा गैर सरकारी संघसंस्था | | | मासिक | |

पालिका शिक्षा योजनाको प्रचार प्रसार गर्न सरोकारवालाहरुलाई भेला गराई, सुचना तथा प्रविधिको अन्य माध्यमबाट जानकारी गराइनेछ । योजनाको कार्यन्वयनको क्रममा आवश्यक सहयोग तथा सहकार्यको लागि नगरपालिका तथा सम्बन्धित वडाहरुले यस योजनासँग सम्बन्धित तह तथा निकायहरुसँग आवश्यक प्रत्यक्ष

भेटघाट वा पत्राचार गर्नेछ । योजनाको कार्यान्वयनको क्रममा नगरपालिका वडाहरु, सम्बन्धित समिति तथा उपसमितिहरुको बैठक कार्यतालिका वा आवश्यकता अनुसार बस्नेछ ।

## ७.२. उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकीकृत प्रणालीको विकास गरी शैक्षिक लगानीलाई पारदर्शी र नतिजामुखी बनाउनु ।

२. विद्यार्थीको सिकाइ उपलब्धि र विद्यालयको कार्यसम्पादनमा आधारित नियमित अनुगमन तथा सुपरिवेक्षण प्रणाली स्थापित गर्नु ।

३. योजना कार्यान्वयनका क्रममा देखिएका चुनौतीहरूलाई समयमै पहिचान र सम्बोधन गरी अपेक्षित लक्ष्य हासिल गर्नु ।

## ७.३. रणनीतिहरू

१. एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) सञ्चालनमा ल्याई तथ्याङ्कमा आधारित प्रतिवेदन प्रणाली सुदृढ गर्ने ।

२. विद्यालय र शिक्षकलाई पेसागत सहयोग पुऱ्याउन सुपरिवेक्षण संयन्त्रलाई क्रियाशील बनाउने ।

३. कक्षाकोठाको वास्तविक शिक्षण-सिकाइमा आधारित कार्यस्थल अनुगमन र मूल्याङ्कनलाई प्राथमिकता दिने।

४. अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयनको अवस्थाबारे आवधिक प्रतिवेदन तयार गरी सार्वजनिक गर्ने ।

५. योजनाको मध्यावधिक र अन्तिम मूल्याङ्कन गरी आगामी दिशा तय गर्ने प्रणाली विकास गर्ने ।

६. नतिजामा आधारित अनुगमन प्रणालीका लागि स्पष्ट सूचकहरू विकास र प्रयोग गर्ने ।

## ७.४. प्रमुख उपलब्धि तथा नतिजा

१. नगरपालिकाको शिक्षा क्षेत्रमा लगानी र प्रतिफलको लेखाजोखा गर्न समन्वयात्मक र संस्थागत संरचना विकास भएको हुनेछ ।

२. नतिजामा आधारित अनुगमन प्रणाली मार्फत विद्यालयको शैक्षिक र प्रशासनिक प्रभावकारितामा वृद्धि भएको हुनेछ ।

## ७.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. सं. | नतिजा अनुसार प्रमुख कार्यक्रम | ५ वर्षको लक्ष्य (एकाई) | ५ वर्षको लक्ष्य (परिमाण) | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | बजेट (रु. हजारमा) | कार्यान्वयन गर्ने | पुष्ट्याईं |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र/समिति निर्माण | पटक | १ | १ | - | - | - | - | ५० | शिक्षा शाखा | संस्थागत संरचनाका लागि |
| २ | नतिजा सूचकहरू तयार तथा | सेट | १ | १ | १ | १ | १ | १ | १०० | शिक्षा शाखा | प्रभावकारी मापनका लागि |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | अद्यावधिक | | | | | | | | | | |
| ३ | चौमासिक तथा वार्षिक समीक्षा र प्रतिवेदन | पटक | २० | ४ | ४ | ४ | ४ | ४ | ५०० | नगरपालिका | प्रगतिको जानकारीका लागि |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | प्रति | ५ | १ | १ | १ | १ | १ | २५० | शिक्षा शाखा | कार्यान्वयनमा एकरूपता ल्याउन |
| ५ | अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन प्रतिवेदन | प्रति | ५ | १ | १ | १ | १ | १ | १५० | शिक्षा शाखा | कानुनी कार्यान्वयन सुनिश्चित गर्न |
| ६ | शिक्षक पेसागत सहयोग र सुपरिवेक्षण | पटक | ५० | १० | १० | १० | १० | १० | ७५० | स्रोत केन्द्र/शाखा | गुणस्तर अभिवृद्धिका लागि |
| ७ | विद्यार्थी उपलब्धि र कार्यसम्पादन परीक्षण | विद्यालय | सबै | २०% | २०% | २०% | २०% | २०% | १,००० | विज्ञ समूह | सिकाइ स्तर सुधार गर्न |
| ८ | योजनाको मध्यावधिक तथा अन्तिम मूल्याङ्कन | पटक | २ | - | - | १ | - | १ | ४०० | स्वतन्त्र मूल्याङ्कनकर्ता | प्रभावकारिता जाँच गर्न |
| | जम्मा | | | | | | | | ३२०० | | |